# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

आइतबार, पुस १६, २०७४ | Sunday, December 31, 2017 | www.newsofnepal.com | नेसं ११३८ पोहेलाथ्व १३ | वर्ष २३, अंक ३४६ | पृष्ठ १२ | मूल्य रू. १०/–













# दुई पैसामा कुरो मिलेन

## कर्णालीमा पाठ्यपुस्तक अभाव हुने

**ईश्वरराज ढकाल, काठमाडौं**

यो वर्ष कर्णालीमा पाठ्यपुस्तक अभाव हुने देखिएको छ। शैक्षिक सत्र शुरू हुनु दुई महिना अघिसम्म सरकारी सुस्तताका कारण पाठ्यपुस्तक अभाव हुने देखिएको हो।

पाठ्यक्रम विकास केन्द्रले निजी पुस्तक प्रकाशक र विक्रेताको सूची हालसम्म सार्वजनिक गर्न सकेको छैन। यो वर्षदेखि कक्षा ३ देखि ५ सम्म रंगीन पाठ्यपुस्तक छपाइ गर्नुपर्ने हुन्छ। गत वर्ष १ र २ कक्षाका लागि मात्रै रंगीन पाठ्यपुस्तक छपाइ भएको थियो। यो वर्षदेखि कक्षा ५ कक्षासम्मकै पाठ्यपुस्तक छपाइ गर्नुपर्ने भएपछि समस्या देखिएको हो।

शिक्षा विभागका महानिर्देशक बाबुराम पौडेलले पाठ्यपुस्तक छपाइ अभाव हुन नदिन विभागले सबै सरोकारवालासँग छलफल गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'कुराकानी गरेका छौं, सबैले अभाव हुन नदिने प्रतिबद्धता जनाएका छन्।' तर निजी प्रकाशकले भने हालसम्म प्रकाशक र विक्रेताको सूची सार्वजनिक गरी धरौटीसमेत राख्ने काम शुरू नभएका कारण पुस्तक छपाइ गर्न समस्या पर्ने बताएका छन्।

निजी प्रकाशकका प्रतिनिधि दीपक भण्डारीले हालसम्म कम्प्युटर रेडी कपी (सीआरसी) र प्रेसहरूको सूची नपाएको बताउनुभयो। सरकारलाई पटकपटक दबाब दिँदासमेत समस्या समाधान हुन नसकेको उहाँले भन्नुभयो- 'पुस २ गते विभागका महानिर्देशकले बैठक बोलाउनुभयो, त्यसको ३/४ दिनभित्रै टुंगो लगाउँछु भन्नुभएको थियो। हालसम्म कुनै प्रगति भएको छैन।' निजी प्रकाशकले कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाइ गर्ने जिम्मा पाएको छ। जनक शिक्षाले भने कक्षा १ देखि १० सम्मकै जिम्मा पाएको छ। फागुन १ गतेदेखि मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला र कालिकोटमा नयाँ शैक्षिक सत्र शुरू हुन्छ।

'माघ १० गते पुस्तक विक्रेताहरू किताब लिन आउने गर्दछन्, उनीहरूलाई के भनेर बुझाउने? सरकारकै बेवास्ताका कारण चरम समस्या पर्ने देखिएको छ।' -भण्डारीले भन्नुभयो। रंगीन किताब छपाइ गर्ने समय शुरू गर्न ढिलो भइसकेको तर्क राख्दै उहाँले भन्नुभयो- 'सरकारी ढिलासुस्तीले गर्दा समस्या पर्ने देखिएको छ।'

विकास केन्द्रले करिब दुई दर्जन प्रेसलाई रंगीन पुस्तक छपाइको जिम्मेवारी दिने तयारी गरे पनि हालसम्म कुनै सुरसार गरेको छैन। केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्रीले सूचीकृत गरेर नामावली निकाल्ने क्रममा रहेको बताउनुभयो। 'हामीले सीआरसी तयार गरिसकेका छौं, सूचीकृत हुनासाथ काम थाल्नेछौं।' -उहाँको भनाइ थियो। केन्द्रले गत वर्ष १९ वटा प्रेसलाई छपाइ र वितरणको जिम्मा दिएको थियो।

'मोडालिटीका कारण थोरै समस्या देखिएको छ, समाधान गर्ने क्रममा छौं।' -कार्यकारी निर्देशक काप्रीले भन्नुभयो। उहाँले पुस १५ देखि प्रक्रिया अघि बढाउने भने पनि हालसम्म कुनै तयारी गरेको छैन। निजी र सरकारबीच मूल्यको विषयमा समेत समस्या देखिएको छ। सरकारले रंगीन पुस्तकको प्रतिपेज ५० पैसामा उपलब्ध गराउने भनेको छ तर निजीले ५२ पैसा पाउनुपर्ने अडान राख्दै आएको छ। पुस्तकको मूल्य समायोजन नगरे निजीले पाठ्यपुस्तक छपाइ नगर्ने समेत चेतावनी दिएको छ। प्रतिपेज ५० पैसा उपलब्ध गराउने भनेपछि बैठकको माइन्युटमा निजीले हस्ताक्षरसमेत गरेको छैन।

> जनक शिक्षा सामग्रीका महाप्रबन्धक महेश तिमल्सिनाले कक्षा ६-१० को पाठ्यपुस्तक छपाइ गरी नेपालगन्ज क्षेत्रीय कार्यालयमा पठाइसकेको तथा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाइ नथालेको बताउनुभयो।

जनक शिक्षा सामग्रीका महाप्रबन्धक महेश तिमल्सिनाले कक्षा ६-१० को पाठ्यपुस्तक छपाइ गरी नेपालगन्ज क्षेत्रीय कार्यालयमा पठाइसकेको तथा १ देखि ५ सम्मको पाठ्यपुस्तक छपाइ नथालेको बताउनुभयो। उहाँले निजीले छपाइ गर्ने भएकाले १-५ कक्षाको पाठ्यपुस्तक नछापेको तर्क राख्दै निजीको जिम्मामा रहेको पाठ्यपुस्तक छपाइ गर्नु जरुरी नदेखेको तर्क राख्नुभयो। सबै कक्षाको पाठ्यपुस्तक छपाइ र विक्री गर्ने जिम्मा पाएको जनकले कक्षा १-५ को पाठ्यपुस्तक छपाइ गर्न समस्या पर्ने भएपछि पछि हटेको छ। कक्षा १-५ को पुस्तक छपाइ गर्नु पर्दैन त भन्ने प्रश्नमा महाप्रबन्धक तिमल्सिनाले भन्नुभयो- 'निजीले छपाइ गर्न नभ्याए सोच्नुपर्ने हुन्छ।'

रंगीन पुस्तक छपाइ गर्नुपर्ने भएपछि जनक शिक्षा पछि हटेको छ। पाठ्यक्रम

निजीका प्रतिनिधि भण्डारीले भन्नुभयो- 'हामीले ५२ पैसाको अडान राखेका छौं नभए काम गर्न समस्या हुनेछ।'

(क्रमशः पृष्ठ ९ मा)

# प्रदेश राजधानीको चर्चासँगै जग्गाको मूल्य उच्च

**प्रशान्त वली, काठमाडौं**

प्रदेश राजधानीको चर्चासँगै जग्गाको मूल्य अत्यधिक बढ्न थालेको पाइएको छ।

सरकारद्वारा गठित उच्चस्तरीय समितिले प्रदेश १ को सुनसरी, प्रदेश २ को जनकपुर, प्रदेश ३ को काठमाडौं, प्रदेश ४ को पोखरा, प्रदेश ५ को दाङ, प्रदेश ६ को सुर्खेत, प्रदेश ७ को धनगढीलाई सम्भावित राजधानी प्रस्ताव गरेको छ।

मुस्किलले २ देखि ३ लाख रुपियाँ कट्ठा पर्ने जग्गा अहिले १५ देखि २० लाख रुपियाँमा कारोबार भइरहेको दाङ घोराही उपमहानगरपालिका-७ का राकेश बस्नेतले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। यस्तै ३ लाख रुपियाँ मिटर पर्ने जग्गा अहिले प्रतिमिटर ५ देखि ६ लाख रुपियाँमा कारोबार भइरहेको सुर्खेतका व्यवसायी रामचन्द्र शाहीले बताउनुभयो। जनकपुर-२३ का अहमद हुस्सेनले ३० देखि ३५ लाख प्रति कट्ठा पर्ने जग्गा राजधानीको चर्चा भएसँगै बढेर ४० लाख रुपियाँ पुगेको जानकारी दिनुभयो।

सुनसरीमा केहीअघि ७० लाख रुपियाँसम्म पर्ने एउटा घडेरीको मूल्य अहिले ८० लाखदेखि १ करोड रुपियाँसम्म पुगेको स्थानीय भोजराज निरौलाले बताउनुभयो। धनगढीमा पनि जग्गाको कारोबारमा विगतको भन्दा वृद्धि भएको छ। काठमाडौं केन्द्रीय राजधानी भएकाले पनि जग्गा कारोबारमा खासै प्रभाव परेको छैन।

पोखरामा भने जग्गाको भाउ अहिलेसम्म यथास्थितिमै छ। पोखरा महानगरपालिकाले त्यस क्षेत्रमा जग्गा खण्डीकरण गर्न रोक लगाएकाले जग्गाको कारोबार नभएको हो।

**जमिन खण्डीकरण पनि बढ्यो**

प्रदेश राजधानीको चर्चासँगै खेतीयोग्य जमिन खण्डीकरण हुने क्रम तीव्ररूपमा बढ्न थालेको छ। विकास विस्तारका नाममा जग्गाधनीहरूले खेतीयोग्य जमिनमा सडक सञ्जाल बढाउन थालेपछि जमिन टुक्राटुक्रा हुन थालेको हो। देशभर करिब १ लाख हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन प्लटिङ गरी घडेरीका रूपमा परिणत गरिएको कृषि विकास मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाले जानकारी दिनुभयो।

सरकार गम्भीर नबन्दा र अहिलेसम्म भू-उपयोग ऐन नआउँदा खेतीयोग्य जमिन विस्तारै मासिँदै गएको सरोकारवाला बताउँछन्। खेतीयोग्य जमिनलाई घडेरीका रूपमा प्लटिङ गरी किनबेच गरिँदा कृषि उत्पादनमा समेत कमी आउन थालेको उपभोक्ता अधिकारीकर्मी दर्शन आचार्यले बताउनुभयो।

भएका जग्गालाई उत्पादनशील बनाउने नीति भए पनि सो नीतिले मात्रै नपुगेकाले भू-उपयोग ऐन बन्ने क्रम अन्तिम चरणमा पुगेको जानकारी दिँदै सह-प्रवक्ता सापकोटाले थप्नुभयो- 'ऐनले प्लटिङ रोक्ने काम गर्छ। कृषियोग्य जमिन गैरकृषि प्रयोजनका रूपमा प्रयोग गर्न पाइँदैन। सो ऐन आएपछि समस्या समाधान हुन सक्छ।'

कृषि प्रधान देश भनिए पनि खेतीयोग्य जमिन प्लटिङ हुँदै जाँदा उत्पादनमा ह्रास आउन थालेको हो। १ लाख ४७ हजार १ सय ८१ वर्ग किलोमिटर क्षेत्रफल रहेको नेपालको कुल खेतीयोग्य जमिन ४० लाख हेक्टर क्षेत्रफल मात्र रहेको कृषि विकास मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

(क्रमशः पृष्ठ ९ मा)

# ४ सय १५ मिटर सुरुङ खन्न बाँकी

## मेलम्चीको पानी छिट्टै

**नेपाल समाचारपत्र**

काठमाडौं

काठमाडौंमा मेलम्चीको पानी ल्याउन अब ४ सय १५ मिटर सुरुङ खन्न बाँकी रहेको मेलम्ची खानेपानी आयोजनाले जनाएको छ।

निर्माण कम्पनीले शुक्रबार अबेरसम्म काम गरेर सुरुङको अम्बाथान-ग्याल्थुम ८ किमि खण्डको काम सम्पन्न गरेपछि अब सुरुङ खन्न ४ सय १५ मिटर बाँकी रहेको हो।

सो खण्डको सुरुङ खन्ने काम सम्पन्न भएपछि शनिबार बिहानै खानेपानी तथा सरसफाइ राज्यमन्त्री अब्दुल रज्जाक गद्दी, सचिव गजेन्द्र ठाकुर, आयोजनाका कार्यकारी निर्देशक रामचन्द्र देवकोटा र एडीबीकी प्रोग्राम म्यानेजर लक्ष्मी शर्मा अवलोकन गर्न पुग्नुभएको थियो।

आयोजनाका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्र पन्तले शुक्रबार राति अम्बाथान-ग्याल्थुम खण्डको ८ किमि सुरुङ सम्पन्न भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'शुक्रबार राति अबेरसम्म काम गरेर निर्माण कम्पनीले अम्बाथान-ग्याल्थुम सुरुङ खण्डको काम सम्पन्न गरेको छ। त्योलगतै त्यहाँ फिनिसिङको काम भइरहेको छ।'

उहाँका अनुसार अब सुरुङ खन्न बाँकी रहेको ग्याल्थुम-सिन्धु साढे ७ किमिअन्तर्गतको काम भइरहेको छ। त्यस खण्डमा सुरुङ सम्पन्न हुन ४ सय १५ मिटर मात्रै खन्न बाँकी रहेको उहाँको दाबी छ।

(क्रमशः पृष्ठ ९ मा)

# यस्ता पो ट्याक्सी चालक

**मधुसूदन रायमाझी, काठमाडौं**




त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक उडानका लागि यात्रु हतार-हतारमा जाने र आउने गर्छन्। हतारमा ट्याक्सी चढ्दा ट्याक्सी नम्बरको खासै वास्ता गर्दैनन्। नम्बर थाहा नहुँदा ट्याक्सीमा सामान छुटे पनि पाउने सम्भावना कमै हुन्छ।

तर बा१ज ५१३ नम्बर ट्याक्सीका चालक सुरेन्द्रप्रसाद नेपालले आफूले भेटाएको २ लाख २५ हजार रुपियाँ सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नुभएको छ। डोटी जिल्लाका पूर्वसांसद गौरी ओली र जिल्ला समन्वय समिति डोटीका संयोजक राम ऐर शुक्रबार साँझ धनगढी विमानस्थलबाट काठमाडौं ओर्लिनुभयो। डोमेस्टिक विमानस्थलबाट ट्याक्सी चढेर आफ्नो निवास थापागाउँ पुग्नुभयो। उहाँलाई आफ्नो ब्यागमा रहेको सो रकम छुटेको शनिबार बिहान मात्रै थाहा भयो। उक्त रकम पाउने आस मरिसकेको भए पनि झिनो आशाले प्रहरीमा खबर गर्नुभयो उहाँले। प्रहरीले पनि तत्कालै आफ्नो युनिटलाई परिचालित गरायो।

> ट्याक्सीमै छुटेको रकम चालकद्वारा फिर्ता

पूर्वसांसद ओली शनिबार बिहानै पैसाको खोजीमा विमानस्थलमा रहेको सीसी क्यामेराको फुटेजको खोजीमा पुग्नुभयो। नभन्दै प्रहरीले सीसी क्यामेराको सहयोगले निज ओली चढेको बा१ज ५१३ नम्बरको ट्याक्सी पत्ता लगायो। तर प्रहरीले ट्याक्सीमा छुटेको ब्यागको खोजी प्रक्रिया अगाडि बढाउन नपाउँदै चालक नेपाल नै पैसा बुझाउन विमानस्थल प्रहरीकहाँ पुग्नुभयो।

सात वर्षदेखि उक्त विमानस्थलमा ट्याक्सी चलाउँदै आएका सिन्धुपाल्चोक साँगाचोक गढी-४ का चालक नेपालले शनिबार बिहान ट्याक्सी सफा गर्दा सिटको कुनामा रहेको रातो झोलामा सो रकम भेटाएको बताउनुभयो। सो रकम सम्बन्धित व्यक्तिलाई नै बुझाउन पाउँदा ठूलो आनन्द आएको उहाँको भनाइ छ।

(क्रमशः पृष्ठ ९ मा)

राजनीतिक प्रभावका कारण खेलकुद क्षेत्रको विकास हुन नसकेको कुरा सत्य हो। नेपालमा खेलकुद क्षेत्रलाई राजनीतिको रूपमा प्रयोग गरियो। राजनीति खेलकुदका लागि प्रयोग भएन। पञ्चायतको पालामा पनि राजसंस्थाका मानिसले आफ्नो उपस्थितिका लागि खेलकुदलाई प्रयोग गरे। अहिलेसम्म त्यसैको सिको भइरहेको छ।



अन्तरवार्ता

# कानुनी प्रतिबन्ध नलगाए राजनीतिक हस्तक्षेप झनै बढ्न सक्छ

वरिष्ठ अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने लामो समयदेखि वकालत पेसामा संलग्न हुनुहुन्छ। नेपाली कांग्रेससँग निकट मानिने उहाँलाई नेपाली कानुनका ज्ञाता पनि मानिन्छ। राष्ट्रिय राजनीतिलाई नजिकबाट नियालिरहनुभएका वरिष्ठ अधिवक्ता न्यौपाने न्यायपरिषद्का पूर्वसदस्यसमेत हुनुहुन्छ। नेपाल ओलम्पिक कमिटीका पूर्वकोषाध्यक्ष तथा चाइल्ड एनजीओ फेडेरेसनका अध्यक्षसमेत रहनुभएका उहाँ विभिन्न सामाजिक संघ–संस्थामा आबद्ध हुनुहुन्छ। वरिष्ठ अधिवक्ता न्यौपानेसँग समसामयिक राजनीति, न्यायालय तथा खेलकुद क्षेत्रमा भइरहेको राजनीतिक हस्तक्षेपबारे नेपाल समाचारपत्रका लागि **रामकृष्ण चापागाईं**ले हालै गरेको कुराकानीको सम्पादित अंश :



## उपेन्द्रकेशरी न्यौपाने
वरिष्ठ अधिवक्ता

**न्यायाधीश नियुक्तिको सन्दर्भमा कहीं न कहीं राजनीतिक प्रभाव देखिएकै छ। यो यथार्थ हो। यस्तो प्रभाव नेपालमा मात्र होइन, संसारभरि पनि देखिन्छ। २०४७ सालको संविधानअगाडि नियुक्तिमा प्रभाव कसको हुन्थ्यो भन्दा राजाको हुन्थ्यो। त्यतिखेरको पञ्चायत व्यवस्थासँग नजिकका मान्छेले नै बढी अवसर पाउँथे। अनि त्यतिखेरका मान्छेले पाएको नियुक्तिलाई बहुदलमा विश्वास गर्ने मान्छेले तटस्थ मान्छे हुन् भनेर मान्दैनथे। त्यतिखेरको दायरा साँघुरो भएको र सञ्चारको पहुँच कम भएको हुँदा धेरैले यस्ता कुराको चालै पाउँदैनथे।**

**हालै सम्पन्न निर्वाचनमा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले अनपेक्षित हार व्यहोरेको छ। तपाईंले चुनावअघि यस्तो परिणाम आउँछ भन्ने अनुमान गर्नुभएको थियो कि थिएन ?**

कांग्रेसको यो नतिजा आउँछ भन्ने मेरो अनुमान थियो। मेरो अनुमानमा प्रत्यक्षतर्फ २५ सिट र समानुपातिकतर्फ लगभग ३५ सिट आउँछ भन्ने थियो। थ्रेसहोल्डका कारण साना दलहरुले सिट प्राप्त गर्न नसक्दा समानुपातिकमा कांग्रेसको केही सिट बढेको हो। मैले गरेको आँकलनसँग कांग्रेसको नतिजा एकदमै नजिक छ। निर्वाचन परिणामसम्बन्धमा चुनावअघि नै नजिकका साथीभाइसँग कुरा पनि भएको थियो। यो अनपेक्षित परिणाम हैन। अपेक्षित नतिजा नै आएको छ। अहिले जुन नतिजा आएको छ, यसलाई स्वाभाविकरूपमा लिनुपर्छ पनि।

**यो निर्वाचनमा कांग्रेसका धेरै हेभिवेट नेताहरूलाई हराइदिए। पार्टीलाई पनि पहिलोबाट दोस्रो स्थानमा झारिदिए। जनताको यो अभिमतलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

हेर्नुस्, यो निर्वाचनमा कांग्रेससँग न एजेन्डा थियो, न रणनीति थियो, न उद्देश्य थियो, न उत्साह नै थियो। यसपटक निर्वाचनमा जाँदा कांग्रेसले यी कुनै पनि कुरा लिएर जनतासामु जान सकेको थिएन, जसका कारण मतदाताले कांग्रेसलाई ग्रहण गर्नुपर्ने नै देखेनन्। उम्मेदवारको टिकट वितरण गर्दा पनि कांग्रेसमा समस्या रह्यो। टिकट बाँड्नेहरु आ-आफ्नो टिकट सुरक्षित गर्न र आफ्नो परिवारभित्रको मान्छेलाई टिकट प्रदान गर्ने स्वार्थमा नै विजयी भएको ठान्ने गरी लागे तर निर्वाचन परिचालनमा लागेनन्। अरूको टिकटका बारेमा मतलब नै राखेनन्। कुन जिल्लामा कसलाई टिकट दिँदा ठीक हुन्छ, कसलाई दिनुपर्ने हो भन्नेबारेमा केलाउने, अनुसन्धान गर्ने, विश्लेषण र गृहकार्य भएको देखिएन। कतिपय ठाउँमा बाहिर जिल्लाबाट पनि उम्मेदवार लैजानुपर्ने हुन्थ्यो। यी खालका कुनै रणनीति भएनन्। टिकट वितरण गर्नेले समग्र निर्वाचनको बारेमा कुनै सरोकार नै राखेनन्। यो परिस्थितिले कांग्रेसभित्र उत्साह र जनविश्वासको वातावरण बनेन। जसका कारण कांग्रेसले हार व्यहोर्नुपर्‍यो। यति हुँदा पनि कांग्रेसले जुन मत पाएको छ, त्यो कांग्रेसको परम्परागत हो, जो कम्युनिस्ट सिद्धान्त मन पराउँदैनन्।

**कांग्रेसले निर्वाचन हार्नुमा मुख्य कारण प्रतिद्वन्द्वी नेताले गरेको भाषणको जवाफ मात्र दिएको तर आफ्नो कुनै मूलभूत एजेन्डा जनतासामु लैजान नसकेकाले हो भन्छन् नि ?**

हो, निर्वाचनमा कांग्रेसले आफ्नो एजेन्डा बनाउन र जनतासामु लैजान नसकेकै हो। कांग्रेसले यो निर्वाचनमा दुई/चार कुरालाई प्रमुख एजेन्डा बनाउन सक्थ्यो। पहिलो, नेपालमा राजनीतिक परिवर्तन ल्याउने गरी भएका सबै आन्दोलनको नेतृत्व कांग्रेसले गरेको थियो। जस्तो- २००७, २०४६ र २०६२/०६३, जसको नेतृत्व कांग्रेसले गरेको थियो। दोस्रो, नेपालमा जति पनि प्रजातान्त्रिक संविधान आएको छ त्यो सबै संविधान कांग्रेसले नेतृत्व गरेका कारण आएको छ। २०१५ सालको संविधान कांग्रेसको नेतृत्वकर्ता बीपीको प्रभाव तथा सुवर्ण शमशेरको व्यवस्थापनबाट आएको थियो। २०४७ सालको संविधान कृष्णप्रसाद भट्टराईको नेतृत्वका कारण आयो। २०६३ सालको अन्तरिम संविधान गिरिजाप्रसाद कोइरालाका कारण आयो। रक्तविहीन गणतन्त्र स्थापना गर्ने गिरिजाप्रसाद कोइरालाको योगदान विश्वमा विरलै पाइने योगदान हो। २०७२ सालको संविधान सुशील कोइरालाको नेतृत्वका कारण आयो। अझ यो नयाँ संविधान सुशील कोइराला र तत्कालीन राष्ट्रपति डा. रामवरण यादव दुवैले पद छोड्न पनि तयार भई प्रमुख दलहरुलाई विश्वासमा लिएर संविधान जारी गरेका थिए। तेस्रो, स्थानीय निर्वाचन, प्रदेशको निर्वाचन र संघको निर्वाचन कांग्रेस नेतृत्वकै कारण सम्भव भएको थियो। चौथो, आर्थिक विकासका लागि नीतिगत सुधारमा कांग्रेसले आफ्नो स्पष्टता देखाएको थियो, जसको कार्यान्वयनका लागि स्थिर सरकार आवश्यक हुन्छ भन्ने कुरालाई कांग्रेसले एजेन्डाको रूपमा अगाडि बढाउन सक्नुपर्थ्यो । यी विषय निर्वाचनमा कांग्रेसले लान सकेन। यी एजेन्डाहरु जनतासामु लाने मेसिनरी कांग्रेससँग देखिएन। अर्कोतर्फ अरूको एजेन्डाको विरोध गर्नु आफ्नो एजेन्डा हुँदैन भन्ने कुरा कांग्रेसले बुझ्नै सकेन। यसलाई कांग्रेसको दुर्भाग्य नै भन्नुपर्छ।

**कांग्रेसका शीर्षनेता रामचन्द्र पौडेलले तनहुँबाट नियमित चुनाव जितिरहनुभएको थियो। यसपटक उहाँ आफ्नै कमजोरीले हार्नुभयो कि पार्टीको कमजोरी ?**

निर्वाचनमा सबै पक्षको प्रभाव रहन्छ। रामचन्द्र दाइको निर्वाचन क्षेत्रमा स्थानीय तहको निर्वाचनमा पाएको मतलाई जोडेर हेर्दा त्यो मत कांग्रेसको पक्षमा कम नै रहेको देखिन्छ। कांग्रेसले आफ्ना ठोस एजेन्डाहरु लिएर मतदाताकोमा जान सकेन। एजेन्डाविहीन कांग्रेसलाई अरू के कारणले मत थपिन्थ्यो र ? फेरि रामचन्द्र दाइ लामो समयसम्म नेतृत्वमा रहनुभयो। त्यहाँका जनताको उहाँप्रति धेरै अपेक्षा पनि थिए होलान्। ती अपेक्षा खोज्नु स्वाभाविक पनि थियो। मतदाताले उहाँसँग राखेका अपेक्षाहरू पूरा नभएका हुन सक्छन्। अर्को कारण, पार्टीभित्रको आन्तरिक व्यवस्थापन गर्न उहाँ कहीं न कहीं चुक्नुभएजस्तो लाग्छ। मेरो विचारमा तनहुँ क्षेत्र नं. १ मा शंकर भण्डारी र क्षेत्र नं. २ मा प्रदीप पौडेललाई प्रतिनिधसभाको प्रत्यक्षमा टिकट दिएर रामचन्द्र दाइ समानुपातिकको एक नम्बरमा बसेको भए त्यहाँ कांग्रेसले सबै सिट जित्ने सम्भावना थियो। कांग्रेसभित्रका एक प्रभावशाली नेता जसको उम्मेदवारी दर्ता बदर भएको थियो, उहाँको चित्त दुखाइका कारण पनि रामचन्द्र दाइले चुनाव हार्नुमा थप कारण बन्न पुगेको हुन सक्छ।

**केही दिनअघिसम्म पनि राष्ट्रिय सभा गठनको विषयलाई लिएर कानुनविद्हरूमा मत बाझिएको देखियो। कानुनको ज्ञाताको हिसाबले तपाईंले यस विषयलाई कसरी हेर्नुभएको छ ?**

पहिलो कुरा, राष्ट्रिय सभाको आवश्यकता र विकास किन भएको हो, त्यसको ओरिजिनालिटी अथवा त्यसको ओरिजिनल अब्जेक्टिभ के होला भनेर बुझ्नुपर्छ। जनताबाट निर्वाचित प्रतिनिधिसभा हुँदाहुँदै राष्ट्रिय सभा किन राख्ने ? राष्ट्रिय सभा केका लागि शुरू भएको हो ? संसारभर यो राष्ट्रिय सभा राख्ने सिस्टम किन विकसित हुँदै आयो होला ? पहिले हामीले यी विषयका कारण खोज्नुपर्छ। त्यसको केही न केही महत्त्व, अपेक्षा, भएकैले यसको परिकल्पना गरिएको होला भन्ने कुरा हामीले बुझ्नुपर्छ। यसको महत्त्व नभएको भए त अपर हाउस भनेको पहिले नै हराइसकेको हुन्थ्यो। राष्ट्रिय सभामा मल्टिपल ब्रेन अर्थात् मल्टिपल सहभागिता अझ भनौं सहभागिताको लार्जर अब्सनलाई यहाँ खुला गरिएको हुन्छ। यहाँ लार्जर अप्सनलाई खुला गरिएकाले अपर हाउसको गठन गर्नका लागि हुने निर्वाचन प्रणाली पनि लार्जर प्रतिनिधित्वलाई समेट्ने गरी संविधानमै लेखिनुपर्थ्यो। जसरी २०४७ सालको संविधानमा एकल संक्रमणीय निर्वाचन पद्धतिबाट राष्ट्रिय सभाको गठन हुनेछ भनिएको थियो। यसपटक पनि संविधानमा त्यो लेख्नुपर्थ्यो। किन लेखिएन, यो अर्थपूर्ण देखिन्छ।

संविधानमा यो प्रणाली नलेखिनुको पछाडि समानुपातिकको प्रतिनिधित्व प्रदेशसभा र प्रतिनिधिसभामै भएकाले राष्ट्रिय सभामा त्यो किसिमको प्रणाली आवश्यक छैन भन्ने दृष्टिकोणले दलहरुबीच सहमति भएकाले हो कि ? यी दुई प्रणालीमध्ये जुन प्रणाली अपनाए पनि संविधानसँग बाझिँदैन। यसमा सबै स्पष्ट हुनुपर्छ। संविधानले जुन प्रणाली अपनाए पनि हुने गरी छुट दिएको छ। राष्ट्रिय सभालाई साँच्चिकै पूर्ण समावेशी बनाउने दृष्टिकोणबाट हेर्ने हो भने, एकल संक्रमणीय निर्वाचन पद्धति नै आवश्यक हुन्छ। ढिलै भए पनि यो कुरा बुझेर नै राष्ट्रपति विद्यादेवी भण्डारीले अध्यादेशलाई जस्ताकोतेस्तै प्रमाणीकरण गर्नुभएको होलाजस्तो लाग्छ। यसका लागि हामी सबैले राष्ट्रपतिलाई धन्यवाद दिनैपर्छ। मेरो विचारमा अब राष्ट्रिय सभाबाट भोलि पाउने उपलब्धिका लागि पनि यो प्रणाली फलदायी रहने देखिन्छ।

**नेपालमा न्याय क्षेत्रमा देखिने गरी नै राजनीतिक हस्तक्षेप भइरहेको पाइन्छ। यसले अदालतको विश्वसनीयता पनि गुम्दै छ भनिन्छ। न्याय क्षेत्रको गरिमा जोगाउन तपाईंलाई के गर्नुपर्छ जस्तो लाग्छ ?**

हामीले राजनीतिक हस्तक्षेप भयो भनेर कसरी भन्ने ? हामी अमुक भएर राजनीतिक हस्तक्षेप भयो भन्छौं। कुन सन्दर्भलाई राजनीतिक हस्तक्षेप भन्ने ? एकछिनलाई मान्नुस्, नियुक्ति। त्यसपछि राजनीतिक विषयसँग जोडिएका मुद्दाहरुले लिएको कोर्स। हाम्रो समाज तल्लो तहसम्म राजनीतिकरूपमा विभाजन हुँदै गएको कारणले न्यायाधीशहरूको हिजोको पृष्ठभूमिलाई आधार बनाएर राजनीतिक हस्तक्षेप बढी भयो भनेर मानेको हो कि ? हो, हामीले मान्नुपर्ने कुरा के हो भने, अहिले समाजको एकदमै तल्लो तहसम्म राजनीतिक विभाजन छ। एउटै परिवारमा बस्नेहरूमा पनि राजनीतिक विभाजन देखिएको छ। नियुक्ति जुनसुकै प्रक्रियाबाट आए पनि फलानो पार्टीको फलानो आयो भनेर राजनीतिक विभाजन शुरू गरेको जस्तो लाग्छ। यसैबाट बन्दै गएको मान्यताअनुसार राजनीति भयो भन्ने गरेको बढी देखिन्छ। जहाँ राजनीति अति कमजोर वा अति बलियो हुन्छ, त्यहाँ राजनीति सबै ठाउँमा प्रवेश हुँदै जान्छ। अनि यस्ता कुराले मान्यता पाउँदै जान्छ।

**तर पनि न्यायालयमा राजनीतिक हस्तक्षेप र प्रभाव त छ नि ?**

राजनीतिको प्रभाव निश्चितरूपमा छ। न्यायाधीश नियुक्तिको सन्दर्भमा कहीं न कहीं राजनीतिक प्रभाव देखिएकै छ। यो यथार्थ हो। यस्तो प्रभाव नेपालमा मात्र होइन, संसारभरि पनि देखिन्छ। २०४७ सालको संविधानअगाडि नियुक्तिमा प्रभाव कसको हुन्थ्यो भन्दा राजाको हुन्थ्यो। त्यतिखेरको पञ्चायत व्यवस्थासँग नजिकका मान्छेले नै बढी अवसर पाउँथे। अनि त्यतिखेरका मान्छेले पाएको नियुक्तिलाई बहुदलमा विश्वास गर्ने मान्छेले तटस्थ मान्छे हुन् भनेर मान्दैनथे। त्यतिखेरको दायरा साँघुरो भएको र सञ्चारको पहुँच कम भएको हुँदा धेरैले यस्ता कुराको चालै पाउँदैनथे। तर, आजको समाज फरक छ। सूचना र सञ्चारको पहुँचले पनि त्यस्ता विषयमा जनताले अब जवाफदेहिता खोजेका हुनसक्छन्। त्यस कारण तपाईंको प्रश्नले उठाएको विषयमा धेरै भिन्नता म राख्दिनँ।

मुख्य कुरा के हो भने, नियुक्तिपश्चात् उसले सम्पादन गरेको कामको विषयलाई लिएर राजनीतीकरण भयो कि भएन भनेर विश्लेषण गर्नुपर्ने हुन्छ। कुन मुद्दामा कस्तो किसिमको प्रभाव देखिन थाल्यो, यो अनुसन्धानको विषय हो। राजनीतिक हस्तक्षेप भयो भनेर हामीले जति सजिलोसँग भनिरहेका छौं यो एक किसिमको विश्वास मात्र पनि हुनसक्छ। यो कुरा ठ्याक्कै सत्य नहुन पनि सक्छ। फलानोले नियुक्ति गरेको फलानो यस्तो होला भन्ने अनुमानमा हामीले आफ्नो धारणा बनाउँछौं। यो विश्वास साँचो हो भने हामीले नियुक्तिसम्बन्धी पद्धतिमा नै सच्याउनुपर्छ। नियुक्ति पद्धति सच्याउने भनेको नियुक्ति गर्दा प्रक्रिया प्रधान बनाउने हो। नियुक्ति दिन बस्ने व्यक्तिको प्रभाव हैन, प्रक्रियालाई प्रधानता दिएर नियुक्ति प्रक्रिया टुंग्याउनुपर्छ। नियुक्तिका प्रक्रिया, आधार र कारण पारदर्शीरूपमा बाहिर ल्याउनुपर्छ। छनोटका आधार यी हुन् भनेर पहिल्यै भन्न सक्नुपर्छ। त्यसरी नियुक्ति हुन थाल्यो भने त्यसले विस्तारै राजनीतिक प्रभाव कम भएर जान्छ। विस्तारै प्रक्रिया प्रधान हुँदै आउँछ। अनि विश्वासको वातावरण बन्दै जान्छ। यो विश्वास जाग्दै जान थालेपछि न्यायालयको जनआस्था अभिवृद्धि हुन्छ। अहिले नै हामीले यो प्रक्रिया खोजेनौं भने फेरि पनि एकले अर्कोलाई राजनीतीकरण भयो भन्दै जाने आरोप लगाउँदै गर्दा समाजमा यस्तै मान्यताको विकास हुन जान्छ। अन्ततः अदालत कमोजर बन्दै जान्छ। स्वतन्त्र न्यायपालिका कमजोर हुनुभनेको कानुनी शासन कमजोर हुनु हो। यो हामीले समयमा नै बुझ्नुपर्छ।

**तपाईं ओलम्पिक कमिटीको पदाधिकारी भइसक्नुभएका कारण तपाईंले खेलकुद क्षेत्रलाई पनि नजिकबाट हेर्नुभएको छ। खेलकुद क्षेत्र धेरै राजनीतिक हस्तक्षेप भएकै कारण तहसनहस भएको बताइन्छ। यसमा तपाईंको धारणा के छ ?**

राजनीतिक प्रभावको कारण खेलकुद क्षेत्रको विकास हुन नसकेको कुरा सत्य हो। नेपालमा खेलकुद क्षेत्रलाई राजनीतिका रूपमा प्रयोग गरियो। राजनीति खेलकुदका लागि प्रयोग भएन। पञ्चायतको पालामा पनि राजसंस्थाका मानिसहरूले आफ्नो उपस्थितिका लागि खेलकुदलाई प्रयोग गरे। अहिलेसम्म त्यसैको सिको भइरहेको छ। राजनीतिक पहुँचवालाहरू नै खेलकुद क्षेत्रको विकासमा हावी भए। त्यहाँ त सम्बन्धित विज्ञहरुको पहुँच हुनुपर्थ्यो। राजनीतिक व्यक्ति त मन्त्री भइहाल्छन् नि। अरू राजनीतिक व्यक्ति चाहिँदैन। व्यवस्थापन, कानुन, खेलकुद क्षेत्रका विज्ञहरूको समन्वय र व्यवस्थापनका साथ खेलकुदको विकास गर्नुपर्थ्यो। त्यो कुरा भएन। मन्त्री पनि राजनीतिक भए, उहाँले तल व्यवस्थापन गर्न दिएका मान्छे पनि राजनीतिक भए। तिनीहरूले खेलकुदको विकास गर्न सक्दैनन्। खेलकुद र व्यवस्थापनका विज्ञहरू हावी हुनुपर्ने क्षेत्रमा राजनीतिक व्यक्तिहरू हावी भएपछि कसरी खेलकुदको विकास हुन्छ ?



# विन्ध्यवासिनी अवार्डमा रामकृष्णको हुरीलाई हयाट्रिक
# रत्नशमशेरलाई लाइफटाइम अचिभ्मेन्ट

रश्मी थापा

जय गीत जय संगीतको नारासहित शनिबार राजधानीको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा आयोजित *आठौं विन्ध्यवासिनी म्युजिक अवार्ड* समारोहमा गायक रामकृष्ण ढकालको *म हुरीमा दियो बलेको देख्छु* बोलको गीतले हयाट्रिक गरेको छ।

विन्ध्यवासिनी फाउन्डेसनद्वारा आयोजित कार्यक्रममा सुगम संगीततर्फ गायक ढकालको *आवरण* वर्षको उत्कृष्ट एल्बम सावित भयो । त्यसमा रहेको *म हुरीमा दियो बलेको देख्छु* बोलको गीतबाट ढकालले सुगम संगीततर्फका *सर्वोत्कृष्ट गायक* पुरुषको अवार्ड चुमे। सोही गीतबाट राजेश थापा *सर्वोत्कृष्ट संगीतकार* र रमेश विजी *सर्वोत्कृष्ट रचनाकार* ठहरिए। सुगम संगीततर्फको गायिकाको अवार्ड *फुल्नुभन्दा त* बोलको गीतबाट श्रेयसी चेम्जोङ लिम्बूले चुमिन् भने *आज फेरि एकान्तमा*बाट वीरेन्द्र पाठकले *सर्वोत्कृष्ट गीत, रातोरातो खुर्सानी*बाट क्रान्ति केसीले *म्युजिक भिडियो निर्देशक, निष्ठुरीले मान्दै मानिन*बाट गुणराज श्रेष्ठले *पप तथा सुगम संगीत नवप्रतिभा* र *तिम्रो माया पाउनलाई* बाट चन्द्रज्योती आलेले *महिला गीतकार*को अवार्ड जिते। पप संगीततर्फ सुरजकुमार थापाले *तस्वीर तिम्रो*बाट *पप गायक,* आकांक्षा बस्यालले *म पग्लन्छु*बाट *पप गायिका,* राजु सिंहले *भुल्यौकी भुलेकी छैनौ*बाट *संगीतकार,* एस राजकुमार र मेलिना राईले *तिमीले सम्झेर होकी*बाट *युगल गायन* र कमल सौरागले *सँगै बाँच्ने कसम*बाट संगीत संयोजकको अवार्ड जितेका छन्।

लोकदोहोरीतर्फ राजन गुरुङले *उही खोलीमा पानी*बाट *लोकदोहोरी गायक,* शर्मीला गुरुङले *हैन अरूकोबाट लोकदोहोरी गायिका,* कस्तुप पन्तले *जवानीमा धक्का*बाट *लोक दोहोरी भाका,* प्रल्हाद सुवेदीले *मेरो झल्को आएमा*बाट *रचनाकार,* एकनारायण भण्डारीले *लाली जोवन*बाट *लोक दोहोरी गीत,* युवराज मगरले *जुल्फी कपाल काटेको*बाट *नवप्रतिभा* र प्रकाश भट्टले *तामे करुवा*बाट *म्युजिक भिडियो निर्देशक*को अवार्ड पाए।

त्यसै गरी दुर्गेश थापा र रोसिना एलसीले *बाल मतलव*बाट *पप तथा आधुनिक भिडियो मोडल जोडी*को अवार्ड चुमे भने देवेन्द्र क्षेत्री र रूपा कँडेलले *नबोलदेउ रिसाएर*बाट *लोकदोहोरी मोडल जोडी*को अवार्ड चुमे। दिनेश डिसीद्वारा विभिन्न भेषमा रोचक ढंगले सञ्चालित कार्यक्रममा राजेशपायल राईलाई *फिल्म दर्पण छाया २* को *दर्पण छायाँ* गीतका लागि *पार्श्व गायक*को अवार्ड दिइयो भने मिना निरौलालाई *लुट २* को *ठमेल बजार*का लागि *पार्श्व गायिका*को अवार्ड दिइयो। त्यस्तै *छक्कापञ्जा*को *पूर्वपश्चिम रेल*का लागि राजनराज सिवाकोटीलाई *संगीतकार*को अवार्ड दिइयो।

विभिन्न गीत संगीत र नृत्य प्रस्तुतिका साथ अगाडि बढेको कार्यक्रममा विष्णु पौडेलले *बुद्ध खेल्ने आँगन*बाट *राष्ट्रिय भावनाले ओतप्रोत गीत,* राजेश घिमिरेले *अपुरै भो*बाट *छायाँकार,* दीपक विष्टले *मनमा कुरा खेलाउँदै*बाट *भिडियो सम्पादक* र साजन साहले *दर्शन नमस्ते*बाट *रेकर्डिस्ट*को अवार्ड पाएका छन्। म्युजिक कम्पनीको अवार्ड भावना म्युजिक सलुसनले पाएको समारोहमा *विन्ध्यवासिनी म्युजिक अन्तर्राष्ट्रिय संगीतकर्मी सम्मान* डीआर अटुटले पाएका छन् भने *जुरी अवार्ड आज फेरि एकान्तमा*बाट अजर जंगमले पाएका छन्। त्यस्तै *पब्लिक च्वाईस अवार्ड मर्ने मिति*बाट सारीका केसी र बिमल अधिकारीले पाएका छन्।

कार्यक्रममा गीतकार रत्नशमशेर थापालाई १ लाख २ हजार २ शय २ रुपियाँसहित *विन्ध्यवासिनी म्युजिक लाइफटाइम अचिभमेन्ट अवार्ड*बाट सम्मानित गरिएको छ। अवार्डको राशि ५१ हजार १ सय ५१ भए पनि एसियन थाई फुडले अवार्डवापत थप ५१ हजार १ शय ५१ प्रदान गरेपछि सो राशि १ लाख २ हजार २ सय २ रुपियाँ भएको थियो। त्यसै गरी २५ हजार ५ सय २५ रुपियाँसहित डब्बु क्षेत्रीलाई *विन्ध्यवासिनी कला पत्रकारिता सम्मान*बाट सम्मान गरियो भने रीमा गुरुङ होडालाई १५ हजार ५ शय ५५ सहित *विन्ध्यवासिनी संगीत रत्न सम्मान* प्रदान गरियो। उनको अनुपस्थितिमा उनको संगीतकार पिता प्रकाश गुरुङले सम्मान ग्रहण गरेका थिए। यस वर्षको *विन्ध्यवासिनी चलचित्र सम्मान*बाट १० हजार १ रुपियाँसहित अभिनेता तथा फिल्म निर्देशक शुदर्शन थापा सम्मातिन भएका छन्।

राष्ट्रिय धुनबाट शुरु भएको कार्यक्रममा गायक रामकृष्ण ढकाल, विजय अधिकारी, मनोजराज शिवाकोटी, शिशिर देवकोटा, प्रेमप्रकाश ओली, बद्री पंगेनी, टिका प्रसाईं, सुमिना लो, मेक्सम खातीलगायतले गीतसंगीत प्रस्तुत गरेका थिए भने काजिश श्रेष्ठ, दिपासा बीसी, विक्रम चौहान, टीका जैसी, शंकर बीसी, दुर्गेश थापा तथा समूहले आकर्षक नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा अजर जंगम र सुरजकुमार थापाले गीतकार रत्नशमशेर थापाका गीतहरू प्रस्तुत गरेका थिए।








# रियो छमछमी ३ मा उत्कृष्ट १० प्रतिस्पर्धी छनोट




नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको मेगा डान्स रियालिटी सो *रियो छमछमी* ३ मा उत्कृष्ट १० प्रतिस्पर्धी छनोट भएका छन्। बुधबार बेलुकी भएको प्रतिस्पर्धाबाट कोहलपुरका रोशन विश्वकर्मा बाहिरिएपछि अब बाँकी १० प्रतिस्पर्धीबीच स्पर्धा हुने भएको छ। मेगा अडिसनका लागि काठमाडौं आएका २ शय ७५ प्रतियोगीमध्ये विश्वकर्मा ११औं बन्न सफल भएपनि दर्शकको भोटका आधारमा भएको मूल्यांकनबाट प्रतियोगिताबाट बाहिरिएका हुन्। *टप ११* राउन्डसम्मको सहभागीका रूपमा रहँदा धेरै कुरा सिक्न पाएको भन्दै उनले खुसी व्यक्त गरे।

भूसतही प्रसारणमार्फत् ७२ भूभाग तथा स्याटेलाइटमार्फत् संसारका १ सय ४० भन्दा बढी देशमा र लाइभ स्ट्रिमिङमार्फत संसारभर नै पहुँच रहेको यो कार्यक्रम दर्शकले रुचाउँदै आएका छन्। प्रतियोगितामा मन पर्ने प्रतिस्पर्धीहरूलाई एसएमएसमार्फत भोटिङ गर्ने व्यवस्था गरिएको *रियो छमछमी* ३ निर्माण कोर कमिटी सदस्य तथा नेपाल टेलिभिजनका कार्यकारी अधिकृत रामबाबु अधिकारीले जानकारी गराए। उनले छमछमीको चौथो र पाँचौ शृंखलासमेत प्रायोजन सम्झौता भइसकेको बताए।

हरेक बुधबार बेलुकी ८:४० बजे नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको *रियो छमछमी* ३ सोही दिन राति ११:३० बजे र बिहीबार दिउँसो २:२० बजे पुन: प्रसारणमार्फत् वा लाइभ स्ट्रिमिङमार्फत् हेर्न सकिन्छ। *रियो छमछमी* ३ को प्रायोजन चौधरी ग्रुपको पेय उत्पादन रियोले गरेको छ।

# परियारले नचाए हेटौंडेली दर्शक



हेटौंडा, (नेस)। हेटौंडामा जारी *राष्ट्रिय खेलकुद तथा व्यापार महोत्सव२०७४* मा दैनिकजसो चर्चित कलाकारको प्रस्तुति प्रस्तुत भइरहेको छ।

सुमन भोम्जन स्मृति खेलकुद प्रतिष्ठान र औद्योगिक शान्ति नेपाल संस्थाको आयोजनामा हेटौंडा-१० स्थित टीसीएन मैदानमा लगातार दोस्रो वर्ष हेटौंडामा जारी मेलाको चौथो दिन नेपालका चर्चित गायक शिव परियार, भोजराज काफ्ले, कर्णराज गिरी, कविता शर्मालगायतले प्रस्तुति दिए।

गायक परियारले *गालैको कालो कोठी, पिउँदिन भन्दा भन्दै, फेसबुकैले*जस्ता चर्चित गीतहरू सुनाएका थिए भने गायक भोजराज काफ्लेले *बोतलको पानीले, मासु मिठो भालेको* जस्ता हिट गीत सुनाएका थिए। गायक परियारको गीतले अबेरसम्म हेटौंडेली दर्शकलाई नचाएको थियो। कलाकार कविता शर्माले आर्कषक नृत्य प्रस्तुत गरिन्। गायक कर्णराज गिरीले *हयांग बनायौं*जस्ता राम्रा गीत सुनाए।





साधनाको नयाँ अंकका विशेष आकर्षणहरु

**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिंदाको पीडा : उपचार के छ त ?**

नसा च्याँपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

# विचार

आफूलाई बदल्न सक्ने तागत नै संसार बदल्न सक्ने तागत हो।
- अनवर सादत

मात्र ठूलो मान्छे बन्न नखोज, बरू असल मान्छे बन्ने प्रयास गर।
- अल्बर्ट आइन्स्टाइन

## सम्पादकीय

नेपाल समाचारपत्र

# लचक बन्न सिक

नयाँ सरकार गठनमा ठूलै राजनीतिक गाँठो बनेको राष्ट्रिय सभा गठबन्धनसम्बन्धी अध्यादेश अन्ततः राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि खुलेको छ। बिहीबारको स्थायी समिति बैठकमा नेकपा एमाले अध्यादेश लचक हुने संकेत देखाएसँगै तीन महिनासम्म आफैंले रोकेर राखेको अध्यादेश भण्डारीले शुक्रबार प्रमाणीकरण गर्नुभएको छ। राष्ट्रिय सभा गठनसम्बन्धी विषयमा वाम गठबन्धनले लिएको बहुमतीय निर्वाचन प्रणाली र कांग्रेसले लिएको एकल संक्रमणीय प्रणालीको अडानले राष्ट्रपति भण्डारी दोहोरो दबाबमा पर्नुभएको थियो। अध्यादेश प्रमाणीकरण गर्न ढिलाइ हुँदा र दलहरूसँग अध्यादेशबारे विचार विमर्श गर्दा उहाँ अनावश्यक राजनीतिक विवादमा समेत तानिनुभयो। राष्ट्रपतिले संविधानको धारा ११४ को उपधारा (१) अनुसार उक्त अध्यादेश प्रमाणीकरण गर्नुभएको हो। राष्ट्रिय सभा गठनसम्बन्धी कानुन सरकारले अध्यादेशका रूपमा गत कात्तिक ६ गते राष्ट्रपति कार्यालयमा पठाएको थियो। राष्ट्रिय सभा गठनसम्बन्धी कानुनको अभावमा संघीय व्यवस्थापिका र नयाँ सरकार गठनमा ढिलाइ हुँदै आएको छ। संविधानअनुसार संघीय व्यवस्थापिकामा प्रतिनिधिसभा र राष्ट्रिय सभा गरी दुई सदन रहने व्यवस्था गरेको छ। अध्यादेशअनुसार राष्ट्रिय सभाको गठन अब एकल संक्रमणीय निर्वाचन प्रणालीका आधारमा हुनेछ। संविधानको धारा ८६ अनुसार राष्ट्रिय सभा एक स्थायी सदन हुनेछ, सांसद सदस्यको अवधि अधिकतम ६ वर्षको हुनेछ। कुल ५९ सदस्य रहने यो संसद्मा गोलाप्रथामार्फत एक तिहाइको २ वर्ष, अर्को एक तिहाइको ४ वर्ष र बाँकी एक तिहाइको अवधि ६ वर्षको हुनेछ।

संविधानअनुसार निर्वाचन आयोगले निर्वाचको औपचारिक मतपरिणाम सार्वजनिक गरेको ३५ दिनभित्र नयाँ सरकार गठन गरिसक्नुपर्ने व्यवस्था छ। राष्ट्रिय सभा गठबन्धनसम्बन्धी अध्यादेश प्रमाणीकरण भएसँगै वाम गठबन्धन नयाँ सरकार गठनको गृहकार्यमा जुटेको छ। तर, एमाले र माओवादी बीचको पार्टी एकीकरण प्रक्रिया प्राथमिकतामा परेकाले सरकार गठने अझै केही दिन लम्बिने निश्चित बनेको छ। सरकार गठनमा ढिलाइ हुने भएपछि काम चलाऊ हैसियतमा रहेको वर्तमान सरकारले जतिसक्दो छिटो प्रदेश प्रमुखहरू नियुक्त गरेर प्रादेशिक सरकार गठन गर्ने मार्गप्रशस्त गर्न ढिलो गर्नुहुँदैन। साथै प्रादेशिक संरचनाअनुसार आवश्यक पर्ने कर्मचारी खटाउनसमेत ढिलो गर्नुहुँदैन। जारी राजनीतिक संक्रमण अन्त्य गर्दै संविधान कार्यान्वयन गर्ने दायित्व सबै राजनीतिक दलको हो। स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन भएसँगै वर्षौंअघिदेखिको राजनीतिक संक्रमण किनारा लाग्दै छ। त्यसैले जसरी राष्ट्रिय सभा अध्यादेश जारी गर्ने कार्यमा वाम गठबन्धन लचक बन्यो त्यसै गरी प्रादेशिक संरचनाको स्वरूप निर्माणमा उसले सघाउन कञ्जुस्याइँ गर्न हुँदैन। अब सरकारबाहिर रहने कांग्रेसले समेत राजनीतिक उदारता देखाउँदै संसद्मा सशक्त र रचनात्मक प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# जनताको अपेक्षा : सुशासन र समृद्धि



माधव पराजुली

दुई वाम दल एकीकरण गर्नु र पाँच वर्षको स्थायी सरकार बनाइ देशमा सुशासन एवं समृद्धिको बाटोमा हिँडाउनुको विकल्प छैन। कुनै वाम दलले व्यक्तिगत स्वार्थमा योबाहेक अन्य विकल्पमा सरकार निर्माण गर्न खोज्नु जनमतको घोर अपमान हो र त्यसले जनताको सुशासन र समृद्धिको सपनालाई अर्को धेरै वर्ष पछाडि धकेल्नेछ।

तिहारको शुभ साइत पारेर देशका दुई ठूला वाम दल नेकपा एमाले र माओवादी केन्द्रले तत्काल वाम गठबन्धनमार्फत् प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जाने र निर्वाचनपश्चात् पार्टी एकीकरण गर्ने घोषणा गरे। छापामारशैलीमा आएको यो निर्णयले देश तथा विदेशमा ठूलो राजनीतिक तरंग पैदा गऱ्यो। नेकपा एमालेका उपमहासचिव घनश्याम भुसालले भनेझैं एउटै आस्था राख्ने जनता जो वर्षौंदेखि एउटै लाइनमा बसेर दुई फरक-फरक चुनाव चिह्नमा भोट खसाल्न बाध्य थिए, उनीहरूलाई यो गठबन्धनले सन्तुष्टि मिलेको थियो। यो सहमति कतिले विश्वास नै गरेनन्, केही अत्तालिए, केही शक्ति यो समझदारीलाई सकेसम्म भत्काउनतर्फ लागे।

वाम गठबन्धनले जित्यो भने देशमा अधिनायकवाद आउँछ भन्ने प्रमुख नारा बोकेर नेपाली कांग्रेस निर्वाचनमा गयो तर जनताले नेपाली कांग्रेसको यो नारालाई अनुमोदन गर्न चाहेनन्। फलतः २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा सबैभन्दा ठूलो दल २०७४ सालमा दोस्रो स्थानको लागि संघर्ष गर्नुपऱ्यो। संसद्मा केपी शर्मा ओलीविरुद्ध सुशील कोइरालालाई प्रधानमन्त्री उम्मेदवार बनाउनेदेखि नवराज सिलवाल प्रकरणसम्म आइपुग्दा कांग्रेसले निर्वाह गरेको भूमिका नै उसको पराजय हो र यो पराजय नेपाली कांग्रेसलाई जनताको कारबाही हो। निर्वाचनमा नेकपा एमाले सबैभन्दा ठूलो दल भइसकेको अवस्थामा कांग्रेसले नयाँ सरकार निर्माणको सहज वातावरण निर्माण गर्नुपर्नेमा उल्टै बखेडा निकाल्दैछ। उसका केही नेताले प्रचण्डलाई प्रधानमन्त्रीको प्रस्ताव गर्दै उही फोहोरी खेल दोहोराउन खोज्दैछन्। कांग्रेसका युवा नेता चन्द्र भण्डारीले बुटवलमा पत्रकार सम्मेलन नै गरी अब बन्ने नयाँ सरकारको आयु १८ महिना मात्र हुने बताए।

वाम गठबन्धनलाई जनताको यो मत शर्तसहितको मत हो। चुनावपश्चात् दुई ठूला वाम दल माओवादी केन्द्र र नेकपा एमालेको एकीकरण, स्थिर सरकार र त्योमार्फत् देशमा द्रुतगतिको दिगो विकास, सुशासन, राष्ट्रियताको रक्षा, सामाजिक सद्भाव र भ्रष्टाचारमुक्त समाजलगायतका शर्तसहितको मत जाहेर गरेका छन्। २०६४ को पहिलो संविधानसभाको निर्वाचनमा माओवादीलाई संविधान निर्माणको शर्तसहित जनताले जिताएका थिए तर माओवादी संसद्मा सबैभन्दा ठूलो दलको हैसियतले त्यो अवसर चुकायो। फलस्वरूपः २०७० को संविधानसभाको निर्वाचनमा पार्टी धेरै तल खुम्चिनुपर्‍यो। त्यतिबेला उसले संविधान दिन सकेको भए त्यसपछिका निर्वाचनमा माओवादीको हैसियत मजबुत हुने थियो।

वाम गठबन्धनले बहुमतको सरकार निर्माण गरी देशलाई सुशासन र समृद्धितर्फ अगाडि बढाउने अवसर पाएको छ जो विगतमा नेपाली कांग्रेसले मात्र पाएको थियो तर त्यसको सही सदुपयोग गर्न सकेन। यो ऐतिहासिक अवसर सदुपयोग गर्न सकेनन् भने अर्को यस्तै अवसर पाउन ठूलो संघर्ष गर्नुपर्नेछ। अहिले वाम गठबन्धन 'गर या मर' कै अवस्थामा छन्। गठबन्धन बनाएर निर्वाचनमा होमिएको यो गठबन्धन राजनीतिक हिसाबले नयाँ परीक्षण हो। वाम पार्टीको अबको पाँच वर्षको कामले नै उसको पाँच वर्षपछिको बाटो निर्धारण गर्नेछ। हिजो हामी कहाँ कहाँ चुक्यौं त्यसको मूल्याङ्कन गर्दै देश सुशासन र समृद्धिको बाटोमा हिँड्नु अहिलेको आवश्यकता हो।

एक अर्कोलाई देख्नै नसक्ने माओवादी र एमालेका कार्यकर्ता सुशासन र समृद्धिका कुरा गर्दै सँगै बसेर चिया पिइराखेका छन्। उनीहरू के माओवादी के एमाले, दिन रात खटिएर साझा उमेदवारलाई जिताए। स्थानीयस्तरमा पार्टी एकीकरणको जग बनिसक्यो। हिजो प्रचण्डको नामै सुन्न नचाहने एमालेहरू आज एकीकृत पार्टीको अध्यक्ष उनी हुँदा नि फरक नपर्ने भन्दैछन्। हिजो केपी शर्मा ओलीको उछितो काट्ने माओवादीहरू आज उनलाई प्रधानमन्त्री बनेको देख्न आतुर छन्। आम नागरिकको योभन्दा ठूलो सहयोग र सद्भाव के हुन सक्छ ? अब पार्टी एकीकरण गर्न आलटाल गर्नु वा यसलाई टार्नु भनेको सरासर जनताको मतको अवमूल्यन गर्नु हो।

अहिलेको जनमत वाम गठबन्धनको स्थायी सरकार निर्माण र त्यसमार्फत् सुशासन र समृद्धिका निमित्त प्रकट भएको जनमत हो। विगतमा कुनै दलको नेतृत्वमा बहुमतको सरकार निर्माण गर्न दर्जनौं पार्टीसँग सम्झौता गर्नुपर्ने बाध्यता थियो। फलस्वरूपः ९/९ महिनामा सरकार बनाउने र ढाल्ने काम भए, विचारै नमिल्ने पार्टीलाई सरकारमा समावेश गर्नुपऱ्यो, मन्त्रीमण्डलका आकार ठूला भए, संसद् खरिद बिक्री भए, मन्त्रीहरू विवादित भए। मन्त्रीहरू विकास र समृद्धिभन्दा उद्घाटन, ठेक्कापट्टा, कर्मचारी सरुवा बढुवा तथा नियुक्ति र भष्ट्रचारमा बढी ध्यान दिए। विगतका यी तीता अनुभवबाट पाठ सिक्दै दुई पार्टीको विचमा मजबुत आपसी विश्वासको वातावरण निर्माण गरी सानो मन्त्रीमण्डल गठन गरेर अगाडि बढनुपर्ने देखिन्छ।

विगतका वर्षहरूमा देश विकास नहुनुको प्रमुख कारण अस्थिर सरकार हो भनियो। जनताले त्यो महसुस गरे र वाम गठबन्धनलाई बहुमतसहित विजयी गराए। विकासको हिसाबले हामी अत्यन्त पछाडि पर्‍यौं। हाम्रा एयरपोर्ट विश्वका सबैभन्दा असुरक्षितमा पर्दछन् भने सडक सञ्जालको अवस्था अत्यन्त दयनीय छ। दिनको १२ घण्टासम्म कृषि पसामा खटिने परिवारलाई ३ महिना खान पुग्दैन। बजार कस्को नियन्त्रणमा छ ? शिक्षा र स्वास्थ्यमा व्यापारीकरण छ। सरकार दुर्गम ठाउँहरूमा सिटामोलसम्म पठाउन सक्दैन। देश लोडसेडिङमुक्त हुन सकेको छैन। घण्टौं हिँडेर खानेपानी बोक्नुपर्ने अवस्था छ। व्यवस्थापकीय काम प्रतिक्रियात्मक छ। पुल भाँचिएपछि बजेट पर्छ, विद्युत्का पोल ढलेपछि फेरिन्छन्, बाढी आएपछि बजेट पर्छ, भूकम्प गएपछि तयारी थाल्छौं। किन भयो यस्तो ? हाम्रा नीतिगत व्यवस्था विकासका बाधक हुन् या योजना नै त्यस्ता हुन् ? झन्झटिला नीतिगत व्यवस्थालाई सुधार गरी फास्ट ट्र्याकमा काम गर्न सकिने नीति बनाउनु र त्यसको कार्यान्वयन गर्ने कर्मचारीतन्त्रलाई उर्जाशील बनाउनुपर्दछ। अब पूर्व-पश्चिम चार लेनका राजमार्ग बनाउन २० वर्ष लगाउने होइन २ वर्षमा सम्पन्न गर्न सक्नुपर्दछ। ६५ जनाले कृषि गरेर १०० जनालाई खान नपुग्ने कृषि होइन, ५ जनाले गरेर १०० जनालाई खुवाउने कृषिको विकास गर्न सक्नुपर्दछ। जसरी तलब भत्ता र सामाजिक सुरक्षाका कार्यक्रम तत्काल कार्यान्वयनमा जान्छन् त्यसरी नै विकासका काम पनि जान सक्नुपर्दछ।

विगतमा सरकारी सेवा प्रवाहलाई कसरी छिटो, सहज, सरल, चुस्तदुरुस्त, झन्झटमुक्त र नागरिकप्रति उत्तरदायी बनाउने भन्नेमा ध्यान दिइएन। विकासको खम्बाको रूपमा रहेको कर्मचारीमा क्षमताभन्दा राजनीतिक दलको आस्थाका आधारमा नियुक्ति, सरुवा तथा बढुवा गरियो। दलका कर्मचारी संगठनले सरुवाको लिस्ट बनाउने र सामान्य ठाउँमा सरुवा माग्दा पनि दलका संगठनका टिकट काट्नुपर्ने बाध्यता यथावत छ। यो व्यवस्थाले कर्मचारीमा सेवाभन्दा राजनीति गर्न र नेताको चाकडी गर्न प्रेरित गर्दछ। सरकारका मन्त्रीले आफूलाई काम गर्न सहज हुने र उसको भिजनअनुसार योजना बनाउन सहयोग गर्ने टिम बनाउनुलाई अन्यथा मान्नु हुँदैन, तर समग्र कर्मचारीलाई नै राजनीतिक आँखाले हेर्नु अन्यायपूर्ण हो। सरकारी सेवालाई प्रविधियुक्त बनाई सेवा प्रवाहलाई छिटो, छरितो, झन्झटमुक्त र सेवाग्राहीमैत्री बनाउनु अहिलेको आवश्यकता हो। देशमा नीतिगत रूपमै भ्रष्टाचारको जालो फिँजिएको छ। कर छलिका ठूला-ठूला भ्रष्टाचार यसका प्रमुख उदाहरण हुन्। विभिन्न प्रतिवेदनले नेपालका राजनीतिक दललाई भ्रष्टचारको अग्रपंक्तिमा देखाउँछ। हाल व्याप्त नीतिगत भ्रष्टचार, सरुवा, बढुवा, खरीद, सेवा प्रवाहमा ढिलासुस्तीले हुने भ्रष्टाचारलाई न्यूनीकरण गर्नु अब बन्ने सरकारको प्रमुख चुनौतीको विषय हो। देशमा शान्ति सुव्यवस्था कायम गर्नु र दण्डहीनताको अवस्थाको अन्त्य गर्नु अनिवार्य छ। गल्ती गर्नेले गल्ती गर्नुभन्दा पहिले मलाई कारबाही हुन्छ भन्ने मानसकिता सृजना हुन्छ कि हुँदैन ? देशमा गुण्डागर्दी मौलाउँछ कि निरुत्साहित हुन्छ ?

प्रत्येक दिन हजारौं युवा रोजगारीको खोजीमा विदेशिनुपर्ने बाध्यता छ। विदेशमाभन्दा रोजगारी सृजना गर्ने अवसर नेपालमा बढी हुँदाहुँदै हाम्रो आर्थिक नीति र अस्थिर सरकारका कारण हिजोका दिनमा त्यो सम्भव भएन। जब देशमा विकासले गति लिन्छ तब त्यहाँ अनेकौं रोजगारका अवसर सृजना हुँदै जान्छन्। सडक निर्माण, विद्युत् निर्माण, सिंचाईका आयोजना, भूकम्पपछिको पुनर्निर्माणजस्ता भौतिक पूर्वाधार निर्माणमा ठूलो संख्यामा रोजगारका अवसर सृजना हुनेछन्। त्यस्तै, कृषि, वन, पर्यटन, जडिबुटी र औद्योगीकरणमा हजारौं रोजगारका अवसर सृजना गर्न सक्नुपर्दछ। कृषिलाई व्यावसायिक तथा यान्त्रीकरण गर्दै कृषि क्षेत्रलाई आकर्षक पेसाका रूपमा विकास गरिनुपर्दछ। कृषिमा लगानी गर्न सक्ने र ऋण लिन सक्ने व्यक्तिलाई आकर्षण गरी न्यून आय भएकालाई रोजगारको अवसर सृजना गर्न सक्नुपर्दछ। नेपालमा भएका जडिबुटीलाई नेपालमै प्रशोधन गर्ने, उद्योग खोल्ने र रोजगारको सृजना गर्न सक्नुपर्दछ। नेपालका पर्यटकीयस्थललाई थप आकर्षक बनाउने, विश्वमा प्रचारप्रसार गर्ने र नेपालमा धेरैभन्दा धेरै पर्यटक भित्र्याउने अवसर यथावत छ। अन्त्यमा, दुई वाम दल एकीकरण गर्नु र पाँच वर्षको स्थायी सरकार बनाई देशमा सुशासन एवं समृद्धिको बाटोमा हिँडाउनुको विकल्प छैन। कुनै वाम दलले व्यक्तिगत स्वार्थमा योबाहेक अन्य विकल्पमा सरकार निर्माण गर्न खोज्नु जनमतको घोर अपमान हो र त्यसले जनताको सुशासन र समृद्धिको सपनालाई अर्को धेरै वर्ष पछाडि धकेल्नेछ।

## पाठक पत्र

### अब त लफडा नझिक

राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रियसभा निर्वाचनसम्बन्धी अध्यादेश प्रमाणीकरण गरेसँगै नेपाली राजनीतिले नयाँ मोड लिएको छ। राजनीतिक दलबीचमा विवाद देखिएका कारण लामो समयदेखि राष्ट्रपति कार्यालयमा अड्किएको उक्त अध्यादेश विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि अब नयाँ सरकार गठनको बाटो खुलेको छ। अब ताजा जनादेशसहित वाम गठबन्धनको प्रमुख घटक नेकपा एमालेको नेतृत्वमा नयाँ सरकार बन्ने पक्कापक्कीजस्तै भएको छ। चुनावी परिणामका कारण अरू कसैले रोकेर रोक्न सकिने स्थिति पनि छैन। मुख्य समस्या देखिएको र अड्काउने बाटो भएको विधयक प्रमाणीकरण भइसकेपछि समस्या आधा निराकरण भएको छ।

प्रतिनिधिसभामा ८० सिट ल्याएको एमाले र ३६ सिट ल्याएको नेकपा माओवादी केन्द्रको समेत सहभागितामा नयाँ सरकार अब बन्नुपर्छ। नयाँ बन्ने सरकारले संविधान कार्यान्वयनको अर्को चरणमा प्रवेश गर्दै गर्दा अन्तर्राष्ट्रिय समुदाय नयाँ सरकारसँग सहकार्य गर्न प्रतीक्षारत छन्। प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन १० मंसिर र २१ मा शान्तिपूर्ण, व्यवस्थित तथा व्यापक समर्थनमा सम्पन्न भएको हो। स्थानीय, प्रादेशिक र राष्ट्रिय तहमा निर्वाचनको सफल समापन नेपालको लोकतान्त्रिक यात्राको महत्त्वपूर्ण कोसेढुंगा सावित भएको छ। निर्वाचनले पारदर्शिता, समावेशिता, विधिको शासन र सेवाप्रदायक सिद्धान्तमा आधारित उत्तरदायी शासनको अपेक्षा आम नेपालीले राखेका छन्। संवैधानिक रूपमा व्यवस्था गरिएको प्रत्यक्ष निर्वाचनको अन्तिम परिणामसँगै अध्यादेश प्रमाणीकरणले नयाँ सरकारको लागि बाटो खुलेको छ।

अझै पनि लफडा निकालेको नेपाली कांग्रेसले सरकार गठनका लागि मार्गप्रशस्त गरिसकेको स्थिति छैन। वर्तमान सरकारले विभिन्न निकायमा धमाधम राजनीतिक नियुक्ति गरेर अल्पमतको सरकारको धज्जी उडाइसकेको छ। यो आफैंमा गैरकानुनी कार्य हो। कामचलाउ सरकारलाई यस्तो अधिकार प्राप्त हुँदैन। निर्वाचन, संघीयता र सरकारी निकायहरूको सबलीकरणको माध्यमबाट हुने संविधान कार्यान्वयनले राजनीतिक स्थायित्वको नयाँ युग शुरू गर्न नयाँ सरकार गठनमा ढिलाइ हुनुहुँदैन। सबै निर्वाचन परिणाम सार्वजनिक भइसकेको वर्तमान अवस्थामा संक्रमणकालको अन्त्य गर्दै मुलुकलाई स्थिर सरकार दिएर संविधान कार्यान्वयनको प्रक्रियालाई संस्थागत गर्न अब नयाँ सरकारको गठन अत्यावश्यक भइसकेको छ।

अब बन्ने सरकारले मात्र राष्ट्रिय महत्वका कतिपय विषयको उचित निकास दिने संवैधानिक र कानुनी हैसियत राख्छ। प्रतिनिधिसभामा जम्मा २३ सिट जितेर तेस्रो दल बनेको नेपाली कांग्रेससँग सत्तामा टाँसिएर बस्ने कुनै नैतिक र राजनीतिक अधिकारसमेत छैन। जाँदाजाँदैको यो सरकारलाई सात प्रदेशमा प्रदेशप्रमुख नियुक्ति गर्ने नैतिक अधिकार पनि छैन। तर, सरकार भित्रभित्रै प्रदेशप्रमुख नियुक्त गर्ने गृहकार्यमा लागिरहेको देखिन्छ। बिहीबारको बैठकमा पनि झण्डै हानाहानको स्थिति देखीएको थियो। मन्त्री परिषद् बैठमा यस्तो हुनु देउवाका लागि राम्रो पक्ष हुँदै होइन।

देउवा सरकारले राजनीतिक नियुक्ति गरेर संसदीय राजनीतिको मर्यादा उल्लंघन गरिरहेको छ। अध्यादेशको अभावमा संघीय संसद्ले पूर्णता नपाउने भएकाले यति धेरै महत्त्वको विषयलाई राष्ट्रपतिले केही समय अल्मल्याउँदा समस्या सिर्जना भएको थियो। ढिलै भए पनि प्रमाणीकरण भएको छ। अध्यादेशको बहानामा गतिरोध उत्पन्न हुनु जनमतको अपमान पनि हो। अब त्यो पनि समाधान भएपछि लफडा झिकिरहनु त्यति जायज छैन। विधिको शासनको सम्मान गर्दै नयाँ सरकार गठनको मार्गप्रशस्त गर्नु जरूरी देखिएको छ।

*- समिर सुन्दास, हेटौंडा*

### ट्राफिक प्रहरीलाई सहयोग गरौं

पशुपति क्षेत्रमा जानेलाई सहज गराउन ट्राफिक प्रहरीले नयाँ कामको शुरूआत गरेको छ। वनकाली चौरमा पार्किङ गरेर दर्शनका




लागि जान प्रहरीले अनुरोध गरेको छ। सर्वसाधारणको सहजताका लागि गरेको यो काम निकै सराहनीय छ। विश्वसम्पदा सूचीमा सूचीकृत ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्व बोकेको आराध्यदेव पशुपतिनाथको दर्शन गर्न जाने यात्रुलाई सहजरूपमा दर्शन गर्ने वातावरण मिलाउन चार शिवालय (वनकाली) देखि उत्तरतर्फको भागसम्म सवारीसाधन प्रवेश निषेध गरिएको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखा, पशुपति क्षेत्र विकास कोष र काठमाडौं महानगरपालिकाका पदाधिकारीको गत असोज ३० गते बसेको संयुक्त बैठकले पशुपति क्षेत्रभित्र सवारीसाधन निषेध गर्ने निर्णयअनुसार उक्त क्षेत्रमा सवारीसाधन प्रवेशमा निषेध गरिएको हो।

चार शिवालयदेखि उत्तर, जयवागेश्वरीबाट पूर्व र दक्षिणामूर्तिबाट दक्षिणको भागलाई सवारीसाधन प्रवेश निषेधित क्षेत्रका रूपमा घोषणा गरिएको छ र लागूसमेत भएको छ। जसमा दक्षिणामूर्तिबाट मित्रपार्कसम्म जाने सवारीसाधनलाई एकतर्फी गरिएको छ। वनकाली चौरमा पार्किङ गर्ने व्यवस्था मिलाएको छ। शववाहन, एम्बुलेन्स, दमकल र सुरक्षाकर्मीका अत्यावश्यक सवारीसाधनलाई भने रोक लगाइएको छैन।

वार्षिक ९० लाखदेखि रु. एक करोडको हाराहारीमा दर्शन गर्न आउने स्वदेशी तथा विदेशी तीर्थयात्रीले सहजरूपमा दर्शन गरुन् भन्ने उद्देश्य कोषको हो। यसका लागि सवारीसाधन निषेधित क्षेत्र बनाउनु सकारात्मक छ। जथाभावी गर्नेलाई यसले अंकुश लगाएको छ भने पर्यटकलाई पनि सहजता बनाएको छ। ट्राफिक प्रहरीका प्रमुख डीआईजी सर्वेन्द्र खनालले पवित्र उद्देश्यले पशुपतिनाथको दर्शन गर्न आउने स्वदेशी तथा विदेशी तीर्थयात्री सहजरूपमा दर्शन गरेर फर्किने वातावरण प्रदान गर्नका लागि उक्त अभियान शुरू गरेको यो कदमले उहाँप्रतिको इज्जत झन् बढाएको छ। ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्वका रूपमा रहेको हाम्रो सम्पत्तिको संरक्षण गरी धेरैभन्दा धेरै तीर्थयात्रु भित्र्याउने लक्ष्यअनुसार सवारीसाधनलाई व्यवस्थित गर्न लाग्नु राम्रो हो। यो कामलाई हरेक क्षेत्रमा लागू गरेमा झन् राम्रो हुनेछ। यसमा हामी सर्वसाधारणको साथ-सहयोग जरुरी छ।

*- सुशान्त आलेमगर, स्याङ्जा*

## सामाजिक सञ्जाल



रेस्टुरेन्टमा खाएर बिल तिर्दाझैं अस्पतालमा पनि १ सय ३५ भ्याट र ५५ सेवा शुल्क रे। अति गर्नु तर अत्याचार नगर्नु। बिरामीसँग चर्को कर असुली बन्द गर्न सकिन्न हाम्रो नेपालमा ?

**Bhumi Bhandari**
**@bhumibhai**



परिपक्व हुनु भनेको ठूलो-ठूलो कुरा गर्नु होइन, सानोभन्दा सानो कुरा बुझ्नु हो।

**सुजीत चन्द्र घिमिरे**
**@sujitghimire50**



सामाजिक सञ्जालमा पोस्ट गरिएका कतिपय तस्वीरमा अनावश्यक कमेन्ट गर्दा अरूलाई कस्तो प्रभाव पर्छ भनेर सोच्दैनन् यहाँ मान्छेहरु, साँच्चै मानवता हराएको छ मानवमा।

**Rj Moona**
**@moona_rj**

‘मुहानै फोहोर भएपछि चुहान कहाँबाट सफा हुन्छ? मुहान सफा गर्न अब कांग्रेसका नेता-कार्यकर्ता नै तयार हुनुपर्छ।’

# नेपाल



शनिबार टुंडिखेलमा लोसार मनाउँदै गुरूङ समुदाय । तस्वीर : अनिल आङदेम्बे /काठमाडौं

## कांग्रेसको मुहानै सफा गर्नुपर्ने

भक्तपुर, (नेस)

नेपाली कांग्रेसका नेता बलबहादुर केसीले आफ्नो पार्टीलाई बलियो बनाउन मुहान नै सफा गर्नुपर्ने बताउनुभएको छ।

नेपाल आदिवासी जनजाति संघ जिल्ला कार्यसमिति भक्तपुरद्वारा शनिबार आयोजित ‘राष्ट्रिय मेलमिलाप दिवस’ विषयक विचार गोष्ठीमा बोल्ने क्रममा उहाँले भन्नुभयो- ‘मुहानै फोहोर भएपछि चुहान कहाँबाट सफा हुन्छ? मुहान सफा गर्न अब कांग्रेसका नेता-कार्यकर्ता नै तयार हुनुपर्छ।’

नेतृत्व तहले नीति र संगठनबीच समन्वय गर्न नसक्दा पार्टी कमजोर भएको धारणा राख्दै नेता केसीले पार्टीको सुधार नेतृत्व तहबाटै शुरू गर्नुपर्ने र यसलाई देशव्यापी अभियानका रुपमा लैजानुपर्नेमा जोड दिनुभयो।

नेतृत्वको भागबण्डा विवादले पार्टीले प्रतिनिधिसभा र प्रदेशसभा आमनिर्वाचनमा कमजोर देखिएको तर्क गर्दै उहाँले वामगठबन्धन तोड्ने र सत्तामा जाने मूर्खता नगरी पार्टीले जनादेशअनुसार सरकार बनाउन वामगठबन्धनलाई मार्ग प्रशस्त गर्नुपर्छ भन्नुभयो।

सोही कार्यक्रमलाई सम्वोधन गर्ने क्रममा कानुन राज्यमन्त्री दिलमान पाखिनले देश नयाँ संरचनामा गए पनि पार्टी पुरानै संरचनामा चल्दा समस्या आएको बताउनुभयो।

## निजी विद्यालय सञ्चालक असन्तुष्ट

नेपाल समाचारपत्र

भक्तपुर

उच्च स्तरीय शिक्षा आयोग २०७४ ले सरकारलाई बुझाएको निजी विद्यालयसम्बन्धी प्रतिवेदनप्रति सरोकारवालाहरूले असन्तुष्टि जनाएका छन्। एन -प्याब्सन भक्तपुरद्वारा शनिबार आयोजित ‘निजी तथा संस्थागत विद्यालयको अबको बाटो’ विषयक बृहत् शैक्षिक विमर्श कार्यक्रममा सहभागी निजी विद्यालय सञ्चालकहरूले यस्तो असन्तुष्टि जाहेर गरेका हुन्।

उच्च स्तरीय शिक्षा आयोग २०७४ द्वारा निजी विद्यालयबारे ५ वटा विकल्प प्रस्तुत गर्दै यही पुस ४ गते शिक्षामन्त्री गोपालमान श्रेष्ठलाई बुझाइएको प्रतिवेदनमा उल्लिखित प्रावधानबाट निजी विद्यालय बन्द हुनसक्ने उनीहरूको दावी थियो।

एन-प्याब्सनका केन्द्रीय सदस्य राजेन्द्र कोजूले सो प्रतिवेदनमा आयोगको शुल्क निर्धारण, नक्सांकन तथा जोनिङ गर्दै तिनलाई नियमन गर्नु, निजी विद्यालय बन्द गर्नु, अहिले नै कक्षा एकबाटै विद्यार्थी भर्ना नगरेर आगामी १२ वर्षमा विद्यालय तहमा निजी लगानी नै बन्द गर्नु भन्ने जस्ता विषय उल्लेख भएकाले निजी विद्यालय बन्द गराउने षड्यन्त्र भएको आरोप लगाउनुभयो।

चाँगुनारायण नगरपालिकाका नगरप्रमुख सोम मिश्रले भने सरकारले तत्कालै निजी विद्यालय बन्द गराउने नसक्ने दाबी गर्दै भन्नुभयो- ‘सरकारी विद्यालयको शैक्षिक गुणस्तर बढेमा निजी विद्यालयले प्रतिस्पर्धा गर्न नसकी स्वत: बन्द हुनेछन्।’ सूर्यविनायक नगरपालिकाका उपप्रमुख जुना बस्नेतले अब स्थानीय तहले सरकारी विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्ने र निजी विद्यालयसँग सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो।

नेपाल पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकीले सरकारी र निजी विद्यालयबीच रहेको शैक्षिक गुणस्तरको खाडल पुर्न आवश्यक रहेको औँल्याउनुभयो। एनप्याब्सन भक्तपुरका उपाध्यक्ष विश्वराम दुवाल र सहकोषाध्यक्ष रत्न राई, अधिवक्ता राधाकृष्ण भण्डारीलगायतले आयोगको प्रतिवेदनप्रति निजी विद्यालय सञ्चालकहरूमा असन्तुष्टि रहेको टिप्पणी गर्नुभयो।

## कांग्रेसले समानुपातिकतर्फको नामावली बुझायो

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसले प्रदेशसभाको समानुपातिकतर्फका सदस्यको नामावली निर्वाचन आयोग नेपालमा बुझाएको छ। कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सो नामावली बुझाएको हो।

गत मंसिर १० र २१ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा कांग्रेसलाई सातै प्रदेशमा प्राप्त समानुपातिकतर्फको मतपरिणामबमोजिम ७२ जना सदस्य पाएको थियो।

कांग्रेसलाई प्रदेश नं १ मा १३, प्रदेश नं २ मा ११, प्रदेश नं ३ मा १४, प्रदेश नं ४ मा ९, प्रदेश नं ५ मा १२, प्रदेश नं ६ मा ५ र प्रदेश नं ७ मा आठ सिट संख्या प्राप्त भएको हो।

## नेपाल–बुर्किनाफासोबीच कूटनीतिक सम्बन्ध स्थापना



काठमाडौं, (नेस)

नेपाल र अफ्रिकी मुलुक गणतन्त्र बुर्किनाफासोबीच दौत्य सम्बन्ध स्थापना भएको छ। दुवै भू-परिवेष्ठित मुलुकबीच औपचारिक रूपमा कुटनीति सम्बन्ध स्थापना भएको हो।

संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि दुर्गाप्रसाद भट्टराई र राष्ट्रसंघका लागि बुर्किनाफासोका दूत यमदाउगो इरिक टायरेले शुक्रबार यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको हो। सो अवसरमा दुवै मुलुकका दूतहरूले एक अर्को मुलुकबीच आगामी दिनमा गर्न सकिने सहकार्यका बारेमा पनि छलफल गर्नुभएको न्ययोर्कस्थित नेपाली नियोगले जनाएको छ।

नेपाल जस्तै अल्पविकसित मुलुकमा सूचिकृत बुर्किनाफासो सन् १९८४ अघि अप्पर भोल्टाको नामबाट परिचित थियो। सो मुलुकसँग दौत्यसम्बन्ध स्थापना भएसँगै नेपालले विभिन्न १ सय ५६ मुलुकसँग औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको परराष्ट्र मन्त्रालयको तथ्यांक छ।

## सय विद्यार्थीलाई छात्रवृत्ति

काठमाडौं, (नेस)

अग्रवाल सेवा केन्द्रले ११३ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ। काठमाडौंको २३ वटा सामुदायिक उच्च माध्यामिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्तिस्वरूप नगद ३ हजार रुपियाँ प्रदान गरेको हो।

केन्द्रद्वारा शनिबार आयोजित एक कार्यक्रममा उक्त विद्यार्थीहरूलाई सो छात्रवृत्ति प्रदान गरिएको हो। छात्रवृत्ति रकम प्रदान गर्दै अग्रवाल सेवा केन्द्रका अध्यक्ष महेशकुमार अग्रवालले यसलाई सबैले सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो।

भद्र नारी जागरण समितिका अध्यक्ष विष्णुदेवी पुडासैनीले यस कार्यको प्रशंसा गर्दै प्रत्येक वर्ष रकम बढाउन सुझाव दिनुभयो। केन्द्रले विगत ५ वर्षदेखि सो छात्रवृत्ति प्रदान गर्दै आएको छ।

## नगदसहित पक्राउ

काठमाडौं, (नेस)

नागढुंगा चेक प्वाइन्टमा सवारी साधन जाँच गर्ने क्रममा रौतहटको गौरबाट काठमाडौं आउँदै गरेको ना७ ख २७७६ नम्बरको यात्रुबाहक बसमा सवार भारतीय नागरिक २५ वर्षीय सोनुकुमार चौधरीलाई शरीरमा कपडाले बेरी ल्याएको तथा साथको झोलामा राखेको गरी स्रोत खुल्न नआएको १ हजार दरका नोट २ हजार २ सय १७ थान र ५ सय दरका नोट १ हजार ९ सय ६६ थान गरी जम्मा ३२ लाख रुपियाँसहित शुक्रबार प्रहरीले पक्राउ गरेको छ। यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

## मीरा जीवितै छन् जस्तो लाग्छ : हरिवंश आचार्य

भगवती तिमल्सिना, काठमाडौं

श्रीमती मीरा आचार्यको केही वर्षअघि भएको मृत्युको पीडा भोगिरहेका वरिष्ठ हास्य कलाकार हरिवंश आचार्यले शनिबार तीलगंगा आँखा प्रतिष्ठानमा आयोजित आँखादाताको सामूहिक श्रद्धाञ्जलीसभाको प्रमुख आतिथ्यता ग्रहण गर्दै भन्नुभयो- ‘दिवंगत श्रीमती मीराको आँखाले यता कतैबाट मलाई हेरिरहेको छ कि जस्तो लागिरहेको छ।’

‘श्रीमती मीराको मृत्युपर्यन्त दान गरिएको ती दुवै आँखा दुई जना नानीले पाएको खबर सुन्दा मीरा अझै पनि जीवितै छन् जस्तो लाग्छ’, उहाँले थप्नुभयो- ‘मरेपछि जलेर या गाडेर नष्ट हुने शरीर समयमै दान गरौं, शरीर मरे पनि अंग मर्दैन। अरूका लागि काम लाग्छ। जीवित छँदा मात्र हैन मरेर पनि पुण्य कमाऔं।’

बीपी नेत्र अध्ययन प्रतिष्ठान त्रिवि शिक्षण अस्पताल महाराजगन्जका एसोसिएट प्रोफेसर डा. मिनु चौधरीले भन्नुभयो- ‘माटो र खरानी हुने शरीरलाई दान गरेर जीवित राखौं। नेपालमा अब आँखा दानका क्षेत्रमा जनचेतना मात्र भएर पुग्दैन आँखाको दृष्टि कम हुने कर्नियाको समस्याका आधारमा कर्नियल सर्जन र उपकरण कम छ। यसतर्फ सरकारको समयमै ध्यान पुग्नु जरुरी छ।’



एक साताअघि दुवै आँखाको नानी प्रत्यारोपण गरी हाल बंगलादेशमा एमबीबीएस अध्ययन गर्दै आएकी बन्दिता कार्की आँखाको नानी पाएर संसार देख्न पाएकामा आँखा दान महादान रहेछ भन्नुहुन्छ। आँखाको नानी प्राप्त गरी उज्यालो संसार देख्नुभएका स्याङ्जा सेती दोभान निवासी सविन बोगटी जन्मजातै दृष्टिविहीन भएको र आफूले ०५८ सालमा पहिलो पटक आँखाको नानी प्रत्यारोपणपछि यो बाहिरी संसार देख्न र पढ्न लेख्न पाएकामा खुसी व्यक्त गर्दै भविष्यमा आँखा दानको अभियानमा जुट्न सबैलाई आग्रह गर्नुहुन्छ।

नेपाल आँखा दान समाजका अध्यक्ष जगन्नाथ महर्जन भन्नुहुन्छ- ‘आँखाको नानी संकलनभन्दा प्रत्यारोपणको माग दुईगुना बढी भएकै कारण अझै धेरै मानिस अन्धोपनको शिकार हुन बाध्य छन्।’ विराटनगरर आँखा अस्पतालका अध्यक्ष डा. सञ्जय सिंह २२ वर्षअघि तिलगंगामा आँखा प्रत्यारोपण गरेको हेरी प्रभावित भएर विगत ८ वर्षदेखि आफू पनि यही क्षेत्रमा जुटेको बताउनुहुन्छ।

नेपालमा थुप्रै आँखाको नानी बिग्रिएका व्यक्तिका लागि नेपाल आँखा बैंकले शुरू गरेको आँखाको नानी संकलन र प्रत्यारोपण सेवा वरदान सावित भएको छ। बैंकमा अहिले ७० हजारभन्दा बढी दाताले मृत्यु पर्यन्त आँखाको नानी दान गर्ने प्रण गरिसकेका छन् भने झन्डै १२ हजार ५ सय जनाले आँखाको नानी दान प्राप्त गरी पुन: दृष्टि प्राप्त गरेका छन्। पछिल्लो समयमा आँखा दान गर्न प्रण गर्नेको संख्या दोब्बरले बढेको तिलगंगा आँखा प्रतिष्ठानले जनाएको छ।

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनसम्पत्ति प्राप्ति, सुख-सन्तोष, कार्य सफल।
**वृष** : खाद्यान्न प्राप्ति, मिष्ठान्न भोजन, शुभ समाचार, कार्य सफल।
**मिथुन** : धन हानि, रोगव्याधिको भय, आर्थिक नोक्सानी, चिन्ता।
**कर्कट** : विविध वस्तु वा सेवा प्राप्ति, विशिष्ट व्यक्तित्वसँग भेटघाट।
**सिंह** : गरेका काम सफल, साथीभाइ वा आफन्तबाट सहयोग, सुख।
**कन्या** : राज्य वा राजनीतिकर्मीबाट फाइदा, मान-प्रतिष्ठा वृद्धि।
**तुला** : रोगव्याधिको भय, शारीरिक कष्ट, धनहानि, कार्य बाधा।
**वृश्चिक** : धनलाभ, विपरीतलिंगीबाट लाभ, हर्षविभोर, प्रसन्नता।
**धनु** : द्रव्य लाभ, प्रतिस्पर्धात्मक कार्यमा विजय, सुख-शान्ति।
**मकर** : गरेका काम सफल, आत्मसन्तुष्टि, गिफ्ट प्राप्तिको सम्भावना।
**कुम्भ** : पेटको स्वास्थ्य समस्या, व्यर्थमा दौडधुप, तनावल अनिद्रा।
**मीन** : लाभ, पराक्रम, उन्नति-प्रगति, मान-सम्मान, हितैषी भेटघाट।

# नेपाल

एक दिन भए पनि आज
घरबाहिर पकाएर खानुपर्ने मान्यताका
कारण परिवारका सबै सदस्य
कुन्क्यौलो(वनभोज) जाने र मीठा-मीठा
खानेकुरा खाने चलन रही आएको छ।

पूर्वराजालाई भेटेपछि कमल थापाले भने-

## 'हिन्दुराष्ट्र र राजसंस्थाका लागि सडक तताउँछौं'

कुमार श्रेष्ठ, बाँके



राप्रपाका अध्यक्ष कमल थापाले नेपालगन्जमा आएर पूर्वराजा ज्ञानेन्द्र शाहसँग भेटघाट गरेका छन्। पूर्वराजा ज्ञानेन्द्रले भेट्ने इच्छा गरेको सूचना पाउनासाथ कुँदेर नेपालगन्ज पुगेका थापाले सोल्टी होटलमा करिब डेढ घण्टा भेटघाट गर्नुभयो।

शिष्टाचार भेटमा पूर्वराजा ज्ञानेन्द्रले देशको परिस्थिति र राप्रपाको आगामी रणनीति/कार्यक्रमबारेमा सोध्नुभएको थियो। 'पूर्वराजाको दुई साता लामो पश्चिम बसाइँ होटल उद्घाटनदेखि धार्मिक भ्रमणमा केन्द्रित रहेको पाएँ', थापाले भन्नुभयो- 'म पनि नेपालगन्ज आएको र राजा पनि यतै रहेको थाहा पाएपछि म भेट्न गएको हुँ।'

अध्यक्ष थापाले पूर्वराजासँगको भेटपछि पत्रकारहरूसँग कुरा गर्दै हिन्दुराष्ट्र र राजसंस्थाका लागि अब सडकबाट सशक्त आन्दोलन गर्ने बताउनुभयो। 'जनताले राप्रपालाई सडकबाट आन्दोलन गरेको हेर्न चाहेका छन्', थापाले भन्नुभयो- हिन्दुराष्ट्र र राजसंस्थाको एजेन्डा संसद्मा कमजोर भएको छ। सडकमा सशक्त बनाउँछौं।'

हिन्दुराष्ट्रको नारालाई तपाईंले पटक-पटक सत्तासँग साटेकाले तपाईंको पार्टीले गएको चुनावमा हार व्यहोरेको हो भन्ने प्रश्नमा अध्यक्ष थापाले भन्नुभयो- 'हाम्रो ग्रहदशा बिग्रेको जस्तो लाग्छ। हिन्दूको बाहुल्यता रहेको देशमा हिन्दुराष्ट्रको नारा बोक्ने पार्टीले तीन प्रतिशत मत ल्याउन सकेन। यो हामीले परिकल्पनासम्म गरेका थिएनौं।'

उपप्रधान एवं ऊर्जामन्त्रीसमेत रहेका थापाले अध्यादेशको गाँठो फुकेकाले छिट्टै नयाँ सरकार गठन हुने बताउनुभयो। 'अब कुनै अवरोध छैनन्, विधि र प्रक्रिया पुर्‍याएर नयाँ सरकार गठन हुन्छ', थापाले भन्नुभयो- 'हामी नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्न आतुर छौं।'

थापाले नेपालगन्ज आएको मौकामा अगुवा कार्यकर्तालाई समेत सम्बोधन गर्नुभएको छ। पार्टीको नीति र मार्गचित्र उपयुक्त रहे पनि चुनावी परिणाम आफ्नो पक्षमा आउन नसकेको थापाले बताउनुभएको थियो। 'हाम्रा नीति र मार्गचित्र अझै उपयुक्त छन्, चुनावको परिणामले हामी विचलित भइसकेका छैनौं' -थापाले भन्नुभयो।

थापाले प्रदेश र प्रतिनिधिसभाको चुनावसँगै अब देशमा शान्ति र स्थायित्व हुने, प्रजातन्त्र सुदृढ हुने, देशको ध्यान आर्थिक विकासमा केन्द्रित हुने विश्वास व्यक्त गर्नुभयो।

एक दिनका लागि नेपालगन्ज आइपुगेका थापाले पुराना नेता इकराल इराकीलाई अस्पतालमै गएर भेट्नुका साथै बागेश्वरी मन्दिरमा पूजा गर्नुभएको थियो। पूर्वराजा भने सोल्टी होटलबाट बाहिर निस्कनु भएको छैन। १५ दिने भ्रमणमा आउनुभएका पूर्वराजा ज्ञानेन्द्र २० गतेपछि बाहिर निस्किने स्रोतले बताएको छ।

## 'जनशक्ति' र 'कानुन' देखाउँदै अधिकारमा ब्रेक

### वडा अध्यक्षहरू भन्छन्- 'कार्यालय खोलेर बाख्रा चराउन जाने हो ?'

मोतीराम तिमल्सिना, काभ्रे

अधिकार सम्पन्न स्थानीय सरकारको हस्तक्षेप निर्वाचनको सम्मुखमा पुनः खोसिएको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सचिवस्तरीय निर्णयबाट मंसिर २२ गते देशभरका स्थानीय सरकारका अधिकार कटौती गरिएको हो।

देश निर्वाचनमय भइरहेको मौका छोपी मन्त्रालयले स्थानीय सरकारका वडास्तरीय अधिकार कटौती गर्दै वडा खाता सञ्चालन तथा अख्तियारीका बारेमा थप कडाइ गरेको हो। उपसचिव ढुण्डीप्रसाद निरौलाले हस्ताक्षर गरेको परिपत्र स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृतहरूले कार्यान्वयन गरेका छन्। मन्त्रालयका सचिवको निर्देशन मान्दै प्रमुख प्रशासकीय अधिकृतहरूले वडा कार्यालयमा भएको अधिकार खोस्दै आफूमा केन्द्रित गरेका छन्। साविक गाउँ विकास समितिका सचिवहरूबाटै वर्षौंदेखि सञ्चालन भएका खाताहरूलाई समेत जनप्रतिनिधिहरू आएलगत्तै मन्त्रालयले अविश्वास गर्दै परिपत्रको अन्तिम बुँदामा भनेको छ- 'अर्को कानुनी व्यवस्था नभएसम्म आर्थिक कार्याविधि नियमावली २०६४ को परिच्छेद ९ अनुसार विगतको पेस्की रकम फछ्र्यौट गरी आर्थिक कारोबारको व्यवस्था मिलाउन सकिने अवस्था रहेकाले वडा कार्यालयमा खोलिएको खर्च खाताका सम्बन्धमा यस प्रयोजनमा मात्र प्रयोग गर्न सकिने हुँदा सोबमोजिम बाहेक अन्य प्रयोजनमा वडा खाता प्रयोग गर्न नसकिने।'

'गाउँपालिका र नगरपालिकाका वडाहरूमा कार्यरत सचिवलाई जनप्रतिनिधि नहुँदा दिइएको जिम्मेवारी जनप्रतिनिधि निर्वाचित भएपछि खोसिएको छ', धुलिखेल-११ का वडा अध्यक्ष विष्णु काभ्रेलीले भने- 'वडा अध्यक्षहरू अब जनताको काम छाडेर बाख्रा चराउन गए हुन्छ।' खता सञ्चालनका अधिकार मात्रै होइन वडामा विनियोजन भएको बजेट र सोका लागि आवश्यक पर्ने लागत अनुमान, ड्इङ, डिजाइन, कार्यसम्पन्न/कार्य स्वीकार प्रतिवेदन एवं नापी किताबलगायतका सम्पूर्ण स्रेस्ता भुक्तानी दिने, सोको लेखा राख्ने, लेखा परीक्षण गराउने, बेरुजु भएमा सोको फछ्र्यौट गर्ने दायित्वसमेत हुने हुँदा अर्को कानुनी व्यवस्था नभएसम्म वडामा खाता प्रयोग गर्न नसकिने स्पष्ट पारेको छ। वडा अध्यक्ष काभ्रेलीले भने- 'हाम्रो कामचाँहि के हो ? मन्त्रालयका सचिवले दिएको निर्देशन मानेर चुपचाप कर्मचारी नियन्त्रण शासनमा रुमलिरहने ?'

वडा कार्यालयको अधिकार कटौती गरेपछि नागरिकले जनप्रतिनिधि नहुँदाभन्दा हुँदा दुःख र कष्ट व्यहोर्न थालेका छन्। 'जनप्रतिनिधि आए, संविधानले स्थानीय सरकारलाई अधिकार सम्पन्न गरायो भनेको त झनै दुःख र कष्ट पो उपलब्ध गरायो' -बनेपा-१४ का स्थानीय सेते दमाइले भने। साविक नासिका साँगा गाविस हुँदा सोही स्थानबाट प्राप्त गरेको योजना सम्झौताको अधिकार अब बनेपा नगरपालिकामा आइपुग्नुपर्छ। साविकको गाविस कार्यालय आइपुग्दा ३ घण्टा लाग्ने समय अब ५ घण्टासम्म लाग्ने भएको छ। सुगम ठानिएका नगरपालिकाहरूको यो अवस्था विकट र दुर्गम मानिएका गाउँपालिकाहरूमा अझै दर्दनाक छ। योजना सम्झौताका लागि सूचना प्रकाशन गरेका स्थानीय सरकारसँग नागरिकको गुनासो हरेक दिन यस्तैमात्र आउन थालेका छन्।

मन्त्रालयले जनशक्ति र कानुनको अभाव देखाउँदै स्थानीय सरकारको अधिकार खोसिरहँदासमेत जनप्रतिनिधि र राजनीतिक दलहरू मौन छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ उपदफा ५ अनुसार वडा कार्यालयमा अधिकृतस्तरको कर्मचारी नभएको र लेखाको कर्मचारीसमेत नभएको भन्दै वडाबाट खाता सञ्चालन गर्न मिल्ने अवस्था नरहेको परिपत्र गरेको छ। वडा अध्यक्षहरूको अधिकारमा ब्रेक लगाएको मन्त्रालयले यसअघि स्थानीय सरकारका प्रमुखहरूलाई समेत संविधानविपरीत कानुन र जनशक्ति नभएको भन्दै रोक लगाएको थियो। 'अधिकांश सरकारी कार्यालयमा कर्मचारीहरू काम नपाई घाम तापेर घर फर्कने गरेका छन्। कर्मचारीको व्यवस्थापन नगर्ने अनि जनताको अधिकार कटौती गर्ने अधिकार मन्त्रालयले कसरी पायो ?' -वडा अध्यक्ष काभ्रेलीले भने।

## सुदूरपश्चिममा ठूलीरात मनाइँदै

नेपाल समाचारपत्र

बैतडी

आज पुस १५, सुदूरपश्चिममा आज ठूलीरात तथा पुसे १५ का रूपमा धुमधामसँग मनाइँदै छ।

आजको रात सबैभन्दा लामो हुने भएकाले आजको रातलाई ठूलीरात मानी राति मीठो-मीठो खानेकुरा खाएर रमाइलो गरी जाग्राम बस्ने, डेउडा खेल्ने तथा बिहान उज्यालो नहुँदै नुहाईधुवाई गर्ने चलन रहेको पण्डित दयाकृष्ण पन्तले बताउनुभयो। उहाँले भन्नुभयो- 'रातभरि कथा, कहानी (स्थानीय भाषामा आइना, बातै) सुन्ने र सुनाउने तथा तरुल सखरगन्ज पकाएर खाने गरिन्छ।'

पन्नरी रातका रूपमा समेत मनाइने यो पर्वमा आज १५ किसिमका परिकारहरू खाने गर्दछन्।

तेल अथवा घिउमा तारेर पकाइएका खानेकुरा अथवा घिउ हालेको भात खाने गरिन्छ। तिहारमा भैली खेलेर जम्मा भएको रकमबाट आजै कुन्क्यौलो(वनभोज) खाने गरिन्छ। पुष १५ को आसपास सबैभन्दा चिसो समय हुने भएकाले चिसोबाट बच्न र शरीरसमेत फूर्तिलो हुन भएकाले चिल्लो पदार्थ हालेका तातो खानेकुरा खाने गरिएको समेत पण्डित पन्तको भनाइ रहेको छ।

एक दिन भए पनि आज घरबाहिर पकाएर खानुपर्ने मान्यताका कारण परिवारका सबै सदस्य कुन्क्यौलो(वनभोज) जाने र मीठा-मीठा खानेकुरा खाने चलन रही आएको छ।

डिसेम्बर २२ तारिखलाई विश्वभरि नै सबैभन्दा छोटो दिन भनिए पनि नेपाली समाजमा भने पुष १५ लाई छोटो दिन मान्ने गरिन्छ। आजदेखि दिनहरू विस्तारै लम्बिँदै जाने र असार १५ मा वर्षकै ठूलो दिन मानिन्छ।

भारतमा पुस १५ लाई लोहरी पर्वका रूपमा मनाइने गरिएको छ।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**मोटरसाईकल हरायो**
मिति २०७४/८/२ गते बनेपाको सिद्धार्थ कलेज अगाडी पार्कीङ गरेर राखेको अवस्थामा **बा ८८ प ४९६६** नम्बरको निलो रङको २२० सिसि बजाज पल्सर **इन्जिन नं.DKYCHE 43921 र च्यासिस नं.MD2A13EY8HCE53789** भएको मोटरसाईकल हराएको हुदा फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा सम्पर्क गरि दिनुहुन अनुरोध गर्दछु।
**मोवाईल नं. : ९८१८१०७३९८**

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान–दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५–७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३१५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, पुस
आइतबार
१६

स्थानीय कला संस्कतिको जर्गेना गरी प्राविधिक र व्यावसायिकका साथै गुणस्तरीय शिक्षा प्रदान गर्न थप बल पुऱ्याउन जिल्लास्तरीय पढाइ मेला सञ्चालन गरिएको कुरा किर्डाकका संयोजक टेकबहादुर शाही बताउँछन्।



# विद्यार्थीद्वारा शैक्षिक मेलाको अवलोकन

वीरबहादुर बम, मुगु

जिल्ला सदरमुकाममा १ दिने शैक्षिक मेला सम्पन्न भएको छ। उक्त शैक्षिक मेलाको दृश्यावलोकन गर्न बालबालिका र अभिभावकको पनि बाक्लो उपस्थिति रहेको थियो। जिल्लाका ४ वटा स्थानीय निकायका विद्यालयले स्थानीय शैक्षिक, सांस्कृतिक, धार्मिक सामग्री निर्माण गरी प्रदर्शन गरेका थिए। कलस्टरस्तरमा छनोट भएका ३३ वटामध्ये जिल्लास्तरमा २३ वटा विद्यालयले सामग्रीका स्टल निर्माण गरी कलात्मक सामग्री प्रदर्शन गरी जिल्लाको शैक्षिक स्तरको अवस्थालाई प्रदर्शन गरिएको थियो।

गुणस्तरीय शैक्षिक वातावरण वृद्धि गर्न विद्यार्थीद्वारा स्थानीय स्तरमा प्रयोग हुने माटो, ढुंगा, काठ र कागजको प्रयोग गरी लोप हुन लागेको स्याखु, सुपो, जाँतो, दुम्चो, हलो ,मुसल, गुमबा, तान, कुचो, फोटालगायतका ३ दर्जनभन्दा बढी सामग्री निर्माण गरी कलात्मक नमुना प्रस्तुत गरिएको थियो। मेला स्थलमा राखिएका स्टलमा स्थानीय कला, खेल, सामग्री निर्माणको समेत प्रस्तुतिले पनि मेला झनै आकर्षक बनेको थियो।

जिल्ला शिक्षा कार्यालय मुगुको समन्वयमा, युनिसेफ नेपाल र विश्व शिक्षाको आर्थिक प्राविधिक सहयोगमा कणाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र मुगुको आयोजनामा प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी बनाउन कक्षा १ देखि ३ कक्षासम्मका बालबालिकाको प्रतिभा प्रस्फुटन गर्न विगतदेखि पढाइ मेला सञ्चालन गरिँदैआएको छ।

विद्यार्थीको रचना, प्रतिभा प्रस्फुटन गराउन, स्थानीय कला संस्कतिको जर्गेना गरी प्राविधिक र व्यावसायिकका साथै गुणस्तरीय शिक्षा प्रदान गर्न थप बल पुऱ्याउन जिल्लास्तरीय पढाइ मेला सञ्चालन गरिएको कुरा किर्डाकका संयोजक टेकबहादुर शाही बताउँछन्।

शैक्षिक सामग्री प्रदर्शन र कला प्रस्तुत गर्ने ९ वटा विद्यालय उत्कृट विद्यालय छनोट गरी नगद तथा प्रशंसापत्र वितरण गरिएको थियो भने सहभागी अन्य विद्यालयलाई सामग्रीको प्रदर्शनका आधारमा अन्य स्थान निर्धारण गरी पुरस्कार तथा प्रशंसापत्र वितरण गरिएको थियो।

महाकाली उमाविको खेलमैदानमा सञ्चालन भएको पढाइ मेलामा जिल्लाका प्रदेश नं.क र खका प्रदशसभा सदस्य, पूर्वशिक्षाराज्यमन्त्री, स्थानीय निकायका प्रमुखलगायत सरकारी र गैरसरकारी कार्यालयका प्रमुख, शिक्षक विद्यार्थी अभिभावकलगायत २ हजार बढी बालबालिकाले मेलाको अवलोकन गरेका थिए।

जिल्लाका ८० वटा विद्यालयमा प्रारम्भिक कक्षा पढाइ कार्यक्रम सञ्चालन भएको छ। जिलामा शैक्षिक स्तर दिनप्रतिदिन खस्कँदै गएको अवस्थामा पढाइ मेलाले थप बल दिने कक्षा १ देखि ३ सम्मका बालबालिलाई रमाइलो पढाइ स्थानीय भाषा र सामग्रीको पढाइबाट शिक्षा प्रभावकारी हुँदै गएकोले प्रबर्द्धनात्मक तरिकाले सिकाइ गर्दा सिकाइ दिगो हुने र प्रतिफलमुखी हुने कुरा निमित्त जिल्ला शिक्षा अधिकारी धनुसूदन चौलागाईंले बताउनुभयो।

मेलामा घोडाबाट शैक्षिक सामग्रीको प्रदर्शन, विद्यार्थीका स्थानीय शैक्षिक सामग्रीको स्टल प्रदर्शन, विद्यार्थीका नाटक र स्थीनय गीतको प्रस्तुति पनि झनै आकर्षक थिए। जिल्लाका सबै राजनैतिक दलका प्रमुखको एउटै ड्यासमा आसिनको दृश्यले पढाइ मेलाको आकर्षण बढाएको थियो। विद्यालयस्तरमा ग्रामीण क्षेत्रसम्म सिकाइ मेला सञ्चालन गरी शैक्षिक सामग्रीको निर्माण र प्रयोगका साथै स्थानीय भाषा र संस्कृतिलाई जोगाउन पनि शैक्षिक मेला सञ्चालन गरिनुपर्ने मेलाका सहभागिले बताएका थिए। हालसम्म सञ्चालन गरिएका विभिन्न कार्यक्रममध्ये सचेतनामूलक विद्यार्थी, शिक्षक र अभिभावकका लागि भने जिल्लास्तरीय शैक्षिक मेला कासेढुंगा सावित हुने देखिन्छ।



# जीर्ण बन्दै धनथला झोलुंगे पुल

विनोदसिंह विष्ट, दार्चुला

२२ वर्षअघि निर्माण सम्पन्न भएको चमेलिया नदीमा रहेको धनथला झोलुंगे पुल मर्मतसम्भार र संरक्षण हुन नसक्दा जीर्ण बन्दै गएको छ।

बैतडीको दोगडाकेदार गाउँपालिका-५ न्वालीको धनथला र दार्चुलाको लेकम गाउँपालिका जोड्ने उक्त झोलुंगे पुल लामो समयसम्म पनि मर्मतसम्भार नहुँदा जीर्ण बन्दै गएको हो।

दार्चुलाको लेकम गाउँपालिका जोड्ने मुख्य पुलका रूपमा उक्त झोलुंगे पुल विसं २०५२ सालमा निर्माण सम्पन्न भएको थियो। पुल निर्माण सम्पन्न भएको २२ वर्ष बितिसक्दा समेत हालसम्म मर्मतसम्भार नहुँदा पुलका नट बोल्टहरू निस्केर हराउँदै जानुका साथै खिया लागेर जीर्ण बन्दै गएको लेकम गाउँपालिका-१ सेजालीका मानबहादुर कार्कीले जानकारी दिनुभयो। 'पुलको उचित मर्मतसम्भार नहुँदा कतिपय स्थानमा नट बोल्टहरू हराएको, जाली च्यातिएको तथा चर्किएको अवस्था छ', उहाँले भन्नुभयो- 'स्टिल पाताहरू उप्किएको छ भने छेउका तारवारसमेत भाँचिएको अवस्थामा रहेको छ।'

पुलमा प्रवेश गर्नासाथ हल्लिने भएकाले डरलाग्ने गरेको छ। दिनहुँ सयौं मान्छे ओहोरदोहोर गरिरहने पुल जीर्ण हुँदै गएको भए पनि मर्मतका लागि कुनै पनि निकायले चासो नदेखाएको स्थानीय बासिन्दाको भनाइ छ।

दार्चुला जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने लेकम गाउँपालिका अहिलेसम्म कुनै किसिमको सडक सञ्जालमा नजोडिएको उक्त पुलबाटै त्यहाँका नागरिक ओहोरदोहोर गर्ने गरेका छन्। दार्चुलाको लेकम र बैतडीको दोगडाकेदारमा दोहोरो बसाइँका कारण पनि उक्त पुल भएर ओहोरदोहोर बढी हुने गरेको स्थानीय कमला कार्कीले बताउनुभयो। 'वारिपारि दुवै ठाँउमा घर जग्गाजमिन भएकाले बढीजसो ओहोरदोहोर गरिराख्नुपर्छ', उहाँले भन्नुभयो- 'राति अबेर तथा बिहान सबेरै त्यही पुल भएर जानुपर्छ, तर पुल जीर्ण बन्दै जाँदा समस्या हुने गरेको छ।'

सडक सञ्जाल नपुगेका कारण समस्या भोग्दै आएका लेकमका नागरिकलाई पुल जीर्ण बन्दै जाँदा चिन्ता बढ्दै गएको छ। दार्चुला जिल्लाको लेकम गाउँपालिका र बैतडीजिल्लाको दोगडाकेदार गाउँपालिकाका जनताहरू ओहोरदोहोर गर्ने चमेलिया नदीको उक्त झोलुंगे पुल जीर्ण बन्दै गएकाले सम्बन्धित निकायले ध्यान नदिएको लेकम गाउँपालिका-२ बिटोराका भूपिसिंह धामीको भनाइ रहेको छ। 'पुलमा ओहोरदोहोर गर्दा एक व्यक्तिभन्दा बढीले ओहोरदोहोर गर्न नमिल्ने अवस्था छ', उहाँले भन्नुभयो- 'पुल पिङ खेलेको जस्तै हल्लिने गर्छ, बच्चा, बूढा, अशक्त र अपांगता भएकाहरूलाई झनै अप्ठ्यारो हुन्छ।'

सम्बन्धित निकायले यसको मर्मतसम्भार गर्नुपर्ने भन्दै उहाँले भन्नुभयो- 'अब यो ठाउँमा झोलुंगे पुल नभई पक्की पुल निर्माण हुनुपर्छ, जसले गर्दा लेकम क्षेत्रको यातायातका माध्यमहरू घोडा खच्चडका लागि पनि सहज हुनेछ।'

संरचना बनाउन लाखौं/करोडौं बजेट खर्च गरिन्छ तर संरक्षणका लागि कसैले चासो नदेखाउँदा यस्तो अवस्था आएको हो।

झोलुंगे पुल निर्माण भए पनि त्यसको दीर्घकालीन संरक्षणका लागि आवश्यक पहल नगरिँदा पुल जीर्ण बन्दै गएको स्थानीय बासिन्दाको आरोप रहेको छ।

सडकको पहुँच बाहिर रहेको यस लेकम क्षेत्रका नागरिकले घण्टौं हिँडेर घर पुग्नुपर्ने बाध्यता रहेको छ। खाद्यान्न समेत पिठ्युमा बोकेर तथा घोडा खच्चरको सहयताले लैजानुपर्ने बाध्यता रहेको छ। लेकम गाउँपालिकाका स्थानीय बासिन्दाले गाडी चढ्नसमेत ४/५ घण्टाको पैदल दूरी हिँडेर महाकाली राजमार्ग आउने गरेका छन्।

सडकको समस्याका कारण यहाँका नागरिकले विभिन्न काममा सास्ती भोग्दै आउनुका साथै विकास निर्माणका कामहरूमा पनि लेकम गाउँपालिका पछाडि परेको छ। लेकम गाउँपालिका जोड्ने ऐरिछाना धनथला क्षेत्रीय पर्यटन सडक निर्माण कार्य शुरू भएको लामो समयसम्म पनि निर्माण कार्यको गतिमा तीव्रता नहुँदा सडकको पहुँच पुग्न सकेको छैन।

जीर्ण बन्दै गएको धनथला झोलुंगे पुलको हाल मर्मतसम्भार लागि कुनै पनि बजेट नछुट्याएको लेकम गाउँपालिका अध्यक्ष प्रमानन्द जोशीले बताउनुभयो। 'मर्मत जीर्ण बन्दै गएको भए पनि आवतजावतमा कुनै बाधा परेको छैन', उहाँले भन्नुभयो- 'आवातजावतमा बाधा आयो भने गाउँपालिकाले मर्मतसम्भार गर्नेछ।'

लेकम गाउँपालिका जोड्ने गरी ऐरिछाना धनथला क्षेत्रीय पर्यटन सडक निर्माण कार्य शुरू भएकाले अब उक्त स्थानमा पक्कीपुल निर्माण हुने समेत गाउँपालिकाका अध्यक्ष जोशीले बताउनुभयो।



# महिलालाई धम्क्याउने दुई पक्राउ

नेपाल समाचारपत्र

भद्रपुर

अश्लील क्रियाकलापको भिडियो बनाई महिलालाई धम्काएर ब्लाकमेलिङ गरेको आरोपमा दुई युवकलाई प्रहरीले पक्राउ गरेको छ भने एकजना फरार रहेका छन्। पक्राउ पर्नेमा झापा अर्जुनधारा नगरपालिका-९ सालवाडीका १७ वर्षीय विजयकुमार मगर र सोही ठाउँका १७ वर्षीय नवीन डाँगीलाई प्रहरीले पक्राउ गरेको हो। उनिहरूलाई शनिबार बिर्तामोडमा पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरेको हो।



चिया बगानमा महिलासँग अश्लील क्रियाकलाप गरी सामाजिक सञ्जालमा अपलोड गर्ने धम्की दिएर ब्लाकमेलिङ गरेको आरोपमा प्रहरीले दुई युवकलाई पक्राउ गरेको तथा सोही घटनामा संलग्न एक युवक अझै फरार रहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी कृष्णप्रसाद कोइरालाले जनाएका छन्।

पक्राउ परेका दुवै जनालाई जबरजस्ती करणी उद्योग र चोरीसम्बन्धी मुद्दा दर्ता गराई कारबाही प्रक्रिया अघि बढाएको डीएसपी कोइरालाले जानकारी दिए। घटनामा संलग्न एकजना फरार रहेकाले खोजी कार्य तीव्र बनाइएको उनले बताए।

घटना विवरणअनुसार अर्जुनधारा नगरपालिका-११ स्थित गिरीबन्धु चिया बगानमा बिहीबार दिउँसो साढे १ बजे तीन जना युवकले यस्तो कर्तुत गरेका थिए। इलाम जिल्ला निवासी ३५ वर्षीय ती महिला सुरुंगा सिमलबाडीस्थित मितआमाको घरमा बुधबार घुम्न आएकी थिइन्। त्यसको भोलिपल्ट बिहीबार मितआमाका छोरा अर्थात् नातामा भाइ पर्ने युवकसँग ती महिला मोटरसाइकलमा चढेर बिर्तामोड गएकी थिइन्। बिर्तामोड पुगेर चिया बगानको बाटो भएर फर्किने क्रममा तीन जना युवकले उनीहरूलाई खुकुरी देखाएर रोकेका थिए। मोटरसाइकल रोकपछि ती युवकले महिला र उनका भाइलाई कुटपिट गर्दै धम्क्याएका थिए।

एक लाख रुपियाँ नदिए मोबाइलबाट खिचिएको फोटो तथा भिडियो सामाजिक सञ्जालमा अपलोड गरिदिन्छु भन्दै ब्लाकमेलिङ गरेको पीडितद्वयले प्रहरीलाई बयान दिएका छन्। अश्लील क्रियाकलाप गरेको भिडियो तथा फोटो बनाइसकेपछि युवकहरूले एक लाख माग गरेका थिए। पीडितका भाइले एक लाख होइन, १० हजार मात्र दिनसक्ने त्यो पनि बैंकबाट निकाल्नुपर्ने बताए। बैंकबाट निकाल्ने शर्तमा युवकहरू सहमत भए, त्यसपछि महिलालाई चिया बगानमा राखेर उनका भाइलाई तीमध्ये एक जनाले मोटरसाइकलमा चढाएर बैंकमा रकम झिक्न बिर्तामोड लगे। बिर्तामोड पुगेपछि युवकलाई छलेर महिलाका भाइ इलाका प्रहरी कार्यालय बिर्तामोड पुगेर घटनाको सम्पूर्ण जानकारी प्रहरीलाई गरेपछि तत्काल प्रहरी टोली घटनास्थल पुगेको थियो। बगानमा आपत्तिजनक अवस्थामा रहेकी महिलालाई तत्काल उद्धार गरी दुई जनालाई घटनास्थलबाटै पक्राउ गरेको कोइरालाले जानकारी दिए।

# 'व्यावहारिकता मिलाउँदा कानुन बिर्सन्छौं'

हिक्मत नेपाली, सुर्खेत

प्रदेश नं. ६ को प्रस्तावित राजधानी सुर्खेतको वीरेन्द्रनगर नगरपालिकाकी उप-प्रमुखसँगै प्रहरी अधिकारीहरूले प्रदेश नं. ६ मा महिला हिंसासम्बन्धी परेको उजुरीहरूमाथि तत्काल कारबाही गर्ने बताएका छन्। वीरेन्द्रनगर सुर्खेतको सिद्धार्थ सन्नी रिसोर्टमा शनिबार गरिएको एक कार्यक्रममा उनीहरूले यस्तो बताएका हुन्। प्रदेश नं. ६ का विभिन्न जिल्लामा मानवअधिकार रक्षकहरूसँगको छलफलमा बोल्दै विरेन्द्रनगर नगरपालिका सुर्खेतकी उपप्रमुख मोहनमाया ढकालले महिलाका मुद्दामा आफू संवेदनशील रहेको बताउनुभएको छ।

कार्यक्रममा प्रदेश नं. ६ का विभिन्न जिल्लाका कार्यरत मानवअधिकार रक्षकहरूले राखेको प्रश्नको जवाफ दिँदै उपप्रमुख ढकालले अहिले स्थानीय तहको पुनर्संरचनापश्चात् स्थानीय तहमा ४० प्रतिशत महिलाहरूको सहभागिता रहेको बताइन्। उनले महिलाहरूले गरेको निकै लामो त्याग र तपस्याबाट प्राप्त गरेको अधिकारलाई महिलाहरूले व्यवहारमा कार्यान्वयनमा ल्याउनका लागि आफू लागिपरेको बताउनुभयो।

आफूले पाएको न्यायिक अधिकारहरूलाई अक्षरस पालना गर्दै न्यायिक निकायसम्म आइपुग्ने पीडितहरूलाई रित्तो हाल नर्फकाउने बताउँदै उपप्रमुख ढकालले सुर्खेत जिल्लासँगै प्रदेश नं. ६ का जिल्लाहरूमा जटिल समस्याका रूपमा रहेको देह व्यापारलाई समाधान गर्नका लागि पहल थाल्ने बताउनुभयो। सुर्खेतकी सामाजिक अभियान्ता जरमाया वाडाको प्रश्नको जवाफ दिँदै उपप्रमुख ढकालले सूचना प्रविधिको गलत प्रयोगका कारण देह व्यापार बढ्दै गएको बताउँदै देह व्यापारमा लागेका महिलाहरूलाई उचित व्यवस्थापन गरेमा मात्र देह व्यापारको समस्या कम गर्न सकिने बताउनुभएको छ। उहाँले संविधानले स्थानीय तहका उपप्रमुखहरूलाई दिएको अधिकारलाई टेकेर अगाडि बढेको बताउँदै भन्नुभयो- 'अब दोस्रो नगर तथा गाउँ सभाले स्थानीय तहको कानुन बनाएर अगाडि बढ्नेछ।'

यस्तै विभिन्न जिल्लाका मानवअधिकार रक्षकहरूको सवालमा जवाफ दिँदै उपप्रमुख ढकालले अहिलेसम्मका कतिपय उजुरीहरूमा कानुन बिर्सिएर व्यवहारिकता मिलाइने गरेको बताउनुभयो। प्रदेश नं. ६ मा बाल विवाह, बहुविवाह, बलात्कार, देह व्यापार, महिला हिंसा, जातीय छुवाछूतलगायतका कु-प्रथाहरू रोक्नका लागि अभियान चलाउनुपर्ने उहाँको भनाइ थियो। विभिन्न सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले भरिपूर्ण भए पनि प्रदेश नं. ६ का जनताहरू अहिले पनि छाउगोठमा बस्न बाध्य भएको बताउँदै ढकालले प्रदेश नं. ६ का महिलाहरूलाई कुनै पनि हालतमा हिंसामा पर्न नदिने खालका कार्यक्रमहरू सञ्चालन गर्ने बताउनुभएको छ।

प्रदेश प्रहरी कार्यालय सुर्खेतका डीएसपी राजकुमार खिइजुले प्रदेश नं. ६ का विभिन्न जिल्लामा सबैभन्दा जटिल विषय मदिरा उत्पादन तथा बिक्रीवितरण भएको बताउँदै यसलाई रोक्न आन्तरिक राजस्व कार्यालय र प्रहरीले संयुक्त रूपमा अनुगमन तथा नियमन गर्ने बताउनुभएको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक (एसपी) उमाप्रसाद चतुर्वेदीले प्रदेश नं. ६ का विभिन्न जिल्लासँगै सुर्खेतमा पनि देह व्यापारमा लागेका महिलाहरूको संख्या बढी भएकाले त्यस्ता कार्यमा लागेका महिलाहरूलाई वैकल्पिक रोजगारी सृजना गर्नुपर्ने बताउनुभएको छ।

शान्तिका लागि साझा अभियान (कोक्याप) को आयोजना तथा नेपाल मोनिटर अर्गको सहयोगमा सञ्चालन गरिएको कार्यक्रमको मध्यपश्चिम विश्वविद्यालय सुर्खेतका उप-प्राध्यापक कमल लम्सालले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा नेपाल मोनिटर अर्गका तालिम संयोजक अभिलेस कर्ण र नेपाल मोनिटर अर्गका संयोजक डा. फ्रिजो हेकेरलगायतका प्रदेश नं. ६ का मानवअधिकार रक्षकहरूको सहभागिता रहेको थियो।

हार्दिक श्रद्धाञ्जली



जन्म मिति :
२०१० चैत्र ११

स्वर्गारोहण :
२०७४ मंसिर ०१

स्व. जुद्धरत्न बज्राचार्य

नेपाली कांग्रेस क्षेत्र नं ८ का क्षेत्रीय सभापति एवम् लोकतान्त्रिक नेवा: खल: का संस्थापक वरिष्ठ समाजसेवी श्रद्धेय श्री जुद्धरत्न बज्राचार्य ज्यू स्वर्गारोहण भएकोआज ४५औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली एवम् शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्न सकुन भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्दछौं ।

सभापति
बिनोद कुमार राजभण्डारी
नेपाली कांग्रेस २४ वडा परिवार
लोकतान्त्रिक नेवा: खल:, काठमाडौं जिल्ला

# विश्व

2017, DEC
Sunday
31

**समर्थन**

सरकारको समर्थनमा शनिबार इरानको तेहरानमा आयोजित र्‍यालीमा हजारौं व्यक्ति सहभागी भएका थिए।



**विरोध**

अर्जेन्टिनाको ब्युनसआयर्समा महिलामाथि हुने गरेको घरेलु हिंसा विरुद्ध भएको विरोध प्रदर्शन।




**विश्व २ मिनेट**

## इरान

### सरकारको समर्थन

तेहरान, (एजेन्सी)

इरानमा सरकार विरुद्ध २ दिन लगातार भएको विरोध प्रदर्शनपछि शनिबार राजधानी तेहरानमा सरकारको समर्थनमा आयोजित विरोध र्‍यालीमा हजारौं व्यक्ति सहभागी भएको सरकारी टेलिभिजनले जनाएको छ। भ्रष्टाचार र जीवन शैलीको मापदण्डलाई लिएर भएका २ दिने सरकार विरोधी प्रदर्शनको क्रममा दर्जनौं व्यक्ति गिरफ्तारमा परेका थिए। इरानी उपराष्ट्रपतिले सो प्रर्दशनको विपक्षी राजनीतिक समूहद्वारा आयोजना भइरहेको आरोप लगाएका थिए। अमेरिकी सरकारले इरानलाई अन्तर्राष्ट्रिय जगतले इरानको प्रतिक्रिया हेरिरहेको चेतावनी दिएको छ। सरकारी पक्षले विरोधी प्रदर्शनकारीहरुलाई विदेशी शक्तिको कठपुतली भएको आरोप लगाएको छ।

## अमेरिका

### ल फर्ममा गोलीकाण्ड

लस एन्जेल्स, (एजेन्सी)

अमेरिकाको साउदर्न क्यालिफोर्नियामा शुक्रबार एकजना पुरुषले आफूले काम गर्ने ल फर्ममा गएर २ जना व्यक्तिलाई गोली हानेपछि आफैंमाथि गोली हानेर आत्महत्या गरेको प्रहरीले जनाएको छ। पत्रकार सम्मेलनमा समृद्ध व्यक्तिहरुको बसोबास हुने गरेको लंग बीच प्रहरी अधिकारी ब्राड जोहन्सनले प्रहरी घटनास्थलमा पुग्दा ती आक्रमणकारी र एकजना पीडितलाई मृत अवस्थामा फेला पारेको तथा दोस्रो पीडितलाई अस्पताल लगिसकेको जानकारी दिएका छन्। ती घाइतेको स्थिति स्थिर रहेको बताइएको छ। ती नाम नखुलाइएका बन्दुकधारीको उद्देश्य थाहा हुन सकेको छैन।

## बेल्जियम

### कार्डबोर्ड टेन्ट

ब्रसेल्स, (एजेन्सी)

बेल्जियमको ब्रसेल्सस्थित एउटा परियोजनाले आवासविहीन मानिसलाई सुत्नका लागि सजिलै बोकेर लान सकिने कार्डबोर्डको टेन्ट वितरण गरिरहेको छ। ओरिगामी नामक सो परियोजनाले उपलब्ध गराएको सो टेन्ट प्रयोगकर्ताहरुले आफ्नो काँधमा सजिलै बोकेर आफूले चाहेको स्थानमा लग्न सक्ने बताइएको छ। ब्रसेल्समा अन्य साधारण टेन्टको प्रयोग प्रतिबन्धित भएकाले प्रहरीले जहिले पनि आवासविहीन मानिसहरुलाई खेद्ने गरेको थियो। यस परियोजनाका सञ्चालक एवं परिकल्पनाकारले अब ती आवासविहीनहरु कुनै सुरक्षित स्थानमा गएर ढुक्कसँग निदाउन सक्ने बताउँछन्।

## फिलिपिन्स

### प्रहरीको गल्ती

मनिला, (एजेन्सी)

फिलिपिन्सका प्रहरीले भगौडा बन्दुकधारी भनी ठानेर गल्तिवश अस्पतालतर्फ हुँइकिदै गरेका २ जना व्यक्तिलाई गोली हानी मारेको छ। गोलीकाण्ड भएको घटनास्थलमा पुगेका प्रहरीले सोही घटनामा घाइते भएकी एक महिलालाई बोकेर अस्पताल लाँदै गरेको भ्यानमा जथाभावी गोली चलाउँदा ती २ मारिएका थिए। शुक्रबार भएको सो गल्तीका कारण ती घाइते महिला र अन्य १ व्यक्तिको तत्काल मृत्यु हुनुका साथै अन्य २ जना घाइते हुन पुगेको प्रहरीले जनाएको छ। यसअघि नै लागूऔषध विरुद्धको राष्ट्रपति डुटेर्टेको अभियानमा जथाभावी मान्छे मार्ने गरेको आरोप प्रहरीलाई लागेको छ।

# मोर्सीलाई न्यायालयको अपमान गरेकोमा सजाय



कायरो, (एजेन्सी)

इजिप्टका पूर्वराष्ट्रपति मोहमद मोर्सीलाई न्यायालयको अपमान गरेको अभियोगमा शनिबार ३ वर्ष लामो कारावास सजाय सुनाइएको छ। उनी विरुद्ध यस अिघ्ध नै अनय विभिन्न अभियोगमा आजीवनलगायत अन्य थुप्रै कैदको सजाय सुनाइएको थियो।

उनलाई आतंककारी कार्यको षडयन्त्र गरेको अभियोगमा पुन मुद्धा दोहर्‍याइएको छ। पहिला उनलाई यसै अभियोगमा मृत्युदण्ड सनाइएको थियो। तर माथिल्ला अदालतमा गरिएको अपिलका कारण मृत्युदण्ड रोक्का भएको थियो। सन् २०१३ मा सेनाद्वारा अपदस्थ गरिएदेखि मोर्सीलाई हिरासतमा राखिएको छ।

उनलाई अहिले अत्यन्तै कडा सुरक्षा व्यवस्था रहेको कारगारमा थुनिएको छ। मोसीलाई सन् २०१३ मा भाषण दिने क्रममा सम्माननीय अदालतको अपहेलना गरेको अभियोगमा ५६ हजार अमेरिकी डलर जरिवाना पनि गरिएको छ।

राजधानी कायरोस्थित एक अदालतले शनिबार राजनीतिक ब्लगर अला अब्देल फत्ताह र पत्रकार ताफिक ओकासालगायत मोर्सीका अन्य १७ जना सहयोगीलाई पनि विभिन्न सजाय सुनाएको छ।

विगतमा मोर्सीले आफूलाई सजाय सुनाउने अदालतको वैधानिकतामाथिै नै प्रश्न उठाउने गरेका थिए। आफ्नो मुद्धाको पहिलो सुनुवाइका क्रममा मोसीर्ले अदालत कक्षमै चिच्याएर आफूलाई जवर्जस्ती हिरासतमा राखिएको बताएका थिए। त्यहिबेला देखि उनलाई अदालतमा लाँदा साउन्डप्रुफ काँचको कक्षमा राख्ने गरिएको हो।

उनी इजिप्टका पहिलो प्रजातानित्रक ढंगले निर्वाचित राष्ट्रपति हुन्। उनलाई अपदस्थ गरेपछि सैनिक सरकारले उनको इस्लामिक पार्टी मुश्लिम ब्रदरहुटमाथि दमनको नीति अपनाएको थियो। अहिले यो पार्टी पूर्णत प्रतिबन्धित छ।

# ड्रग्स र रक्सीमा रूमल्लिएको मोडलिङ पेसा

## मोडलको मृत्यु रहस्यमय

क्वालालम्पुर, (एजेन्सी)

यसै महिनाको शुरूमा मलेसियाको राजधानी क्वालालम्पुरको एउटा अग्लो भवनबाट एक सुन्दर युवतीको खसेर मृत्यु भएको घटना निकै चर्चामा रहेको थियो। ती १८ वर्षीया इभाना स्मिट नामक डच नागरिक वर्षौंदेखि मोडलको काम गर्दै आएकी थिइन्।

उनको मृत्युको घटना अझैसम्म रहस्यको गर्भमा लुकेको छ। सौन्दर्य र मृत्युको यस घटनालाई यौन, लागूऔषध, र रक्सीसँग जोडेर हेर्ने गरिएको छ। साथै यसले मोडल व्यवसायमा संलग्न युवायुवतीले भोग्न सक्ने खतरालाई पनि औंल्याइदिएको छ। स्मिटको भवनको २०औं तल्लाको बार्दलीबाट नाङ्गै खसेर मृत्यु भएको हो।

उनी कतै पार्टी गएर फर्केपछि यो दुर्घटना भएको थियो। अनुसन्धान जारी रहे तापनि प्रहरीले इभानाका अभिभावकलाई यस घटनामा अपराधको कुनै आशंका नरहेको बताएको छ। डच सरकारले यस घटनाको विस्तृत अनुसन्धानका लागि इन्टरपोललाई अनुरोध गरिएको जानकारी बीबीसीलाई दिएको छ।

यसैबीच स्वतन्त्र अनुसन्धानका लागि इभानका परिवारले चन्दा संकलन गर्ने कार्य शुरू गरेको छ। सम्पूर्ण मोडलिङ उद्योगलाई यस घटनाले स्तब्ध बनाएको छ। उनकी सहकर्मी मोडल एमिस्टा सले बीबीसीलाई बताइन्,'यस्ता घटना धेरै पटक दोहोरिसकेका छन्। मानौं यस्तो लाग्छ, यो घटना हामीमध्ये जोसुकैलाई हुन सक्छ।' आफ्ना बाजेबज्यैसँग पेनांगमा हुर्केकी इभानाको जीवनको अधिकांश समय मलेसियामा बितेको थियो। उनले १३ वर्षको कलिलै उमेरमा मोडलिङ शुरु गरेकी थिइन्।

केही वर्ष आफ्ना अभिभावकसँग नेदरल्यान्डबाट गत महिना मात्र मलेसिया फर्केकी उनले क्वालालम्पुरमा कुनै एजेन्सीको सहयोगबिना स्वतन्त्र रुपमा मोडलिङ शुर गरेकी थिइन्। पेनांग निवासी इभानाकी बालसखा नताली वुडवठले बीबीसीलाई भन्छिन्, 'यहाँ फर्केर उनले राम्रा अवसरहरु पाएकी थिइन्। म जहाँ हुनुपर्थ्यो त्यहाँ फर्केको छुँ भनी उनले भनेको अझै पनि सम्झिरहेको छुँ। मलेसिया फर्केकोमा उनी अत्यन्तै खुशी थिइन्।

उनको मृत्युको विस्तृत विवरण अझै स्पष्ट हुन सकेको छैन। आफ्ना वृद्ध बाजेबज्यैसंग अपार्टमेन्टमा आइपुगेकी उनी बिहान सबेरै बार्दलीबाट खसेर मरेकी हुन्। सञ्चार माध्यमले भने उनको लाश अपरान्ह छैंठो तल्लाको बार्दलीमा फेला परेको र उनको रगतमा रक्सी र लागूऔषधिको अवशेष भेटिएको जनाएको थियो।



मलेसियामा आइपुगेका इभानाका परिवारले उनको घाँटीमा डाम देखेको डच सञ्चार माध्यमलाई जानकारी दिएको थियो। सोही अपार्टमेन्टमा बस्दैआएका एक दम्पत्तिलाई लागूऔषधसम्बन्धी अपराधमा पक्राउ गरिएको र अहिले तिनीहरु जमानतमा रिहा भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। तिनीहरुले इभाना खस्दा आफूहरु सुतिरहेको प्रहरीलाई बयान दिएका थिए।

तर पछि उनको मृत्युबारे केही थाहा नपाए जस्तो गरी तिनीहरले आफ्नो बच्चालाई स्कुल पुर्‍याएका थिए। क्वालालम्पुरमा लामो समय देखि चर्चित मोडलको रुपमा काम गर्दै आएकी २८ वर्षिया सले भनेकी छिन् , 'एक मोडलका लागि मोडलिंग मात्र चासोको विषय रहेन। मोडलहरुका लागि अन्य पनि थुप्रै कामहरु भइरहेका छन्। इभानासंग पनि यही घटना घटे वा घटेनन् थाहा भएन। तर मोडलहरुलाई पार्टी गर्ल बन्नेदेखि लिएर थुप्रै प्रस्ताव आउने गर्दछ। यसरी पार्टीमा कसैको पार्टनर भइदिए बापत एक मोडलले पाँच घन्टामा १२ सय अमेरिकी डलर सम्म कमाउँछन्।'

मोडल कार्ल ग्राहमले त्यस्तो परिस्थितिमा लागूऔषध र रक्सी ठूला समस्याका रुपमा देखा पर्ने गरेको बताउँछिन्।

# छोरी बलात्कार गर्ने नरपिशाचलाई सजाय

व्युनसआयर्स, (एजेन्सी)

आफ्नै छोरीलाई निरन्तर बलात्कार गर्दै ८ जना बच्चा जन्माउन बाध्य पार्ने एक नर पिशाच पितालाई अर्जेन्टिनामा बाह्र वर्ष लामो कारावास सजाय सुनाइएको सरकारी सूत्रले जनाएको छ।

अर्जेन्टिनाको १ अदालतले ५७ वर्षीय डोमिंगो बुलासियो नामक ती व्यक्तिले बिस वर्षको अवधिसम्म आफ्नी छोरीमाथि बलत्कार गरिरहेको ठहर गरेको छ। आधिकारिक नाम नखुलाइएक ती पीडित महिलाले आफ्नो पिताले आफूलाई ११ वर्षको उमेरदेखि यौन दासीका रुपमा व्यवहार गर्दै आएको अदालतसमक्ष बयान दिएकी छिन्।

यो अपराधिक घटना



अर्जेन्टिनाको उत्तरी प्रान्त सान्टियागो डेल एस्टेरोको भिल्ला बालिनरिया शहरमा घटेको प्रहरीले जनाएको छ। स्थानीय संचार माध्यमले ती पीडित महिलाकी आमाको मृत्यु भएको वा उनले उनी सानै छँदै घर छाडेर हिंडेको हुनुपर्ने अनुमान गरेको छ।

बुलासियोले आफ्ना अन्य दुईजना सन्तानलाई परिवारका अन्य सदस्यहरुसंग बस्न पठाएको र ति पीडितलाई एघार वर्षको उमेरदेखि नै आमाको भूमिका निभाउन लगाएको बताइएको छ। उनले आफ्नो पिताले सानै उमेरदेखि जवर्जस्ती आफुमाथि बलत्कार गर्दै आएको बताएकी छिन्।

डीएनए परीक्षणबाट ती पीडितको कोखबाट जन्मेका आठैजना सन्तान बुलासियोकै भएको प्रमाणित भएको छ। ती पीडितले आफ्नो पिताबाट हुने अत्याचार बारे बोल्न खोज्दा परिवारकै सदस्यहरूले आफूलाई ज्यान मार्ने धम्कु दिने गरेको क्षत्रीय अखबार एल लिवरललाई बताएकी छिन्।

ती डडतले एउटा मेडिकल सेन्टरमा स्वास्थ परीक्षण गर्न जाँदा सन् २०१६ को शुरुमा यो बलत्कार काण्डको पर्दाफास भएको थियो। उक्त घटना प्रहरीमा उजुरी भएको थाहा पाउना साथ फरार भएका बुलासियोलाई पैतालिस दिनपछि गिरफ्तार गरिएको थियो।

# ठगलाई १३ हजार वर्षभन्दा लामो कैद

बैंकक, (एजेन्सी)

एउटा थाइअदालतले एकजना ठगलाई १३ हजार वर्ष भन्दालामो कारवास सजाय सुनाएको छ। ती ३४ वर्षीय पुदित कित्तिथ्रादिलोक नामक ठगले लगान किर्ताहरुलाई उच्च प्रतिफल आउने लोभ देखाएर पोन्जी नामक कार्यक्रम संचालन गरेको स्विकारेका छन्।

उनका विभिन्न कृतिम कम्पनीमा उनले करिव ४० हजार व्यक्तिलाई १६ कराड अमेरिकी डलर भन्दा बढि रकम लगानी गर्न लगाएका थिए। थाइ अदालतले उनले अवैध ढंगले अतिनै धेरै ब्याजदरमा पैसा सापट दिने गरेको तथा २ हजार ६ सय ५३ वटा जालसाजी गरेको ठहर गरेको छ।

उनले आफु विरुद्ध लगाइएका सम्पूर्ण आपराधिक अभियोग स्वत: कवुल गरेकाले उनलाई ६ हजार ६ सय ३७ वर्ष र ६ महिना लामो कारवास सजाय मिनाहा भएको छ। तर उनले २० वर्षभन्दा लामो सजाय भोग्लान् जस्तो देखिन्न। थाइ प्रचलित कानुनअनुसार उनले आफुलाई तोकिएको दुईवटा सजायको जनही अधिकतम दस वर्ष कैद भुक्तान गर्नुपर्ने हुन्छ। बैंकक पोस्टका अनुसार उनले विभिन्न सेमिनार आयोजना गरी सौन्दर्य, प्रपर्टी विकास र प्रयोग भइसकेका कारहरुलगायत विभिन्न आकर्षक व्यवसायमा लगानी गर्न ग्राहक संकलन गर्ने गरेका छन्। साथै उनले आफ्ना कम्पनीमा नयाँ सदस्य बनाउनेहरुलाई आकर्षक भत्ता र उपहारको लोभ पनि दिने गरेको बुझिएको छ।



अदालतले उनका दुईवटा कम्पनीलाई जनही दुई करोड अमेरिकी डलर जरिवाना पनि तोकेको छ। साथै ती कम्पनीलाई अहिलेसम्म पत्ता लागेका २ हजार ६ सय ५३ जना पीडितलाई वार्षिक ७ दशमलव ५ प्रतिशत ब्याजसहित तिनीहरुको करिब १ कारोड ७० लाख डलर वरावरको लगानी फिर्ता गर्न आदेश दिइएको छ।

२०७४, पुस
आइतबार
१६

ओलीले अब राजनीतिक विषय टुंगिएकाले आर्थिक विकासले प्रमुखता पाउने बताउँदै भन्नुभयो- 'अब अस्थिरतातर्फ लान खोज्ने शक्तिहरू असफल हुन्छन्, देश अगाडि बढ्छ।'

### ओली-प्रचण्डको एउटै बोली

# 'एमाले-माओवादीको एकतालाई कसैले बिथोल्न सक्दैन'

नेपाल समाचारपत्र
काठमाडौं

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अब कसैले चाहेर पनि नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको पार्टी एकीकरण रोक्न नसक्ने बताउनुभएको छ। उहाँले वाम गठनन्धनलाई बिथोल्ने र अस्थिरता ल्याउने असफल प्रयास भइरहेको बताउँदै देश र जनताको चाहनाअनुसार नै एमाले माओवादीबीच पार्टी एकीकरण हुने बताउनुभएको हो।

शनिबार एमाले उपाध्यक्ष वामदेव गौतमद्वारा लिखित 'नेपाल नवनिर्माण महाभियान' पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले वाम गठबन्धनलाई बिथोल्न शक्तिको केही नलाग्ने र वाम गठबन्धनको सरकार बनेरै छाड्ने दाबी गर्नुभयो। ६ वटा प्रदेशमा वाम गठबन्धनले प्रदेश सरकार बनाउने उल्लेख गर्दै स्थानीय तहमा अधिकांश आफूहरूले जितेकाले अहिले काम गर्ने वातावरण रहेको बताउनुभयो। उहाँले अब राजनीतिक विषय टुंगिएकाले आर्थिक विकासले प्रमुखता पाउने बताउँदै भन्नुभयो- 'अब अस्थिरतातर्फ लान खोज्ने शक्तिहरू असफल हुन्छन्, देश अगाडि बढ्छ।'

कार्यक्रममा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शान्ति, सुशासन र समृद्धिको अभियान शुरू गर्न नसके मुलुक फेरि पनि दुर्घटनामा पर्न सक्ने बताउनुभयो। उहाँले ऐतिहासिक चुनौती र अवसर दुवै वाम गठबन्धनको सरकारका अगाडि




रहेको बताउँदै समृद्धिको मौलिक बाटो पहिचान गरेर विकासलाई गति दिन सक्ने हो भने साँच्चै एक दशकमा आर्थिक क्रान्तिको युगमा मुलुकलाई लैजान सकिने दाबी गर्नुभयो। उहाँले पार्टी एकता हुने र एकता हुनबाट कुनै पनि शक्तिले रोक्न नसक्ने बताउनुभयो।

प्रचण्डले सबैभन्दा धेरै मतले जित्ने अपेक्षा गरिएका वाम गठबन्धनका वामदेव गौतम पराजित हुँदा नमीठो लागेको बताउनुभयो। उक्त कार्यक्रममा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कृषि क्रान्ति, पर्यटन विकास र ऊर्जा विकासमार्फत देशको समृद्धि सम्भव रहेको बताउनुभयो।

लेखक उपाध्यक्ष वामदेव गौतमले आफूले एक दशक लगाएर तयार पारेको पुस्तकको मूल भाव नेपालमा प्रशस्त सम्भावना भए पनि विकासबाट पछाडि पर्नुका कारणसमेत खोतलिएको जानकारी गराउनुभयो। पुस्तकमाथि साहित्यकार मोदनाथ प्रश्रित, संविधानविद् डा. युवराज संग्रौला, पूर्वाधार विज्ञ डा. सूर्यराज आचार्य, अर्थविद् डा. डिल्लीराज खनाललगायतले टिप्पणी गर्नुभएको थियो।

## दुई...

यो वर्ष कर्णाली, मनाङ र मुस्ताङमा करिब ३ लाख थान पाठ्यपुस्तक आवश्यक पर्छ। सरकारी तथ्यांकअनुसार यो वर्ष देशभर कक्षा १ देखि १० सम्म ५५ लाख ३० हजार ५ सय विद्यार्थी अध्ययनरत छन्। ती विद्यार्थीका लगिा ३ करोड ५७ लाख ६७ हजार ७ सय २६ थाप पाठ्यपुस्तक आवश्यक पर्छ।

निजीले कक्षा १ देखि ५ सम्म १ करोड ६५ लाख २८ हजार ७० थान पाठ्यपुस्तक छपाइ गर्ने तयारी गरेको छ। जनकले कक्षा ६ देखि १० सम्म १ करोड ९२ लाख ३९ हजार ६ सय ५६ थान पाठ्यपुस्तक छपाइ गर्ने तयारी गरेको छ। हिमालीबाहेकका अन्य जिल्लामा वैशाख १ गतेदेखि नयाँ शैक्षिक सत्र शुरू हुन्छ। सरकारले यो वर्षौंदेखि पाठ्यपुस्तकको रकमको जिम्मा स्थानीय निकायलाई दिइसकेको छ।

## प्रदेश...

पछिल्लो तथ्याङ्कअनुसार ३० लाख हेक्टर क्षेत्रफलमा मात्रै खेती भइरहेको छ। अन्य १० लाख हेक्टर क्षेत्रफल जमिन सिमसार, दलदल, उर्वर, गुठी र कृषि प्रयोजनअन्तर्गत उपयोगमा आएको छैन।

देशभरको खेतीयोग्य जमिन, प्लटिङ भएको जमिन र खेती हुन नसकेको जमिनको तथ्यांक संकलन गरी आधिकारिता दिने कार्य गरिरहेको कृषि विकास मन्त्रालयले जनाएको छ।

राष्ट्रिय कृषक समूह महासंघका अध्यक्ष उद्धव अधिकारीले विकासको नाममा जग्गा मास्न नमिल्ने बताउनुभयो। उहाँले भन्नुभयो- 'समग्रमा राष्ट्रिय समस्याको विषय हो। चलखेल गर्ने अवसर बनेको छ। सम्पत्ति व्यक्तिले राख्न पाउनुपर्छ। खेतीयोग्य जमिन कम भइरहेका बेला विकासको नाममा जमिन मास्नु राम्रो होइन। २२ प्रतिशत भूमिहीन छन्। उनीहरूसमेत मर्कामा परेका छन्।'

## ४ सय...

सुरुङ खन्ने जिम्मा पाएको इटालियन कम्पनी को-अपरेटिभ मुरातोरी एन्ड सिमेन्टिस्टी (सीएमसी)ले सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाअन्तर्गत अम्बाथान मुहानदेखि सुन्दरीजलसम्मको २७ किमि सुरुङ खण्डलाई तीन भाग गरी खनेको आयोजनाले जनाएको छ।

पहिलो खण्डअन्तर्गत सुन्दरीजल-सिन्धु ९ किमि सुरुङ अघिल्लो वर्षको पुसमै सम्पन्न भइसकेको छ। त्यस्तै दोस्रो खण्ड सिन्धु-ग्याल्थुम साढे ७ किमि सुरुङको काम भइरहेको छ भने तेस्रो ग्याल्थुम-अम्बाथान साढे ८ किमि जोडिइसकेको छ। जोड्न बाँकी सिन्धु-ग्याल्थुम खण्डमा काम सम्पन्न हुन अझै करिब तीन महिना समय लाग्ने आयोजनाका सिनियर डिभिजनल इन्जिनियर पन्तले बताउनुभयो। 'ड्रिल एन्ड ब्लास्ट' तरिका अपनाएर अहिले निर्माण पक्षले सुरुङ खन्ने काम गरिरहेको छ।

कडा चट्टान भएको ठाउँमा चाँडै काम हुने र नरम चट्टान हुने ठाउँमा ढिला काम हुने आयोजनाले जनाएको छ। पछिल्लो पटक सम्पन्न भएका सुरुङ खण्ड पनि कमजोर चट्टानका कारण ढिला काम सम्पन्न भएको हो।

## यस्ता...

'सो पैसा कहाँ बुझाउने भनेर सोच्न नपाउँदै साथीको फोन आयो', उहाँले भन्नुभयो- 'मैले साथीलाई पैसासहितको ब्याग भेटाएको छु, कोही खोज्न आएको छ भने ढुक्क भए हुन्छ, म पैसा लिएर आउँदै छु भनेर खबर पठाएँ।' चालक नेपालले यसअघि भारतीय मूलका यात्रुले यसरी नै ट्याक्सीमा छोडेर गएको एक लाख भारु इमानदारितापूर्वक फिर्ता गरेको स्मरण गर्नुभयो।

ट्याक्सीमा सामान छुटेपछि त्यसको दोष चालकले पनि भोग्दै आएका छन्। त्यही भएर डोमेस्टिक विमानस्थलमा रहेको करिब ५० जना ट्याक्सी चालकले यात्रुले ट्याक्सीमा छोडेर गएको जुनकुनै सामान समितिमा बुझाउनुपर्ने नियम लागू गरेका छन्। ट्याक्सी चालकहरूले स्टेसनमा रोकिएको ट्याक्सी चढ्न यात्रुहरूसँग आग्रह गरेका छन्।

सामान समितिमा बुझाउनुपर्ने नियम नै बनाएर कार्यान्वयन गरेका छन्। चालकहरूले अखिल नेपाल यातायात मजदुर संघ डोमेस्टिक विमास्थलमा इकाइ खडा गरेर नै हराएको सामान सम्बन्धित यात्रुलाई फिर्ता गर्ने गरेका छन्। यसअघि हराएको सामान समितिमा नबुझाउने चालकलाई निष्कासन गरेको एकाइ सभापति नेत्रबहादुर थापामगरले बताउनुभयो। 'ट्याक्सी चालकलाई यात्रु ठग्यो भन्छन् तर हामीलाई यस्तो नभनिदिऊन्, हामी यस्तो आरोप खेप्न चाहँदैनौं। भेटाएको सामान सम्बन्धित व्यक्तिलाई खबर गरेर फिर्ता गर्छौं।' -उहाँले भन्नुभयो।

पूर्वसांसद ओलीले ट्याक्सी नम्बर पत्ता लगाएर चालकलाई फोन गर्नेबित्तिकै आफूसँग पैसा रहेको स्वीकार गर्दै पैसा लिएर आएकोमा असाध्यै खुसी लागेको बताउनुभयो। 'राति ट्याक्सी चलाउँदा यात्रुले लिएर गएको भनेर पनि चालकले भन्दा पत्याउने अवस्था थियो, मैले थाहा नै पाइनँ पनि भन्न सक्नुहुथ्यो', उहाँले भन्नुभयो- 'चालकको इमानदारिताकै कारण हराएको पैसा पायौं।' एयरपोर्टमा ट्याक्सी चढ्दा स्टेसनबाटै चढ्न पनि उहाँले आग्रह गर्नुभयो। प्रहरीले एक घण्टाभित्र नै ट्याक्सी नम्बर पत्ता लगाएर सहयोग गरिदिएकोप्रति उहाँले खुसी व्यक्त गर्नुभयो।

पूर्वसांसद ओलीका श्रीमान् रामबहादुर ऐर जिल्ला समन्वय समिति डोटीका संयोजकसमेत हुनुहुन्छ। उहाँले भन्नुभयो- 'हराएको पैसा पाइन्छ भन्ने ९९ प्रतिशत पनि आस थिएन, एयरपोर्टमा ट्याक्सी चालेकहरूको समिति छ भन्ने पनि थाहा भएन, स्टेसनबाट ट्याक्सी चढ्दा हराएको सामान पनि पाइँदो रहेछ।' इमानदारिताको खडेरी परेका बेला चालकले भेटाएको पैसा जस्ताको तस्तै फिर्ता गरेको देख्दा अझै इमानदारहरू रहेको पुष्टि भएको बताउँदै पूर्वसांसद् ओलीले चालक नेपाललाई ५ हजार रुपियाँ पुरस्कार दिएको जानकारी दिनुभयो।

**Government of Nepal**
**Ministry of Irrigation**
**Department of Irriation**
**Far-Western Regional Irrigation Directorate**
**Irrigation Development Sub Division , Dadeldhura**

## NOTICE OF INVITATION FOR BID

**(First publicaton Date : (16 paush 2074), 31st Dec 2017**

1. The Government of Nepal (GoN) has allocated funds towards the cost of **following project** and intends to apply part of the funds to cover eligible payments under the contracts as specified in the table below. Bidding is open to all eligible Nepalese Bidders.
2. Government of Nepal Ministry of Irrigation Department of Irrigation (DOI),Irrigation Development sub Division, Dadeldhura invites sealed tenders for the works that includes construction of Side Intake and canal structures as specified in the table below. Bidders who do not meet the minimum qualifying criteria shall not be considered for contract award.
3. A complete set of Bidding Documents may be downloaded from the PPMO website, *www.bolpatra.gov.np/egp* or may be purchased by interested Bidders from the following offices on the submission of a written request attaching copies of bidders registration, VAT registration, latest tax clearance certificate & upon cash payment of NRS. specified in the table below (non refundable) for each bid till 17th Magh 2074(31th Jan 2018) within office hour.
   - Irrigation Development sub Division, Dadeldhura
   - District Treasury controller office, Dadeldhura

   A bidder may submit the Bids for the work either by himself or as a partner in joint venture (J/v) Provided that each J/V partner has purchased a complete set of Bidding Documents separately. However, a single set of Bidding documents may be purchased by a joint venture of firms by submitting a J/V agreement along with the documents mentioned above for each of the partner firm. However, number of firms forming joint venture is limited to up to three.
4. Bidders may submit their completed bids either electronically or as a complete hard copy. In case of e-submission, the applicant is required to deposit non refundable fee of NRS. specified in the table below for each bid in the following account and the scanned copy of voucher/receipt of such deposition must be attached with the e-submission.

   Bank: Rastriya Banijya Bank, Dadeldhura
   Rajaswa shirsak No: 14227
   Office code No: 74-357-01
   Deposit Account No :- 40202030-00000 (District Treasury controller office, Dadeldhura)
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Irrigation Development sub Division, Dadeldhura phone no.o96-410125 and fax no.096410125**
6. Last date of submission of completed documents is by 12.00 hours( Noon) on the 18th Magh 2074(1st Feb 2018)the bidder shall seal the Bidding Documents in a single or double envelope as specified in the contract document addressing the **sub Division chief, Irrigation Development Sub Division. Dadeldhura** and submit within time mentioned above at the **IDSD, dadeldhura.** The submitted Bids will be opened at 14.00 hours at the same office on the same day in the presence of the contractor's representatives who chose to attend. Bidders, who choose to submit their bids electronically through e-procurement section of PPMo's website *www.bolpatra.gov.np/egp* may download the necessary parts of the each bidding documents prepare their Bids and submit their electronic Bids as specified in the Instruction to Bidders.
7. Documents received after the deadline of submission shall not be considered for the evaluation.
8. The Bid validity period for all the bids is **90** days from the last date of submission of the Bid.
9. Bid must be accompanied with bid security amount stated in the table below "The worth" deposited in the form of Bank Guarantee Issued by a commercial Bank (class A) in Nepal, drawn in favor of Irrigation Development sub Division, Dadeldhura as mentioned in the Bid Document having validity period not less than **120** days from the last date of submission of the bid (minimum upto 17th Jeshta 2075(31th May 2018).in case of e-submission the scanned copy of voucher/receipt/guarantee of such deposition/ Bank guarantee must be attached with the e-submission.
10. Pre-bid meeting for all the four bids shall be held on date of 30th Paush 2074(14th Jan 2018) at 13.00 hrs at Irrigation Development sub- Division, Dadeldhura.
11. If the last date of purchasing or submission or date of pre-bid meeting happens to be the public holiday, the next working day shall be considered as the last day.
12. Bidders are advised to visit the related field and assess the actual site conditions before submitting their bids and attached certified site visited form.
13. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
14. Bidders (or their authorized representatives) shall have to produce their original documents (work experience certificate, financial statements and owner's books for all proposed plants, equipments and vehicles including those being leased or rented etc as demanded by the document for verification in the IDSD, Dadeldhura and when asked by IDSD, Dadeldhura.
15. The Employer reserves the right to accept or reject, wholly or partly the bid without assigning reason, whatsoever.
16. Any proposal with conditions shall not be accepted.
17. "The works"

| S.N | Name of the Project & Address | Contract No. (Work Package No.) | Description of work | Contract Amount (Excluding Vat ) Nrs | Bid Security Amount Nrs | Bid Purchase Amount (Non-refundable) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | UpperParigaun ISP,pa. Na.Pa-5, Dadeldhura. | MIP/ Upper Parigaun/ NCB No-1/2074-075 | construction of site intake ,rcc canal and protection works at different chainages | | 7,19,000.00 | 5000.00 | |
| 2 | Tal-Isp,Rupal-2, Dadeldhura. | MIP/ Tal ISP/ NCB No-2/2074-075 | construction of site intake, rcc canal and Protection works, at different chainges. | | 5,75,000.00 | 5000.00 | |
| 3 | Anchal Isp,Bhageshwor-9, Dadeldhura. | MIP/ Anchal ISP/ NCB No-3/2074-075 | construction of Intake Rcc canal at different chainages. | 96,60,929.95 | 2,80,000.00 | 3000.00 | |
| 4 | Mansuta Isp,Koteli-1,2, 3-Dadeldhura. | SMIDP/Mansuta ISP/ NCB No-1/2074-075 | construction of site Intake canal Structures, Pipe line and Fittings etc at different chainages. | 54,03,602.27 | 1,57,000.00 | 3000.00 | |

***Sub Division chief***



# अर्थ

सबस्टेसनमा ३० एमभीए क्षमताको १३२/३३ केभीको एउटा पावर ट्रान्सफर्मर र ८ एमभीए क्षमताको ३३/११ केभीको एउटा वितरण टान्सफर्मर गरि दुई वटा ट्रान्सफर्मर रहनेछन्। सबस्टेसनमा जडान गरिने विद्युतीय उपकरण विदेशबाट खरिद गरेर ल्याइने आयोजनाले जनाएको छ।


## हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

## JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



## सेती गणेश बचत तथा ऋण सहकारी संस्थाको वार्षिक साधारण सभा हुने सूचना

यस सेती गणेश बचत तथा ऋण सहकारी संस्थाको साधारण सभा मिति २०७४ पुस २९ गते शनिबरका दिन हुने भएकोले यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरू यसैलाई सूचना मानी उक्त साधारण सभामा उपस्थित हुन विनम्र अनुरोध गरिन्छ।

**कार्यक्रम**
**मिति** : २०७४ पुस २९ गते शनिवार।
**स्थान** : सीता पाइला पार्टी प्यालेस।
**समय** : दिउँसो १ बजे।
**विस्तृत जानकारीका लागि**
**सम्पर्क फोन** : ४ -३०१५५५।



KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस १६, डिसेम्बर ३१, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।९० | १०२।५० |
| युरो १ को रू. | १२२।०९ | १२२।८१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।६६ | १३८।४७ |
| स्विस फ्रन्क १ को रू. | १०४।४९ | १०५।११ |
| अस्ट्रलियन डलर १ को रू. | ७९।६८ | ८०।१५ |
| क्यानाडियन डलर १ को रू. | ८१।३१ | ८१।७८ |
| सिङ्गापुर डलर १ को रू. | ७६।२८ | ७६।७२ |
| जापानी यन १० को रू. | ९।०६ | ९।११ |
| चिनियाँ युआन १ को रू. | १५।६६ | १५।७५ |
| साउदी अरब रियाल १ को रू. | २७।१७ | २७।३३ |
| कतारी रियाल १ को रू. | २७।९९ | २८।१५ |
| थाई भाट १ को रू. | ३।१३ | ३।१५ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।७४ | २७।९० |
| मलसियन रिङ्गिट १ को रू. | २५।१८ | २५।३३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५६ | ९।६२ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४२ |
| डेनिस क्रानर १ का रू. | १६।४० |
| हङकङ डलर १ का रू. | १३।०४ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# 'निगमको आन्तरिक सुदृढीकरण गर्न चुनौती छ'

*वर्तमान अवस्थामा इन्धनको माग आपूर्तिको अवस्था कस्तो छ ? प्रादेशिक संरचनामा नेपाल आयल निगम कसरी जान्छ । निगमको घाटाको अवस्था के छ भन्नेलगायतका विषयमा नेपाल आयल निगमका निमित्त कार्यकारी प्रमुख, ई. सुशील भट्टराईसँग नेपाल समाचारपत्रका लागि **दीपेन्द्र थापा**ले गरेको कुराकानी ।*



ई.सुशील भट्टराई
निमित्त कार्यकारी प्रमुख
नेपाल आयल निगम

**संघीय संरचनामा नेपाल आयल निगम कसरी अगाडि बढ्छ ?**

नेपालको संविधानले परिलक्षित गरेअनुससार निगम अगाडि बढ्छ। अहिले नै सबै प्रदेशमा साना ठूला ढिपो कार्यालय छन्। प्रदेशको कार्यालय कहाँ हुने भन्ने विषयका साथै कर्मचारीको व्यवस्थापन गरिसकेका छौं। प्रदेश क्षेत्रको खपत अनुसार ढिपो बन्छ।

सरकारको निर्देशनअनुसार ९० दिनको भण्डारण क्षमता बढाउनुपर्नेछ। प्रदेशमा कति क्षमताको बढाउनुपर्नेछ। यसको लागि सञ्चालक समितिले निर्णय गरेर पास गरिसकेको छ। कति क्षमताको कसरी बनाउने बारेमा कार्यक्रम बनाएर अगाडि बढिसकेको अवस्था छ।

प्रदेशअनुसार नै हाम्रो कार्यालय छन्। यसरी भएका कार्यालयलाई भने नयाँ खाले आधुनिक प्रविधिसहित विकास गरेर जानुपर्ने छ।

**निगको घाटाको अवस्था अहिले कस्तो छ?**

निगमले २०७१ असोजबाट स्वचालित प्रणाली लागू गरेको थियो। तर, विभिन्न कारणले स्वचालित प्रणालीअनुसार मूल्य समायोजन नहुँदा यस वर्ष निगमले घाटा बेहोर्नु परेको हो। बाढीपहिरो, चाडवार्ड र निर्वाचनका कारण मूल्य समायोजन भएन। अन्तर्राष्ट्रिय बजारमा ४० प्रतिशतसम्म मूल्यवृद्धि हुनाले निगम घाटामा गएको हो। अहिले निगमको मासिक घाटा २३ करोड रहेको छ। तथापि, आत्तिहाल्नुपर्ने अवस्था छैन।

**माग र आपूर्ति आपूर्तिको अवस्था के छ ?**

माग दिन प्रतिदिन बढ्दै गएको छ। भोलिका दिनमा कसरी सम्बोधन गर्ने भन्ने ठूलो चुनौती बन्दै गएको अवस्था छ। मागलाई व्यवस्थित गरेर निरन्तर आपूर्ति गर्नको लागि भण्डारणको क्षमता बढाउनुपर्नेछ। इन्धनको सम्बन्ध अर्थतन्त्रसँग जोडिएको हुन्छ, यसको अभावमा विकास निर्माणले गति नलिने हुँदा भण्डारण जरुरी छ। हामीले ५ लाख ३० हजार किलोलिटर क्षमताको भण्डारण गर्न लागेका छौं। यससँगै ६ लाख किलोलिटर क्षमता हुनेछ। चार ठाउँमा जग्गा खरिद भइसकेको छ।

निगमले अन्तर्राष्ट्रिय मापदण्डको आधुनिक भण्डारण डिपो बनाउनको लागि काम भइरहेको छ। पुराना डिपोलाई पनि नयाँ प्रविधिमैत्रीमा स्तरोन्नती गर्ने योजना छ।

पेट्रोलियम पाइपलाइनको काम कसरी अगाडि बढेको छ।

अगस्टमा सम्झौता भयो तर सेक्टेम्बरबाट नाकाबन्दीसँगै कामले गति लिन सकेन। सम्झौताअनुसार नेपाल सकरकारले कागजी प्रक्रिया पूरा गरी वातावरण बनाउनुपर्नेछ। दुई वर्षमा कागजी काम र प्राविधिक अध्ययन भएका छन्। ६ वटा टेन्डर आह्वान भई काम भइरहेको छ।

**पम्प तथा ग्यास डिपो सुरक्षित रूपमा सञ्चालन भएको देखिएन, अब मापदण्ड पूरा गर्ने सन्दर्भमा निगम कसरी अगाडि बढ्छ ?**

प्राविधिक काममा हामीले हेर्नुपर्ने, यसलाई सम्बोधन गर्नेको लागि एक कार्यदल गठन भएको छ। निगममा रहेका पूर्वाधार संरचनालाई आधुनिकीकरण गर्दै लानुपर्नेछ। निगमसँग भने व्यापारिक आबद्धता मात्र रहेको विनियमावलीमा प्रष्ट छ, वीरगन्ज घटनाले पाठ सिकाएको छ।

सञ्चालक समितिले अर्को नियमनकारी निकाय जसले प्रविधिमैत्री बनाउन र सुरक्षित पम्प निर्माण अनुगमनको लागि काम गर्ने गरी छुटै संस्था विकास गर्नुपर्ने आवश्यकता ठानेको छ। सबै संरचनालाई आधुनिकीकरण इक्वीपम्मेन्ट सिस्टम संरचनामा सबै दायरा सबै किसिमको विश्वस्तरीय मापदण्डसहितको नियमनकारी निकायको गठन आवश्यक ठानिएको हो। जसले भइरहेको पम्प, डिपोहरूको आधुनिकीरण लागि प्रभावकारी रूपले काम गर्नेछ।

कुन-कुन जोखिम छन् यसको अध्ययन गर्नको लागि अर्को प्राविधिकसहितको टोली पनि गठन भएको छ। जसले महानगर र उपमहानगरमा रहेका सबै पम्प तथा डिपोको अध्ययन गरेर सुझावसहित प्रतिवेदन बुझाउँछ, अब निगमले सुरक्षित इन्धनको व्यस्थापनको लागि जनचेतना दिने काम गर्ने योजान रहेको छ।

निगमले सम्बन्धन दिँदा भने सबै मापदण्ड पूरा नै गरेको छ तर समयअनुसार नियमित अपग्रेट नगर्दा भने समस्या उत्तपन्न भएका छन्। जसको लागि निगमले अनुगमन त गर्दै आएको छ। अझ थप प्रभावकारी अनुगमनमा लाग्नुपर्ने दायित्व छ।

**निगमको नयाँ कार्य योजना के छ ?**

निगमको मुख्य चुनौती भनेकै मागलाई सहज गराउने हो। दिन प्रतिदिन बढ्दै गएको मागलाई व्यवस्थापनको लागि भण्डारण क्षमता विकास गर्नु नै हो। ग्रोथ १५ देखि २० प्रतिशतले बढिरहेको छ। निगमको आन्तरिक सुदृढीकरण गर्नुपर्ने अर्को चुनौती रहेको छ।

कार्यक्षेत्रको नै विभाजन गरी कामको विविधिकरण गर्नुपर्छ। नीतिगत परिमार्जन गर्दै जानुपर्नेछ। साथै भइरहेको संरचनालाई सुरक्षित र सुदृढीकरण गर्नुपर्छ। सेमि अटो सिस्टममा लैजानुपर्नेछ। ट्यांकरको लकिङलाई पूर्वबाट शुरू गरी चार सय ट्यांकरमा लागू गरिँदै छ, जसले गर्दा आईओसीमा लागेको ताला एनओसीको डिपोमा मात्र खोलिन्छ। बाटोमा चोरी हुने तेलको समस्या हराएर जाने छ । ढुवानीका साधनको स्तरउन्नती गरिँदैछ। एकैपटक धेरै ढुवानी गर्ने योजनासहित ट्यांकरको क्षमतामा पनि वृद्धि गरिँदै छ।

आन्तरिक सुधार गरी कर्मचारीमा क्षमता अभिवृद्धि गर्नेछ। नयाँ व्यापारको क्षेत्रमा गुणस्तरीय बिटुबीन आयात नहुँदा सडक राम्रो भएको छैन, यसलाई सम्बोधन गर्नको लागि बिटुबीनको कारोबार गर्न तयारी गरेको छ। साथै आईओसीसँग मिलेर व्यापारको अरू आयाममा काम गर्ने योजना छ। निगमले आधुनिकस्तरको नमुना स्मार्ट पम्प निर्माण गर्ने योजना बनाएको छ। जुन सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुनेछन्। विमानस्थलमा पार्किङ क्षेत्रमा नै इन्धन भर्ने आधुनिक पाइपलाइन बनाइने छ।

**अहिलेको अवस्थामा निगमको चुनौती के छन् ?**

प्राविधिक जनशक्तिको कमी छ, भइरहेको जनशक्तिलाई टिकाई राख्ने खालको वातावरण गर्ने ठूलो चुनौती रहेको छ। आईओसीसँग ८० प्रतिशत इन्जिनियर, १० प्रतिशत प्रशासन, १० लेखाले चलाएका छन्। तर, निगममा भने ५ प्रतिशत पनि प्राविधिक जनशक्ति नहुँदा कार्य सम्पादनमा समस्या छ।

त्यस्तै ल्याबमा अनुभवी प्रविधिक जनशक्ति छैन। नयाँ क्षमता भएका जनशक्तिलाई कार्य क्षेत्रमा काम गर्ने वातावरण बनाउनुपर्ने आवश्यकता छ। जनशक्तिको गुणस्तरमा अभिवृद्धि गरिनुपर्छ। योग्य जनशक्तिको निर्माण पनि सोच्नुपर्ने छ। अब बनाउने संरचनाको लागि परामर्शदाता खोज्नुपर्ने बाध्यता छ। दक्ष जनशक्ति उत्पादन गर्ने सके ठूलो मात्रमा निगमको बजेट जोगिन्छ।

निगमले २०७१ असोजबाट स्वचालित प्रणाली लागू गरेको थियो। तर, विभिन्न कारणले स्वचालित प्रणालीअनुसार मूल्य समायोजन नहुँदा यस वर्ष निगमले घाटा बेहोर्नु परेको हो। बाढीपहिरो, चाडवार्ड र निर्वाचनका कारण मूल्य समायोजन भएन। अन्तर्राष्ट्रिय बजारमा ४० प्रतिशतसम्म मूल्यवृद्धि हुनाले निगम घाटामा गएको हो। अहिले निगमको मासिक घाटा २३ करोड रहेको छ। तथापि, आत्तिहाल्नुपर्ने अवस्था छैन।

# म्याद सकिँदा पनि विमानस्थल बनेन

नेपाल समाचारपत्र

काठमाडौं

मुलुककै पुरानो विमानस्थलमध्येको एक सप्तरीको राजविराज विमानस्थल स्तरोन्नती गर्ने काम पटक-पटक प्रभावित हुँदै आएको छ। विमानस्थल सुधारको काम गत वर्ष शुरू भए पनि चाडवाड, चुनावी र चिसो मौसमका कारणले ढिला भई तोकिएको मितिमा काम सम्पन्न नहुने भएको हो ।

तराईमा शितलहर लाग्ने भएकाले चिसो समयमा पिच गर्दा राम्रोसँग नसुक्ने भन्दै फागुनसम्म निर्माण ।कार्य रोकिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। २० डिग्रीभन्दा कम तापक्रममा पिच गर्दा नसुक्ने हुँदा समय सारिएको प्राधिकरणले जनाएको छ। ३० करोड ३० लाख ७४ हजार रुपियाँ लागतमा स्तरोन्ती गर्न लागिएको विमानस्थललाई मंसीर मसान्तसम्म निर्माण सक्ने लक्ष्य लिइएको थियो। रमन/कान्छाराम/देव एन्ड सयर कम्पनीले साझेदारीमा ठेक्का सम्झौता भएको थियो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीतेन्द्रनारायण देवले कार्तिक १६ गतेभित्रै उडान सञ्चालनमा ल्याउने घोषणा गरेका थिए। तर, निर्माण कार्यले गति लिन नसक्दा फागुन मसान्त अघि सञ्चालनमा ल्याउन नसकिने नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो-'समय सिमामै काम सकिने अवस्था थियो तर चाडपर्वमा कामदार अभाव र अहिले चिसोको कारण समय लम्बिएको हो।' विमानस्थलको अधिकांश काम सम्पन्न भइसकेको भए पनि रनवे पिच गर्न बाँकी छ।

प्राधिकरणका प्रवक्ता वीरेन्द्र श्रेष्ठले पिचको काम मात्र बाँकी रहेको हुँदा त्यो चाँडै पूरा हुने बताउनुभयो। उहाँले भन्नुभयो-'द्रुत गतिमा काम भइरहेको छ। चाडबाडले गर्दा कामको रफ्तार कम भएको थियो हाल काम भइरहेको छ।'

प्राधिकरणका इन्जिनियर पुष्पराज न्यौपानेका अनुसार विमानस्थल प्राविधिक हिसाबले एकदमै राम्रो भए पनि विमानस्थलसम्म तय गरिने बाटो भने स्तरोन्नती गर्नु अति आवश्यक भएको बताउनुभयो। पार्किङ वे, टयाक्सी वे र टर्मिनल सानो रहेकाले यसको समेत स्तरोन्नती गरिनुपर्ने न्यौपानेले बताउनुभयो। विमानस्थलको लम्बाईको अवस्था ठिक भए पनि चौडाई भने कम रहेको न्यौपानेको भनाइ छ। 'सेन्टर प्वाइटबाट ग्रेट १ सय ५० देखि दुवैतिर ३ सय मिटर चौडा हुनुपर्ने हो। तर, सय मिटर मात्र रहेको छ,' न्यौपानेले भन्नुभयो-'विमानस्थलको रनवे लम्बाई १५ सय मिटर रहेको छ भने ३० मिटर चौडाई रहेको छ। साथै चार वटासम्म विमान पार्क गर्न सकिन्छ।

# च्याउ खेतीबाट मासिक ५० हजार आम्दानी

कैलाली, (नेस)

स्थानीय गौरीगंगा नगरपालिका-१ गप्काका तपराज भट्ट व्यावसायिकरूपमै अर्गानिक च्याउ खेती गरेर उहाँले घरमै बसीबसी राम्रो कमाई गरिरहनुभएको छ। गाउँका युवा पैसा कमाउन विदेशतर्फ गइरहेका बेला करिब ४० वर्ष शिक्षण पेशा गरेर अवकास हुनुभएका ६१ वर्षीय भट्ट भने व्यावसायिक च्याउ खेतीमा जम्नुभएको छ। यसैबाट उहाँले मासिक ५० देखि ७० हजार रुपियाँसम्म कमाइ राख्नुभएको छ।

६ वर्षअघि शिक्षण पेशासँग घरमा साइडमा च्याउ खेती शुरू गरे पनि एक वर्ष पहिला शिक्षण पेशाबाट रिटायर भएपछि सम्पूर्ण समय च्याउ खेतीमै दिएको उहाँले बताउनुभयो।

'शुरूका एक, दुई वर्षसम्म त च्याउ खेती गरेर अनुभव मात्र लिइयो,' उहाँले भन्नुभयो-'त्यसपछि भने राम्रो आम्दानी दिन थालेको छ।' उहाँका अनुसार सातामा ३० देखि ३५ किलोसम्म च्याउ उत्पादन हुन्छ। गोब्रे च्याउ उत्पादन गर्ने सुदूरपश्चिमकै आफू एक्लो किसान रहेको पनि उहाँको दाबी रहेको छ। 'उत्पादित च्याउ बिक्री गर्न बजार पुर्‍याउनै पर्दैन, ग्राहक घरसम्मै आएर किनेर लैजान्छन्।' उहाँले भन्नुभयो।

२०७४, पुस
आइतबार
१६

मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर-१ मा निर्वाचित कृष्णप्रसाद दाहालले औद्योगिक वातावरण तयार पार्न आफूहरु तयार रहेको बताउनुभयो। प्रतिनिधिसभा क्षेत्र नम्बर-२ मा निर्वाचित विरोध खतिवडाले दामन, पालुङ क्षेत्रलाई पर्यटकीयरुपमा विकास गर्दै लैजानुपर्ने बताउनुभयो। नेपाल उद्योग वाणिज्य महासंघ पूर्वअध्यक्ष चण्डीराज ढकालले आर्थिक गतिविधिलाई अगाडि बढाउन आफूहरु लागिपरेको बताउनुभयो।




# गुणस्तर नपुऱ्याउने ४३ कम्पनीविरूद्ध ५० मुद्दा

नेपाल समाचारपत्र

काठमाडौं

पछिल्लो समय बजारमा दूषित तथा न्यून गुणस्तरको खाद्य पदार्थको बिगबिगी बढेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ। चालू आर्थिक वर्षको पहिलो चार महिनामा विभागले गरेको प्रगति विवरण सार्वजनिक गर्दै विभागले बजारमा पाइने अधिकांश खाद्य पदार्थ मानव स्वास्थ्यका लागि प्रतिकूल रहेको जनाएको छ।

बजारमा उपलब्ध खाद्य तथा पेय पदार्थमध्ये पानी, दूध तथा दुग्ध पदार्थ सबैभन्दा दूषित रहेको विभागको भनाइ छ। पहिलो चौमासिक अवधिमा विभागले गरेको नमूना परीक्षण गर्दा ९ सय ३ नमुनामध्ये १ सय १५ नमूना प्रतिकूल पाइएको हो। प्रतिकूलमध्येमा सबैभन्दा बढी प्रशोधित पिउने पानी र दूधमा देखिएको विभागले जनाएको छ।

चार महिनामा सबैभन्दा धेरै प्रशोधित पिउने पानीको ३८ वटा नमूना मानव स्वास्थ्यका लागि प्रतिकूल पाइएको हो। यस समयमा विभागले प्रशोधित पिउने पानीका ५ मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालयमा दायर गरेको थियो।

विभागका अनुसार परीक्षणका क्रममा दूध तथा दुग्ध पदार्थका २० नमुना र खाद्यान्न तथा दलहनका १८ नमूना प्रतिकूल पाइएको थियो। त्यस्तै तेल तथा घ्युका ९ नमुना, गुलियो पदार्थ ९, फल तथा सागपात पदार्थका ४ नमुना, दाना पदार्थ २ र बाँकी अन्य खाद्य पदार्थका नमूना प्रतिकूल रहेको विभागले जनाएको छ।

**सय ३ नमुनामध्ये १ सय १५ नमूना प्रतिकूल पाइएको छ। प्रतिकूलमध्येमा सबैभन्दा बढी पिउने पानी र दूधमा रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाएको छ।**

सेवन गर्न अयोग्य नमूना भेटिएपछि विभागले सरकारी संस्थान डीडीसीसहित विभिन्न उत्पादक तथा बिक्रेता कम्पनीविरुद्ध सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा ४३ वटा कम्पनी तथा वितरकविरुद्ध ५० वटा मुद्दा दायर गरेको छ। विभागले खाद्य ऐन, २०२३ अनुसार न्यून गूणस्तरका २५ मुद्दा र दूषित खाद्य पदार्थका १८ मुद्दा दायर गरेको हो। त्यस्तै बाँकी ७ लेभल सम्बन्धी रहेका थिए।

विभागले दायर गरेको मुद्दामध्ये ५ वटा मुद्दा बाराको श्री एग्रो प्रोसेसिङ एन्ड इन्डस्ट्रिजविरुद्ध छ। कम्पनीले न्यून गुणस्तरको प्रशोधित सूर्यमुखी तेल र आयातित तोरीको तेल उत्पादन तथा बिक्री वितरण गर्ने गरेको पाइएको हो। त्यस्तै मकवानपुरको चुरियामाई बेकरी उद्योगलाई पनि लेबलसम्बन्धी ३ मुद्दा र सर्लाहीको चन्द्रेश्वर किराना पसललाई न्यून गुणस्तरको डेरी तथा वनस्पति घ्यु बिक्री वितरण गरेकोमा २ वटा मुद्दा हालिएको छ। त्यस्तै अन्य ४० कम्पनीविरुद्ध पनि विभिन्न आरोपमा मुद्दा दायर भएको छ।

दायर गरिएका मुद्दामध्ये सबैभन्दा बढी तेल र तेलजन्यसम्बन्धी १३ मुद्दा रहेका छन्। त्यस्तै खाद्यान्न, दलहन र सोबाट बनेका पदार्थका १०, दुग्ध पदार्थका ९, फलफूल र मिठाइका ३/३ मुद्दा रहेका छन्। विभागले सबैभन्दा धेरै केन्द्रीय कार्यालयबाट १७, हेटौंडा र त्यसअन्तर्गतका इकाईबाट १५, विराटनगरअन्तर्गत इकाईबाट ३, भैरहवाअन्तर्गत इकाईबाट ८, नेपालगन्जअन्तर्गत इकाईबाट ३ र धनगढीअन्तर्गत इकाईबाट ४ मुद्दा दायर गरेको थियो।

विभागले चार महिनाको प्रगति विवण सार्वजनिक गर्दै यस अवधिमा खाद्य आयात नियमन, खाद्यस्तर निर्धारण, प्रयोगशाला सेवा, परिकार विकास तथा अनुसनधान, तालिम, सचेतना कार्यक्रमलगायत अन्य काम पनि भएको जनाएको छ।

## तरलता समस्या सम्बोधन गर्न माग

काठमाडौं, (नेस)

नेपाल उद्योग परिसंघले पछिल्लो समय बैंकिङ प्रणालीमा देखिएको तरलता समस्या तत्काल समाधान गर्न माग गरेको छ। परिसंघले विज्ञप्ति जारी गर्दै तरलता संकटका कारण बैंकहरूको घट्दो लगानी आउने तथ्यलाई गम्भीरतापूर्वक मनन् गरी यस समस्यालाई सम्बोधन गर्न नेपाल राष्ट्र बैंकबाट नीतिगत सुधारको अपेक्षा गरेको छ।

परिसंघले भनेको छ-'तरलताको संकटले गर्दा बैंकिङ प्रणालीबाट प्रवाहित कर्जाको ब्याजदरमा नाटकीय ढंगले वृद्धि भएको छ।' यसले उत्पादन लागत वृद्धि भई उद्योग र व्यावसायिक क्षेत्रको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने, निर्यात हतोत्साहित हुने, आयात तीव्र गतिले बढ्ने र समग्र लगानीमा संकुचन आउने सम्भावना रहेको परिसंघको ठहर छ।

त्यस्तै कूल गार्हस्थ उत्पादन, रोजगारी र आर्थिक गतिविधिमा पनि शिथिलता आएको परिसंघको बुझाई छ।

यसअघिसमेत यस्तो किसिमको समस्या समाधानमा नेपाल राष्ट्र बैंकको पहलबाट समस्या केही समाधान भएकोले पुन: यो समस्या देखिनुमा संरचनात्मक र नीतिगत तहमै परिवर्तन गरिनुपर्ने आवश्यकता रहेको परिसंघको दाबी छ। दीर्घकालीन समयमा व्यवसायीले पूर्वानुमानको आधारमा उद्योग व्यवसाय निर्वाध ढंगले गर्न पाउनुपर्ने माग राखेको छ।

आवश्यक पुँजी अर्थ व्यवस्थामा लगानी गर्न सके देशले चाहे बमोजिम दिगो, फराकिलो र उच्च आर्थिक विकास हासिल गर्न सकिने दाबी गर्दै परिसंघले तरलता समस्या सम्बोधनमा सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंकले ठोस कदम चाल्नुपर्ने जनाएको छ।

## समृद्ध नेपालको नेतृत्व निजी क्षेत्रले गर्ने

हेटौंडा

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष भवानी राणाले समृद्ध नेपालको नेतृत्व अब निजी क्षेत्रले गर्ने बताउनुभएको छ। नयाँ संविधान आएसँगै निजी क्षेत्र उत्साहित रहेको भन्दै उहाँले अब राजनीतिक स्थिरतासँगै आर्थिक समुन्नतिको बाटोमा अग्रसर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

मकवानपुर उद्योग वाणिज्य संघको ५१औं वार्षिक साधारणसभा शनिबार हेटौंडामा उद्घाटन गर्दै अध्यक्ष राणाले नेपाल नयाँ युगमा प्रवेश गरेको र अब नयाँ नेपालमा हुने आर्थिक समृद्धिको नेतृत्व लिन उद्योगी व्यवसायी तयार हुनुपर्ने बताउनुभयो। अध्यक्ष राणाले भन्नुभयो-'अबको लक्ष्य आर्थिक समृद्धिको हुनुपर्छ।' उहाँले आर्थिक समृद्धिका लागि आफूहरू सरकारसँग मिलेर काम गर्न तयार रहेको बताउनुभयो। अहिले पनि उद्योगी व्यवसायी करको दोहोरो मारमा परेको बताउँदै उहाले अबको प्रादेशिक संरचनामा आफूहरूलाई त्यसको मारमा नपार्न आग्रह गर्नुभयो।

अध्यक्ष राणाले अब पाँच वर्ष स्थिर सरकार बन्ने र त्यो आफूहरूका लागि खुशीको कुरा भएको भन्दै त्यससँगै उद्योग कलकारखाना स्थापना र व्यवसायीले ढुक्कसँग व्यापार व्यवसायी गर्ने विश्वास व्यक्त गर्नुभयो। राणाले निजी क्षेत्रले स्थानीय सरकारसँग मिलेर मुलुकको समृद्धिका लागि काम गर्ने बताउँदै मुलुक समृद्धिका लागि अपार सम्भावना बोकेका पर्यटन, कृषि, जलविद्युत्जस्ता क्षेत्रमा निजी क्षेत्रले सहकार्य गर्ने धारणा व्यक्त गर्नुभयो।

साधारणसभामा मउवा संघ अध्यक्ष राजकुमार न्यौपानले आफ्नो कार्यकालमा भएका उल्लेखनीय काम र आर्थिक बचतसमेतको खाका पेश गर्नुभएको थियो। आफ्नो कार्यकालमा ४० लाख बचत भएको उहाँले बताउनुभयो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ उपाध्यक्षहरू चन्द्रप्रसाद ढकाल र उमेशलाल श्रेष्ठ, महिला उद्यमी विकास समिति केन्द्रीय सभापति कमला श्रेष्ठलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

## इन्टेरिएर डिजाइन प्रदर्शनी सम्पन्न



नेपाल समाचारपत्र

काठमाडौं

आईईसी कलेज अफ आर्ट एन्ड फेसनको सन् २०१५ का ब्याचका विद्यार्थीले इन्टेरिएर डिजाइन प्रदर्शनी आयोजना गरेका छन्। 'डी आर्क इन्टेरियो स्किमा-७' नाम दिइएको उक्त प्रदर्शनी विद्यार्थीको थेसिसको फाइनल प्रस्तुती दुई दिनसम्म चलेको थियो।

प्रदर्शनीमा उक्त ब्याचका २६ जना विद्यार्थीले बनाएका इन्टेरिएर डिजाइनका नमूना प्रदर्शनी गरिएको थियो। यस प्रस्तुतीबाट विद्यार्थीको स्नातकस्तरको अन्तिम मूल्यांकन भएको हो। शुक्रबार नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उद्घाटन गर्नुभएको प्रदर्शनीको समापन शनिबार नायिका श्वेता खड्काको प्रमुख तथा मिस नेपाल २००२ मालिभका सुब्बाको विषेश आतिथ्यतामा सम्पन्न भएको हो।

प्रदर्शनी सम्बन्धित विश्वविद्यालयको प्रयोगात्मक परीक्षाको रूपमा रहेको थियो। प्रदर्शनीले इन्टेरिएर डिजाइनिङको महत्व अवलोकनकर्ता सामू पुऱ्याउने तथा विद्यार्थीको मेहेनतको बारेमा उद्यमी तथा ग्राहकले जानकारी पाउने बताइएको छ।

कार्यक्रमको समापन समारोहमा बोल्दै सुब्बाले पछिल्लो समय इन्टेरिएर डिजाइनको महत्व बढेको बताउनुभयो। उहाँले भन्नुभयो- 'मानिसमा नयाँ नयाँ प्रयोग गर्ने बानीले यसको महत्व सबैमा बढेको हो। अझ सुन्दर घर निर्माण तथा यसको सजावट सबैको आकांक्षा हुन्छ। यसमा आईईसीले खेलेको भूमिका अतुलनीय छ।'

त्यस्तै इन्टेरियर डिजाइनको सिद्धान्त तथा अभ्यासका बारे जानकारी दिन मेलाले महत्पूर्ण भूमिका खेल्ने आयोजकमध्येकी एक निशा तुलाधरको भनाइ छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै तुलाधरले भन्नुभयो- 'कलेजको सहयोगमा हामी यस किसिमको कार्यक्रम गर्न सफल भयौं। यसबाट हाम्रो मार्केटिङ हुने, यस्ता कार्यक्रम आयोजना गर्दा एक्स्पोजर बढ्ने तथा व्यक्तित्व विकासमा पनि सहयोग पुग्ने गर्छ।' यसबाट सबैको फिडब्याक पनि पाइने भएकाले कमजोरी सुधार्दै भविष्यमा आफ्नो पेशामा भिजेर लाग्न मद्दत पुग्ने उहाँको बुझाइ थियो।

प्रदर्शनीमा इन्टेरिएर डिजाइनका मोडल डिस्प्ले, प्रोडक्ट डिजाइन डिस्प्ले, पेपरवर्क, स्मार्ट फर्निचर डिस्प्ले, सांगितीक प्रस्तुति आकर्षणको केन्द्र रहेका थिए। प्रदर्शनीको मूख्य प्रायोजक पशुपति पेन्टस् रहेको थियो। सन् १९९७ मा स्थापना भएको आईईसी कलेज फेसन तथा इन्टेरिएर डिजाइन कलेज हो।

## स्याउले १३२ केभी सबस्टेसन चालू आवभित्रै

डडेल्धुरा, (नेस)

डडेल्धुरा जिल्ला सदरमुकामबाट ३ किलोमिटरको दूरीमा रहेको स्याउले बजार नजिकै दुधकाँडेमा निर्माणाधीन १ सय ३२ केभी सबस्टेसन आयोजनाको निर्माण कार्य द्रुतगतिमा अघि बढेको छ। चालू आर्थिक वर्षभित्रै आयोजनाबाट सबस्टेशन निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ द्रुतगतिमा निर्माण कार्य भइरहेकाले सबस्टेशनको सेवा चाँडै आरम्भ हुने आयोजनाले जनाएको छ।

प्रदेश नं. ७ का साता पहाडी जिल्लाको विद्युत वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यले सबस्टेसन निर्माण गर्न लागिएको हो।

स्याउले १ सय ३२ केभी सबस्टेसन आयोजनाको निर्माण कार्यको ठेक्का पाएको इस्ट इन्डिया उद्योग र वाईवा इन्फाटेक जेभीले निर्माण कार्य द्रुतगतिमा अघि बढाएको आयोजना प्रमुख रमेशप्रसाद पौडेलले जानकारी दिनुभयो। आयोजनाको स्थलगत निरीक्षणमा क्रियाशील आयोजना प्रमुख पौडेलले सबस्टेसन निर्माणका लागि सिभिलतर्फको झण्डै ९० प्रतिशत काम सम्पन्न भएको र इलोक्ट्रिकलतर्फको पनि ६० प्रतिशत काम सम्पन्न भइसकेको बताउनुभयो। उहाँले भन्नुभयो- 'निर्माण कार्य द्रुत गतिमा अघि बढाउन निर्माण कम्पनीलाई निर्देशन दिइएको छ।' निर्माण कम्पनीहरूले पनि निर्देशनअनुसार नै द्रुत गतिमा निर्माण कार्य बढाएको उहाँको दाबी छ।

सबस्टेसन निर्माण भएपछि प्रदेश नं. ७ का पहाडी जिल्लाको विद्युत् वितरण प्रणाली सुदृढ हुने अपेक्षा राखिएको आयोजना प्रमुख पौडेलले बताउनुभयो। उहाँले हालको केन्द्रीय प्रसारणलाइनका साथै यस क्षेत्रमा भविष्यमा निर्माण गरिने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रदेश नं. ७ का ७ वटै जिल्लामा आपूर्तिका लागि सबस्टेसन उपयोगी हुने जानकारी दिनुभयो।

आयोजनाका लागि नेपाल विद्युत प्राधिकरण डडेल्धुरा वितरण केन्द्रबाट खटिनुभएका साइट इन्चार्ज चेतराज भट्टले सबस्टेसन निर्माण गर्न २८ करोड रुपियाँ लागत अनुमान गरिएकोमा घटाघटीमा ठेक्का सम्झौता भएको जानकारी दिनुभयो। भीमदत्त राजमार्गको स्याउले बजारदेखि सबस्टेसनसम्म करिब १ किलोमिटर पक्की सडक निर्माण सम्पन्न भइसकेको र आयोजनाका लागि आवश्यक ४ ओटा भवनसँगै बाउन्ड्री वाललगायत स्वीचयार्डका संरचना निर्माण कार्य अन्तिम चरणमा पुगेको भट्टले बताउनुभयो।

हाल त्यस क्षेत्रमा अत्तरिया-डडेल्धुरा-दीपायल ३३ केभी प्रसारण लाइनमार्फत् विद्युत प्रसारण गरिएको छ। डडेल्धुरा र दीपायलमा रहेका ३३ र ११ केभीको सबस्टेसनबाट ३३ केभी विद्युत् ११ केभीमा परिणत गरी वितरण गर्दा हावाहुरीका कारण दिनहुँ विद्युत् आपूर्ति बन्द हुने समस्या देखिएको छ। १ सय ३२ केभी सबस्टेसन नहुँदा विद्युत् प्रसारण चुहावट बढी भएको र भोल्टेज ड्रप हुने समस्या देखिएकाले स्याउले १ सय ३२ केभी सबस्टेसन आयोजनाले सबस्टेसन निर्माण गर्न थालेको नेपाल विद्युत् प्राधिकरण डडेल्धुरा वितरण केन्द्रले जनाएको छ।

दार्चुलाको बलाचमा निर्माणाधीन ३० मेगावाट क्षमताको चमेलिया जलविद्युत् आयोजना र भविष्यमा निर्माण हुने विद्युत् गृहबाट उत्पादित विद्युत केन्द्रीय प्रसारणलाइनमा जडान गर्न पनि सबस्टेसन आवश्यक भएकाले आर्थिक वर्ष २०७०/७१ मा सबस्टेसन निर्माणका लागि सर्भे तथा सम्भाव्यता अध्ययन कार्य शुरू गरिएको थियो।

## काभ्रे सुनचाँदी व्यवसायी संघमा नयाँ नेतृत्व

काभ्रे, (नेस)

नेपाल सुनचाँदी व्यवसायी संघ काभ्रेको तेस्रो अधिवेशनले दानकाजी शाक्यको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ। शनिबार धुलिखेलमा सम्पन्न अधिवेशनले उपाध्यक्षमा उमेश शाक्य, महासचिवमा निरन शाक्य र कोषाध्यक्षमा विकास शाक्यलाई चयन गरेको हो।

नेपाल सुनचाँदी महासंघका केन्द्रीय अध्यक्ष मोहन कुमार सुनारको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले कार्यसमिति सदस्यमा विकास शाक्य, ध्रुवकृष्ण ताम्राकार, राजेन्द्र शाक्य र दीपकरत्न शाक्यलाई निर्वाचित गरेको छ।

अधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि महासंघका केन्द्रीय अध्यक्ष सुनारले नीति नियम र कानुनको अभावमा सुनचाँदी व्यवसायमा धेरै समस्या भोग्दै आइरहेको बताउनु भएको थियो। उहाँले सुन खरिदमा कोटा प्रणाली खारेज गरी व्यवसायीले चाहेको जति खरिद गर्न पाउनुपर्ने माग गर्नुभएको थियो। अधिवेशनमा सुनचाँदी व्यवसायीको ज्यालाजर्तीमा एकरूपता नभएको भन्दै उहाँले कानुन बनाएर यसमा एकरूपता ल्याउनुपर्नेमा जोड दिनु भएको थियो।

कार्यक्रका नवनिर्वाचित सांसद गोकुल बाँस्कोटाले सुनचाँदी व्यवसायीको अप्ठेरोको बारेमा नीति नियम बनाउन आफूले पहल गर्ने बताउनुभएको थियो। कार्यक्रममा बोल्दै सांसद बाँस्कोटाले 'समृद्ध काभ्रे, सुखि काभ्रेली'को नारालाई सरकार गठनसँगै पूरा गर्ने प्रतिबद्धता पनि दोहोऱ्याउनुभयो। अब बन्ने सरकारले देश निर्माण गर्ने भएकाले व्यवसायी तथा निजी क्षेत्रले सरकारलाई सघाउनु पर्ने उहाँको भनाइ थियो। उहाँले भन्नुभयो- 'यसका लागि व्यवसायीले सरकारलाई तिर्नुपर्ने कर समयमा तिर्नुपर्छ।'



नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com

# विराटनगर वारियर्स ईपीएल च्याम्पियन

काठमाडौं, (नेस)




अन्तिम ओभरमा अनिल शाहको बलिङ उत्कृष्ट बनेपछि विराटनगर वारियर्सले टीभीएस एभरेस्ट प्रिमियर लिगको उपाधि जितेको छ। कीर्तिपुरस्थित त्रिवि मैदानमा शनिबार भएको फाइनल खेलमा विराटनगर वारियर्सले भैरहवा ग्लाडियटर्सलाई १ रनले हराएको हो। पारस खड्काको टोलीले पहिलो पुरस्कार २१ लाख रुपियाँ प्राप्त गर्दा भैरहवा ग्लाडियटर्सले ८ लाख नगदमै चित्त बुझाउनुपर्‍यो। कप्तान सरद भेषवाकरले फाइनलमा ५२ रन जोडे पनि भैरहवाले विराटनगरसँग बदला लिन सकेन। यसअघि यसै लिगमा दुई पटक भैरहवा सोही प्रतिद्वन्द्वीसँग हारेको थियो।

फाइनलमा भने भैरहवाले जित्ने मौका त्यसै गुमायो। अन्तिम ओभरमा १ सय ५० रनको लक्ष्यमा पुग्न मात्र ९ रनको आवश्यक थियो र हातमा ४ विकेट सुरक्षित थियो। अनिलको बलिङमा भैरहवाका खेलाडी चुके। त्यसो त अनिलको पहिलो बललाई कृष्ण कार्कीले बाउन्ड्री पार गराएर जितको लागि ५ बलमा ५ रनको सजिलो समीकरण बनाए।

तर कृष्ण दोस्रो बलमा बोल्ड भए भने तेस्रो बलमा रन बनेन। चौथो बलमा भुवन कार्की रन नआउने ठाउँमा अनावश्यक दौडे र रनआउट भए। यसपछि विराटनगर खेलमा फर्कियो। पाँचौ बलमा दबाबमा रहेका पुनीत मिश्र पनि अनिलको सिकार बने। त्यसपछि एक बलमा पाँच रन बनाउनुपर्नेमा भुपेन्द्र थापाले तीन रन बटुल्दा भैरहवा १ सय ४८ रनमै सीमित भयो। विराटनगरको बलिङमा अनिलले सात रन दिएर ३ विकेट लिए।

यसअघि विराटनगरले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय ४९ रन जोडेको थियो। जसमा हङकङका खेलाडी अंशुमान राठले सर्वाधिक ४१ रनको योगदान दिए। अर्का हङकङ खेलाडी बाबर हयातले प्लेयर अफ टुर्नामेन्ट घोषित भएर टीभीएस अपाचे आरटीआर २ सय सीसीको मोटरबाइक प्राप्त गरे।

# आर्मी र एपीएफ विजेता

पोखरा, (नेस)

नेपाल एपीएफ क्लबलाई सोझो सेटले पराजित गरेर त्रिभुवन आर्मी क्लब ३१औं पुरुष राष्ट्रिय भलिबल प्रतियोगितामा च्याम्पियन बनेको छ।

आर्मीले शनिबार भएको फाइनल खेलमा एपीएफविरुद्ध २५-१२ सेटले अग्रता लियो। एपीएफको डिफेन्स कमजोर भएकोले आर्मीको लागि अधिकांश स्पाइक गरेको बल अंकमा परिणत हुन पुग्यो। उनीहरूको ब्लक प्रभावकारी देखिए। दोस्रो सेट पनि आधा अंककै फरकमा लियो। २५-१३ मा दोस्रो सेट लिएको आर्मीले तेस्रो सेटमा पनि २५-१५ मा एपीएफलाई निरिह बनाई उपाधि रक्षा गर्‍यो। आर्मीले नगद ५० हजार रुपियाँ पायो।

पश्चिमाञ्चलले पुरुषतर्फ तेस्रो स्थानमा चित्त बुझाउन ठूलै संघर्ष गर्नुपर्‍यो। पहिलो सेट लिएर उत्साह देखाएको पश्चिमाञ्चललाई दोस्रो र तेस्रो सेट जितेर पुलिसले दबाब सृजना गर्‍यो। चौथो सेट पश्चिमाञ्चलले लिएपछि खेल प्रतिस्पर्धा रोमान्चक बन्न पुग्यो। पश्चिमाञ्चलले २५-२२, २०-२५, २१-२५, २५-१६ र अन्तिम सेट १८-१६ मा लिँदै घरेलु मैदान र दर्शकको समर्थनलाई निराशामा बदल्नबाट जोगायो। उपविजेता बनेको सशस्त्रले नगद ३० हजार र तेस्रो स्थान ओगटेको पश्चिमाञ्चलले २० हजार रुपियाँ नगद पुरस्कार लिए।

महिलातर्फको प्रतिस्पर्धामा भने डिफेन्डिङ च्याम्पियन एपीएफले मध्यमाञ्चललाई सोझो सेटमा पराजित गर्दै उपाधि उचाल्यो। २५-१८, २५-१४ र २५-१० सेटले पराजित गर्दै एपीएफले उपाधि जोगायो।

## घरहरा

### आलोपालो सान्त्वना



वाम गठबन्धनका मुख्य 'लमी' मानिएका एमाले उपाध्यक्ष वामदेव गौतम संसदीय निर्वाचनमा पराजित भएपछिको टीकाटिप्पणी अझै सकिएको छैन। वामपन्थी नेताहरू हरेक दिनजसो गौतमलाई सान्त्वना दिइरहेका छन्, वाम गठबन्धनभित्रै उनलाई खुच्चिङ भन्नेहरू पनि धेरै छन्।

गौतमलाई सान्त्वना दिने नेताहरूको अग्रसूचीमा पर्छन् माओवादी अध्यक्ष प्रचण्ड। शनिबार गौतमकै पुस्तक विमोचन कार्यक्रममा प्रचण्डले सान्त्वनाका शब्द खर्चिए र भने- 'गौतम पराजित हुँदा नमिठो लागेको छ।' केही अपवादबाहेक त्यस्तै सान्त्वनाका शब्द माओवादीका नारायणकाजी श्रेष्ठलाई खर्चिएको भने धरहरा विरलै देख्छ। सायद उनलाई खुच्चिङ भन्नेहरू धेरै भएर पो हो कि ?

अहिले एमाले र माओवादीबीचको वाम घटक मिलेर एउटै पार्टी बनाउने तयारी भइरहेका बेला दुवै पार्टीका धेरै नेताहरू महत्त्वपूर्ण पदबाट बाहिरिने सम्भावना उच्च छ। अर्थात् राष्ट्रिय राजनीतिको 'फ्रन्ट लाइन'बाट धेरै नेता ओझेल पर्ने निधो छ। अहिले निर्वाचनमा पराजित गौतम र श्रेष्ठ फ्रन्ट लाइनमा आउने सम्भावना पनि उत्तिकै छ।

खुच्चिङ भन्नेहरू ओझेल पर्ने सम्भावना झनै उच्च छ। गौतम र श्रेष्ठलगायतले पार्टी एकीकरणपछि भन्नेछन्- 'नचाहँदा नचाहँदै पनि एक्टिभ नेताहरू फ्रन्ट लाइनबाट बाहिरिनुभएको छ, धेरै दुःख लागेको छ।'

# भारतमा नेपाललाई १६ स्वर्ण

काठमाडौं, (नेस)

भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न तेस्रो दक्षिण एसियाली अन्तर्राष्ट्रिय कराते तथा किकबक्सिङ च्याम्पियनसिप प्रतियोगितामा नेपालले १६ स्वर्ण जित्न सफल भएको छ। प्रतियोगितामा नेपालका तर्फबाट प्रतिनिधित्व गरेका जापान गोजुरीयो कराते डु मिसन संघका २१ खेलाडी सबैले पदक जितेको संघका अध्यक्ष एव संस्थापक केबिराना काजीले जनाए। स्वर्ण पदक विजेता खेलाडीहरूमा साहिल गुरुङ, प्रशान्त थापा, प्रशुन शाही, डिब्बिन गुरुङ, रिजन पाण्डे, एलिशा घिमिरे, शिवम बस्नेत, रोशन राना, सुमन परियार, शिवानी बस्नेत, शुष्मा पाण्डे, विपना जीएम, मेखबहादुर जीएम, विपिन राना, राजकुमार हरिजन र सञ्जय चौधरी रहेका छन्। मार्सल आर्ट्स स्कुल एसोसियसन अफ इन्डियाको आयोजनामा भएको प्रतियोगितामा भारतीय टिम दोस्रो स्थान र श्रीलंकाको टिम तेस्रो स्थानमा रहे।

# अटो जिमखाना च्याम्पियनसिप सम्पन्न




काभ्रे, (नेस)

नेपालमा पहिलो पटक भक्सवागन राष्ट्रिय अटो जिमखाना च्याम्पियनसिप सम्पन्न भएको छ। धुलिखेलको हिमालयन मोटर ल्यान्डमा शनिबार आयोजना गरिएको उक्त प्रतियोगितामा ४१ प्रतिस्पर्धीले भाग लिएका थिए। कार रेसमा काठमाडौंका सुरेन्द्र प्रधान प्रथम भएका छन्। पहिलो भएका प्रधानले सन् २०१८ मा इन्डोनेसियामा हुने एसियन अटो जिमखाना च्याम्पियनसिपमा भाग लिन पाउने छन्। प्रतियोगितामा विदुर पौडेल दोस्रो र रिक्कि देउला तेस्रो भए। दोस्रो भएका गौतमले नेपाल, भारत र भुटानको ट्राय मोटर र्‍यालीमा सहभागी हुन पाउनेछन्।

नेपाल मोटर स्पोर्टस् क्लब, नेपाल अटोमोबाइल स्पोर्टस् एसोसिएसन (नासा) र काठमाडौं जिल्ला खेलकुद विकास समितिको सहयोगमा सो मोटर रेस आयोजना भएको हो।

# देउरालीलाई उपाधि

कास्की, (नेस)

अन्नपूर्ण पर्यटन महोत्सवअन्तर्गत ल्होसार मेलामा आयोजित पुरुष तथा महिला भलिबल प्रतियोगितामा देउराली युवा क्लब र ताङतिङ युवा क्लब विजेता बनेका छन्।

पुरुष भलिबलतर्फ शनिबार भएको फाइनल खेलमा हंसुपरको देउरालीले सेन्चुरी युवा क्लब छोम्रोङलाई ३-२ को प्रतिस्पर्धात्मक सेटमा हराएको हो। देउरालीले २५-२२, १७-२५, २५-२१, २०-२५ र ६-१५ को सेटमा छोम्रोङलाई पाखा लगायो। छोम्रोङका दिलबहादुर राना उत्कृष्ट खेलाडी घोषित भए भने विजेता टोलीले १ लाख र उपविजेताले ६० हजार रूपैयाँ प्राप्त गरे।

महिला भलिबलतर्फ कास्कीकै ताङतिङले न्यु डायमन्ड एकेडेमी काठमाडौंलाई २५-१६, २५-१७ र २५-२२ को सोझो सेटले हरायो। महिला भलिबलमा न्यु डायमन्डकी करिना सुनुवार उत्कृष्ट खेलाडी भइन्। विजेताले ४० हजार र उपविजेताले २५ हजार रुपियाँ प्राप्त गरे।

# अरहान्त र भावना च्याम्पियन

काठमाडौं, (नेस)

अरहान्तकेशर सिंह र भावना सुनुवारले राखेप च्याम्पियनसिप १०औं राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष र महिला एकलतर्फ उपाधि जितेका छन्। सातदोबाटोमा भएको पुरुष एकल फाइनलमा मध्यमाञ्चलका अरहान्तले पश्चिमाञ्चलका अमृत थापा मगरलाई ८-११, ११-९, ११-५ र ११-७ को सेटमा पराजित गरे। महिला एकल फाइनलमा मध्यमाञ्चलकी भावनाले पश्चिमाञ्चलकी कृष्णा थापालाई ११-६, ११-६, ६-११ र ११-७ को सेटमा हराइन्।

ARISTON
Made in Italy
Breathing new life into the conventional water heater.
HOME FURNISHERS PVT. LTD.
होम फर्निशर्स प्रा. लि.
Tripureshwor, (Way to Thapathali)
Kathmandu, Nepal.
Ph.: 977-1-4254601, 977-1-4262240
E-mail: bath@wlink.com.np

NS तथा ISO प्रमाणित
शक्तिशाली र विश्वासिलो निर्माणको लागि
... कण कणमा शक्ति भएको
तेज सिमेन्ट
सम्पर्क फोन: ०१-४४३६३२८, ०४१-६९१९५३




सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्ड्स् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR:
NIC ASIA
IME International Money Express
KILOMETER
नेपाल टेलिकम

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

विधाः सर्वोत्कृष्ट चलचित्र
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

विधाः सर्वोत्कृष्ट निर्देशक
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेता
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

विधाः सर्वोत्कृष्ट अभिनेत्री
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

विधाः सर्वोत्कृष्ट खलपात्र
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

विधाः सर्वोत्कृष्ट हास्य कलाकार
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

विधाः सर्वोत्कृष्ट संगीतकार
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायक
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वरूपराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

विधाः सर्वोत्कृष्ट पार्श्व गायिका
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

विधाः लक्स पपुलर च्वाइस अवार्ड
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ